# भारतबाट नेपाललाई प्राप्त हुने विप्रेषणसम्बन्धी अध्ययन

(नयाँ दिल्ली सर्वेक्षणमा आधारित)


**नेपाल राष्ट्र बैंक**

**केन्द्रीय कार्यालय**

२०६४ आषाढ

# “भारतबाट नेपाललाई प्राप्त हुने विप्रेषण” सम्बन्धी कार्यदलद्वारा तयार गरिएको प्रतिवेदन

| | |
|---|---|
| संयोजक | निर्देशक, आर्थिक विश्लेषण शाखा (अनुसन्धान विभाग) |
| सदस्य | उप-निर्देशक, आर्थिक विश्लेषण शाखा (अनुसन्धान विभाग) |
| सदस्य | उप-निर्देशक, अन्तर्राष्ट्रिय वित्त शाखा (अनुसन्धान विभाग) |
| सदस्य | उप-निर्देशक, विदेशी विनिमय व्यवस्थापन विभाग |
| सदस्य | सहायक निर्देशक, आर्थिक विश्लेषण शाखा (अनुसन्धान विभाग) |

**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**२०६४ आषाढ**

# मेरो भनाई


विगत केही समयदेखि विदेश गएका नेपाली कामदारहरुबाट प्राप्त हुने विप्रेषण नेपाली अर्थतन्त्रको आधारको रुपमा अगाडि आएको छ । केही विकाशोन्मुख मुलुकहरुमा विदेशी मुद्रा सञ्चिति तथा आन्तरिक एवं बाह्य क्षेत्रसमेतको स्थायित्वलाई कायम राख्न विप्रेंषणले प्रमुख भूमिका खेलेको छ । विप्रेषणबाट अर्थतन्त्रमा पर्न गएका असर सम्बन्धमा छुट्टै अध्ययनको आवश्यकता पनि भइसकेको छ ।

यस परिप्रेक्ष्यमा खाडी तथा अन्य मुलुकहरुबाट प्राप्त हुने विप्रेषणको सम्बन्धमा केही अध्ययनहरु भए तापनि भारतबाट प्राप्त हुने विप्रेषणका बारेमा विस्तृत अध्ययन भएको छैन । खुला सीमाना र परम्परादेखिको सामाजिक र सांस्कृतिक सम्बन्धका कारणले ठूलो संख्यामा नेपाली कामदारहरु भारतमा गई काम गर्ने र बचत गरेको रकम स्वयम् अथवा साथीभाइमार्फत् घर परिवारका लागि पठाउने गरेका छन् । विप्रेषणलाई कसरी प्रभावकारी ढङ्गबाट भित्र्याउन सकिन्छ भन्ने सन्दर्भमा केही संस्थाहरुले कुनै कुनै मुलुकको बारेमा अध्ययन गरेपनि नेपालको सन्दर्भमा खास त्यस्तो अध्ययन भएको थिएन । यसै अभावलाई यस अध्ययनले केही हदसम्म पूरा गरेको छ ।

विप्रेषणसम्बन्धी रहेका विविध समस्याहरुमध्ये यसलाई औपचारिक माध्यमबाट मुलकभित्र भित्र्याउन नसक्नु विद्यमान प्रमुख समस्या हो । यस सम्बन्धमा तेस्रो मुलुकबाट भित्रिने विप्रेषणको ठूलो हिस्सा औपचारिक माध्यमबाट भित्रिने क्रम बढे तापनि भारतबाट प्राप्त हुने विप्रेषण भने अझै पनि ठूलो परिमाणमा अनौपचारिक माध्यमबाट भित्रिने गरेको छ । तसर्थ भारतबाट प्राप्त हुने विप्रेषण औपचारिक माध्यमबाट भित्र्याउन देखिएका समस्याहरु पहिचान गर्न र समस्या समाधान गर्नको लागि चालिनु पर्ने कदमहरुका सम्बन्धमा यो अध्ययन महत्वपूर्ण हुने विश्वास मैले लिएको छु । भारतबाट प्राप्त हुने विप्रेषणमा केन्द्रित रहेर नेपाल राष्ट्र बैंकले गरेको यो पहिलो अध्ययन हो । यो अध्ययन नेपाल-भारत प्रमुख सीमावर्ति नाकाहरु र भारतको नयाँ दिल्लीमा छोटो अवधिमा गरिएको सर्वेक्षणमा आधारित भएकोले भविष्यमा गरिने अझ विस्तृत अध्ययनको निम्ति बढी सहायकसिद्ध हुने विश्वास लिएको छु ।

अन्त्यमा यो अध्ययन प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न अनुसन्धान विभाग र विदेशी विनिमय व्यवस्थापन विभाग सम्मिलित कार्यदलका सदस्यहरु लगायत अध्ययनको क्रममा सहयोग एवं सुझाव प्रदान गर्ने अन्य सबैलाई म धन्यवाद दिन चाहन्छु ।

मितिः २०६४।४।१८



कृष्णबहादुर मानन्धर
का.मु. गभर्नर

# प्राक्कथन

विगत डेढ दशकभन्दा बढी समयदेखि विप्रेषणले नेपाली अर्थतन्त्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । हाल नेपालको विदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोतको रुपमा विप्रेषण रहेको छ भने चालू खाता सन्तुलन र आर्थिक स्थायित्व कायम राख्नमा समेत यसको महत्वपूर्ण योगदान रहेको छ। तथापि विप्रेषणले नेपाली अर्थतन्त्रमा पारेको प्रभावबारे विस्तृत अध्ययन भएको पाइँदैन । त्यसमा पनि भारतबाट प्राप्त हुने विप्रेषणमा केन्द्रित रहेर ज्यादै सीमित अध्ययनहरु भएका छन् ।

खुला सीमाना तथा परम्परादेखिको सांस्कृतिक एवं आर्थिक सम्बन्धको कारण वर्षेनी ठूलो संख्यामा नेपालीहरु कामको खोजीमा भारत जाने गर्दछन् । भारतमा काम गरेर बचत गरेको रकम कामदार आफैले वा साथीभाइमार्फत् नेपालमा ल्याउने कार्य जोखिमपूर्ण रहेको छ भने यसबाट नेपालमा भारतीय मुद्राको प्रचलन समेत बढ्न जाने सम्भावना रहन्छ । भारतबाट नेपाललाई प्राप्त हुने विप्रेषण रकमलाई औपचारिक माध्यमबाट भित्र्याउन सकिएमा नेपाली कामदारहरुले भोग्नु परेका समस्याहरु  निवारण हुनुका साथै भारतीय रुपैयाँको उचित व्यवस्थापनमा समेत मद्दत पुग्ने हुन्छ ।

भारतबाट प्राप्त हुने विप्रेषण सम्बन्धी अध्ययन गर्न नेपाल राष्ट्र बैंकका अनुसन्धान विभाग र विदेशी विनिमय व्यवस्थापन विभाग सम्मिलित एक अन्तर्विभागीय कार्यदल गठन गरिएको थियो । उक्त कार्यदलले तयार गरेको यो अध्ययन प्रतिवेदन नेपाल भारतका सीमावर्ति नाकाहरु र भारतको नयाँ दिल्लीमा गरिएको सर्वेक्षणमा आधारित रहेको छ । नेपाली कामदारले बचत गरेको रकम औपचारिकरुपमा नेपालमा पठाउनको लागि देखिएका समस्याहरु पत्ता लगाई ती समस्याहरु निराकरण गर्नका निम्ति यस अध्ययनले सुझाव दिएको छ । तसर्थ भविष्यमा भारतबाट नेपाललाई प्राप्त हुने विप्रेषणलाई औपचारिक माध्यममार्फत् भित्र्याउन चालिनु पर्ने कदमकाबारेमा यो अध्ययनले दिएका सुझावहरु महत्वपूर्ण हुने विश्वास लिन सकिन्छ ।

यस अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा नेपाल राष्ट्र बैंकभित्र तथा बाहिरबाट विभिन्न व्यक्ति तथा संघसंस्थाहरूबाट सक्रिय सहयोग प्राप्त भएको थियो । सर्वप्रथम प्रतिवेदन तयार गर्ने क्रममा प्राप्त निरन्तर सहयोग, निर्देशन एवं सुझावका लागि विशेषगरी अनुसन्धान विभागका कार्यकारी निर्देशक श्री रामप्रसाद अधिकारीज्यू र विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक श्री रामजी रेग्मीज्यूप्रति कृतज्ञता प्रकट गर्न चाहन्छु । त्यसैगरी 'भारतबाट नेपाललाई प्राप्त हुने विप्रेषणसम्बन्धी' अध्ययन कार्यदलका सदस्यहरु उप-निर्देशक डा. नेफिल मातङ्गि मास्के, उप-निर्देशक श्री शालिग्राम दाहाल, उप-निर्देशक श्री विनोदुकमार तण्डुकार र सहायक निर्देशक श्री राजनकृष्ण पन्तलाई यस प्रतिवेदन तयार गर्न गरेको अथक प्रयासको निम्ति धन्यवाद दिन चाहन्छु । त्यसैगरी कार्यदलका पूर्वसदस्य उप-निर्देशक श्री चेतप्रसाद उप्रेती र पर्यवेक्षकको रुपमा अनुसन्धान विभागका सहायक निर्देशक श्री सत्येन्द्रराज सुवेदी विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

त्यस्तै नयाँ दिल्लीमा गरिएको स्थलगत सर्वेक्षणको क्रममा नेपाल सरकार, परराष्ट्र मन्त्रालय र भारतस्थित नेपाली राजदूतावासबाट अमूल्य सहयोग प्राप्त भएको थियो । यसका लागि नेपाल सरकार, परराष्ट्र मन्त्रालयका सह-सचिव डा. दिनेश भट्टराई तथा दुतावासका पदाधिकारीज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसैगरी सीमावर्ति नाकाहरु र नयाँ दिल्ली सर्वेक्षणमा खटिनु भएका यस बैंकका अधिकृतहरू, नेपाल राष्ट्र बैंक कर्मचारी सङ्गठनका अध्यक्षहरू, दिल्लीस्थित प्रवासी नेपालीहरूका विभिन्न संघ/सङ्गठनहरू र अन्तरक्रिया कार्यक्रममा सहभागी हुने वाणिज्य बैंकका प्रतिनिधिहरू, विप्रेषण संघका पदाधिकारीहरू एवं नेपाल राष्ट्र बैंकका प्रेस सल्लाहकार श्री अच्युतप्रसाद वाग्लेज्यूलाई पनि म धन्यवाद दिन चाहन्छु ।

प्रतिवेदनको प्रारम्भिक मस्यौदमा टिप्पणी एवं सुझाव दिनुहुने अनुसन्धान विभागका निर्देशकज्यहरु तथा उप-निर्देशक डा. भुवनेश पन्त र उप-निर्देशक डा. बामदेव सिग्देल समेतमा आभार प्रकट गर्न चाहन्छु । अन्तमा प्रतिवेदन टाइप एवं फरमाटिङ्ग गर्नु हुने कम्प्युटर सुपरभाइजर श्री अमररत्न बज्राचार्यलाई धन्यवाद दिन चाहन्छु ।

त्रिलोचन पंगेनी
संयोजक/निर्देशक

# विषय सूची

**परिच्छेद १ : परिचय**

१.१ पृष्ठभूमि १
१.२ समस्याको पहिचान २
१.३ अध्ययनका उद्देश्यहरू ३
१.४ अध्ययनको औचित्य ३
१.५ अध्ययनको रूपरेखा ३
१.६ अध्ययनका सीमाहरु ४

**परिच्छेद २ : सन्दर्भ सामाग्रीको समीक्षा** ५

**परिच्छेद ३ : अध्ययन विधि**

३.१ अध्ययन क्षेत्र ११
३.२ नमूना आकार १२
३.३ उत्तरदाताको छनौट १३
३.४ सर्वेक्षण अवधि १३
३.५ सर्वेक्षण विधि १३
३.६ तथ्याङ्क विश्लेषण विधि १४

**परिच्छेद ४ : नेपालमा विप्रेषणको प्रवृत्ति**

४.१ विप्रेषणको प्रबृत्ति १५
४.१.१ आप्रवाहको स्थिति १५
४.१.२ कुल गार्हस्थ्य उत्पादन र विप्रेषण १७
४.१.३ कुल विदेशी मुद्रा आर्जनमा विप्रेषण र निर्यातको योगदान १७
४.१.४ कुल आयात तथा निर्यातमा विप्रेषणको योगदान १९
४.२ विप्रेषण कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त फर्म/कम्पनी तथा वित्तीय संस्थाहरु १९
४.३ भारतबाट नेपालमा औपचारिक माध्यमबाट विप्रेषण प्राप्त हुने प्रक्रिया २१

**परिच्छेद ५ : स्थलगत अध्ययनका परिणामहरू**

५.१ नाकाहरुमा गरिएको सर्वेक्षणको परिणाम २३
५.२ भारतको नयाँ दिल्लीमा गरिएको स्थलगत सर्वेक्षणको परिणाम २४

**परिच्छेद ६: विप्रेषणका सम्बन्धमा अन्य मुलुकमा भएका नीतिगत व्यवस्थाहरु**

६.१ नीतिगत व्यवस्थाहरु ३४
६.२ औपचारिक माध्यमबाट विप्रेषण भित्र्याउनको लागि प्रदान गरिने प्रोत्साहन ३५
६.३ सार्क मुलुकहरुमा अपनाइएका नीतिहरु ३७

**परिच्छेद ७: सारांश तथा सुझावहरु** ४१

सन्दर्भ सामग्री ४४
अनुसूचीहरू ४६

परिच्छेद १

# परिचय

## १.१ पृष्ठभूमि

सामान्यतया कामदारको विप्रेषण (Workers Remittances) भन्नाले कामदारले कामगरि आर्जित गरेको आयबाट घरपरिवारलाई पठाएको बचत रकम भन्ने बुझिन्छ । देशभित्रैको कुनै एक भागबाट अर्कोभागमा पठाइने त्यस्तो रकमलाई आन्तरिक विप्रेषण भनिन्छ भने विदेशमा कामगरेर बचेको रकम स्वदेशमा पठाउनुलाई वाह्य विप्रेषण भनिन्छ । यस अध्ययनमा नेपाललाई प्राप्तहुने वाह्य विप्रेषणवारे चर्चा गरिएको छ । वाह्य विप्रेषणलाई पनि कामदारले विदेशमा कामगरिरहेको समयावधिको आधारमा छुट्याइने गरेको पाइन्छ । प्रवासीहरूले विदेशमा कति अवधिदेखि काम गरिहेका हुन् भन्ने तथ्य जानकारी लिन कठिनाई हुने भएकोले कामदारहरूले जतिसुकै अवधिदेखि काम गरेका भए पनि सोबापत स्वदेशमा पठाउने रकमलाई यस अध्ययनले विप्रेषणको रुपमा परिभाषित गरेको छ ।

बक्स १  अन्तर्राष्ट्रिय मुद्रा कोष अनुसार विप्रेषणको परिभाषा

अन्तर्राष्ट्रिय मुद्रा कोषको शोधनान्तरसम्बन्धी निर्देशिका-५ (BPM 5) अनुसार विदेशमा एक वर्षभन्दा कम अवधिसम्म काम गरी कमाएको ज्याला/तलब वा अन्य सुविधाहरूलाई Compensation of Employees को रुपमा र एक वर्षभन्दा बढी अवधिदेखि काम गरिरहेका व्यक्तिले पठाउने रकम (चालू ट्रान्सफर वा Current Transfers) लाई कामदारको विप्रेषणको रुपमा परिभाषा गरिएको छ । तर यदि कामदार स्थायी रुपमै आफ्नो मुलुकमा बसाईंसराई (Migration) गर्ने भए त्यहाँ रहेको आफ्नो सम्पत्ति बेचबिखनबाट प्राप्त भएको आयलाई भने उक्त निर्देशिकाले प्रवासीको ट्रान्सफर (Migrants Transfers) को रुपमा व्याख्या गरेको छ । शोधनान्तर तथ्याङ्कको आधारमा प्रवासीको विप्रेषण भन्नाले यी तीनै शीर्षकको जोडलाई जनाउँदछ । तथापि यी शीर्षकहरूमध्ये विप्रेषणको परिभाषा अन्तर्गत आवश्यकताअनुसार कुनै एक शीर्षकलाई मात्र पनि लिने गरेको पाइन्छ (World Bank, 2005) ।

विगत डेढ दशकदेखि नेपालको अर्थतन्त्रमा विप्रेषणले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । आर्थिक वर्ष २०५७।५८ को कुल गार्हस्थ्य उत्पादनमा विप्रेषणको अंश ११.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२।६३ मा उक्त अंशमा बृद्धि भई १६.७३ प्रतिशत पुगेको छ । नेपालमा विप्रेषण विदेशी मुद्रा आर्जनको प्रमुख स्रोतको रुपमा रहेकोले विदेशी विनिमय सञ्चिति एवं चालू खाता सन्तुलन र आर्थिक स्थायित्व कायम राख्नमा समेत यसले महत्वपूर्ण भूमिका खेलेको छ । नेपालको विदेशी मुद्रा आप्रवाहमा प्रत्येक वर्ष प्राप्त हुने विप्रेषण रकम सबैभन्दा ठूलो स्रोतको रुपमा रहनुको साथै अन्य स्रोतभन्दा कम उतारचढावको रहेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषकाअनुसार विप्रेषणले नेपालको गरिबी न्यूनिकरणमा सशक्त भूमिका समेत निर्वाह गरेको छ। यदि विप्रेषण हटाउने हो भने नेपालको विद्यमान गरिवीको अवस्था ३१ प्रतिशतबाट बृद्धिभई करिव ३६ देखि ३७ प्रतिशत हुन सक्ने अनुमान छ (IMF Country Report, 2006) । यसर्थ विप्रेषणले नेपाली अर्थतन्त्रमा महत्वपूर्ण स्थान राखेको छ ।

यसरी नेपाली अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको विप्रेषण भित्र्याउनमा तेस्रो मुलकहरू जस्तै छिमेकी मुलुक भारतको पनि विशेष भूमिका रहेको छ । नेपाल र भारतबीच परम्परादेखि नै खुल्ला सीमाना रहनुका साथै दुई देशबीच आर्थिक, सामाजिक र सांस्कृतिक सम्वन्ध पनि सुमधुर रहेकोले नेपालीहरू भारततर्फ र भारतीयहरू नेपालतर्फ कामको लागि स्वतन्त्र रुपमा आवागमन गर्ने गर्दछन् । नेपालबाट भारततर्फ काम गर्न जाने श्रमिकहरू त्यहाँका विभिन्न शहरहरूमा कृषि तथा उद्योग क्षेत्रका विशेष सीप आवश्यक नभएका काममा संलग्न रहेको पाइन्छ (नेपाल राष्ट्र बैंक, २०६२) । यसरी काम गर्ने नेपाली कामदारको अभिलेख राख्ने व्यवस्था नभएकोले यकिन रुपमा यसको संख्या किटान गर्न गाह्रो छ । तथापि विभिन्न अध्ययनहरूले ठूलो संख्यामा नेपालीहरू त्यहाँ रहेको जनाएका छन्[१] । भारतको ठूलो अर्थव्यवस्था भएको कारण नेपालबाट काममा जाने श्रमिकलाई रोजगार दिनसक्ने भएकोले त्यहाँ मौसमी एवं स्याथी रोजगारमा संलग्न नेपालीको संख्या बढ्दै जानु स्वाभाविक हो । तर त्यहाँ काम गर्न गएका ती नागरिकहरूबाट आर्जित आयलाई सङ्गठीत रुपमा स्वदेश भित्र्याउन भएका प्रयास भने पर्याप्त छैनन् । त्यसैले त्यहाँबाट आर्जित विप्रेषण रकम असुरक्षित रुपमा भारतीय मुद्रामै कामदारको आफ्नो घरसम्म आइपुग्ने गर्दछ र त्यस्तो विदेशी मुद्रा चलनचल्तीमा समेत ल्याउने गर्नाले नेपाली अर्थव्यवस्थामा द्वय मुद्रा प्रणाली चुनौतीको रुपमा रहिआएको छ ।

## १.२ समस्याको पहिचान

वैदेशिक रोजगारमा जाने नेपालीहरूको संख्या एकीन रुपमा थाहा नभएको र उनीहरूले आर्जन गरेको नगद स्वयं बोकेर वा साथीभाइमार्फत वा हुण्डीबाट स्वदेशमा पठाउने गरेको कारण हालसम्मको विप्रेषण आंकडा यथार्थपरक हुन सकेको छैन (नेपाल राष्ट्र बैंक, २०६२; Graner et al, 2004)। विशेषगरी अन्य मुलुकको तुलनामा भारतबाट आउने रकममा यो समस्या बढी देखिएको छ । भारतबाट नेपाल आप्रवाह हुने विप्रेषणमध्ये लगभग एक प्रतिशत मात्र औपचारिक माध्यम (बैक तथा वित्तीय संस्थाहरू) बाट आप्रवाह हुने र बाँकी रकम साथीभाई तथा आफन्त मार्फत् वा आफैं घर फर्कंदा कामदारहरूले ल्याउने गरेको देखिन्छ (NLSS, 2003/04, V2, 83) । यस तथ्यांकलाई आधारमान्दा यदि सम्पूर्ण रकमलाई औपचारिक माध्यमबाट भित्र्याउन सकिएमा यसले वर्तमान अवस्थामा देखिएको नेपालको भा.रु. संचितिको खस्कँदो स्तरलाई समाधान गर्न केही मद्दत पुर्‍याउने देखिन्छ । त्यस्तै कामदारहरूले अनौपचारिक माध्यमबाट ल्याउने रकम भारतीय मुद्रा (भा.रु.)मै आउने हुँदा नेपालका विभिन्न ठाउँमा भा.रु.को प्रचलन बढ्न जाने सम्भावना भएकोले यसलाई कम गर्न पनि त्यस्ता रकमलाई औपचारिक माध्यमबाट ल्याइनु जरुरी हुन्छ । साथै, अनौपचारिक माध्यमबाट रकम भित्रिदा कामदारहरूको नगद बाटैमा चोरी हुने, आफ्नै ज्यानको समेत खतरा हुने जस्ता समस्याहरू भोग्नुपरेको देखिएको छ । त्यसो त संसार नै terrorist financing र Anti Money Laundering को विरुद्धमा लडेको बेला भारतबाट आउने विप्रेषणलाई सङ्गठित गर्न ठूलो अवसर पनि प्राप्त भएको छ ।

तसर्थ, हालको अवस्थालाई दृष्टिगत गर्दा भारत तथा नेपालका बैंक तथा वित्तीय संस्थाहरूले भारतबाट नेपालमा विप्रेषण भित्र्याउनमा प्रभावकारी भूमिका निर्वाह गर्न सकेको देखिदैन । विगत केही वर्ष यतादेखि विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउन नेपालका सम्बद्ध निकायहरूले विभिन्न नीतिगत प्रयासहरू गर्दै आएका कारण अन्य मुलुकबाट प्राप्त हुने विप्रेषण उल्लेख्य रुपमा औपचारिक माध्यमबाट भित्रिने क्रम बढे पनि भारतबाट औपचारिक माध्यमबाट प्राप्त हुने विप्रेषण

[१] विभिन्न अध्ययनहरूको विवरण अनुसूची १ मा दिइएको छ ।

भने डेढ दशकमा औसत रुपमा २३.६७ प्रतिशतले मात्र बढेको र कुनै कुनै वर्ष त नकारात्मक वृद्धि समेत देखिएको छ ।

## १.३ अध्ययनका उद्देश्यहरू

यस अध्ययनको प्रमुख उद्देश्य भारतबाट नेपाल आउने विप्रेषणलाई औपचारिक माध्ययमबाट कसरी ल्याउन सकिन्छ भन्ने विषयमा अध्ययन गर्नु हो । यसका अतिरिक्त यस अध्ययनले निम्नानुसारका उद्देश्यहरू समेत राखेको छ :

- नेपालको विप्रेषणको प्रवृत्तिवारे विश्लेषण गर्ने,
- भारतबाट प्राप्त हुने विप्रेषणका विविध माध्ययमहरू तथा त्यस्ता माध्यमको प्रयोग हुनुको कारकहरू  पत्ता लगाउने, र
- विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउन सार्क लगायत अन्य केही मुलुकहरूमा भएका व्यवस्थाहरूबारे विश्लेषण गर्ने ।

## १.४ अध्ययनको औचित्य

विप्रेषणको परिमाणलाई औपचारिक माध्यमबाट ल्याउन परिरहेको समस्याहरू पत्ता लगाई यस सम्बन्धमा आवश्यक नीतिगत व्यवस्था गर्न यस अध्ययनले सुझाव दिनेछ । नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार नेपाल राष्ट्र बैंकले शोधनान्तर स्थिरता कायम गर्ने, सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने र विदेशी विनिमय सञ्चितिको व्यवस्थापन र संचालन गर्ने जिम्मेवारी पाएको छ । विप्रेषण रकम शोधनान्तर तथ्यांकमा समेत समावेश हुने हुँदा यसलाई औपचारिक माध्यमबाट भित्र्याउन सकिएमा नेपाल राष्ट्र बैंकले तयार गर्ने शोधनान्तर तथ्यांकलाई बढी यथार्थपरक बनाउन सकिन्छ । यसरी भारतबाट आउने विप्रेषण बैंकिङ्ग संजालमार्फत् भित्रिंदा नेपालमा भारतीय रुपैंयाको सञ्चितिको यथार्थ स्थितिबारे जानकारी हुनगई यसको व्यवस्थापनमा समेत मद्दत पुग्नेछ । साथै, यसबाट नेपाल राष्ट्र बैंकले गर्ने मुद्रा प्रदायको प्रक्षेपणलाई यथार्थपरक बनाउन सहयोग मिल्ने र मौद्रिक नीतिको कार्यान्वयनलाई समेत अझ बढी प्रभावकारी बनाउन सकिने अपेक्षा गर्न सकिन्छ । यस अध्ययनले नेपालमा विप्रेषण भित्र्याउने संघसंस्थाहरूलाई भारतबाट आउने विप्रेषणको सम्बन्धमा थप जानकारी दिन सक्छ भने भारतलाई समेत यस सम्बन्धी नीति निर्माणमा सहयोग पुऱ्याउन सक्ने विश्वास लिन सकिन्छ ।

## १.५ अध्ययनको रुपरेखा

यो अध्ययन सात परिच्छेदमा विभाजित छ । प्रथम परिच्छेदमा अध्ययनको पृष्ठभूमि, उद्देश्यहरू, औचित्य र सीमाबारे चर्चा गरिएको छ । दोस्रो परिच्छेदमा विप्रेषणसँग सम्बन्धित केही राष्ट्रिय एवं अन्तराष्ट्रिय साहित्यबारे प्रकाश पारिएको छ । तेस्रो परिच्छेदमा  नेपाल भारत सीमावर्ति नाकाहरू तथा भारतको नयाँ दिल्लीमा गरिएको स्थलगत सर्वेक्षण विधिबारे व्याख्या गरिएको छ । परिच्छेद चारमा नेपालको विप्रेषणको प्रवृतिबारे विश्लेषण गरिएको छ । यसैगरी परिच्छेद पाँचमा स्थलगत अध्ययनका परिमाणहरू र सोबाट प्राप्त नतिजाबारे व्याख्या गरिएको छ । विप्रेषणका सम्बन्धमा सार्क लगायत अन्य मुलुकमा भएका नीतिगत व्यवस्थाबारे परिच्छेद छ मा उल्लेख गरिएको छ । अन्तमा परिच्छेद सातमा अध्ययनको सारांस तथा सुझावहरू प्रस्तुत गरिएको छ ।

## १.६ अध्ययनका सीमाहरू

यो अध्ययन मुख्यतया भारतबाट नेपालमा प्राप्त हुने विप्रेषणलाई कसरी औपचारिक माध्यमबाट भित्र्याउन सकिन्छ भन्ने विषयमा केन्द्रित भएकोले विप्रेषणका अन्य विषयहरू जस्तो यसको परिमाण, अर्थतन्त्रमा यसको उपयोग तथा प्रभाव आदि कुराहरूमा सामान्य विश्लेषण गरिए तापनि यिनको विस्तृत पक्ष अध्ययनले समेटेको छैन । यो अध्ययनमा गरिएको स्थलगत सर्वेक्षणले भारतको विभिन्न भागमा छरिएर रहेका विविध किसिमका कामगर्ने नेपालीहरूलाई समेट्न सकेको छैन । यो अध्ययनमा मुख्यतः नया दिल्ली तथा त्यस क्षेत्रको आसपासमा कामगर्ने नेपाली कामदारहरूसंग मात्र अन्तर्वार्ता लिई तथ्याङ्क संकलन गरिएकोले भारतमा काम गर्ने समस्त नेपाली कामरदाको विप्रेषणसम्बन्धी विशेषतालाई नसमेटन सक्छ । भारतको नयाँ दिल्ली तुलनात्मक रूपमा महंगो एव्म त्यहाँको ज्यालादर (wage rate) समेत उच्च हुँदा औसतमा भारतबाट आउने विप्रेषणको आकार अधिक अनुमान (over estimate) भएको हुन सक्छ ।

## परिच्छेद २

# सन्दर्भ सामग्रीको समीक्षा (Literature Review)

विकासशील मुलुकहरूमा विगत केही वर्षयता ती मुलुकले प्राप्त गरेको वैदेशिक सहायता, प्रत्यक्ष वैदेशिक लगानी र अन्य निजी पूँजी प्रवाहको परिमाणभन्दा विप्रेषणको आकार बढी देखिएकोले विप्रेषणलाई ती मुलुकको गरिबी निवारणको लागि नयाँ वित्तीय स्रोतको रूपमा लिने गरिएको छ (IMF, 2003) ।

विप्रेषणले अर्थतन्त्रमा खेलेको महत्वपूर्ण भूमिकाको सन्दर्भमा विप्रेषणको प्रवाह, यसले अर्थतन्त्रमा पार्ने प्रभावलाई ध्यानमा राखी अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक र संयुक्त राष्ट्र संघले विप्रेषणको प्रवाहमा वृद्धि गर्ने, यसलाई औपचारिक माध्यमबाट भित्र्याउने र त्यसको अधिकतम सदुपयोग गर्ने उद्देश्यले विभिन्न अध्ययन एवं अनुसन्धानको प्रयास गरेका छन् ।

एसियाली विकास बैंकले फिलिपिन्सको सन्दर्भमा गरेको अध्ययन अनुसार विप्रेषण सम्बन्धी निम्न विषयहरूमा आफ्नो अध्ययन केन्द्रित गरेको छ (ADB, 2004) :

(क) विप्रेषणको आप्रवाहलाई कसरी अभिवृद्धि गर्ने,

(ख) विप्रेषणलाई कसरी औपचारिक माध्यममा भित्र्याउने, र

(ग) विप्रेषणलाई कसरी गरिबी निवारण तथा अर्थतन्त्रको विकासमा प्रयोग गर्ने ।

तथ्याङ्क सङ्कलन गर्ने क्रममा अमेरिका तथा सिंगापुरका विभिन्न सरोकारवालाहरू जस्तै– बैंक तथा वित्तीय संस्थाहरू, मनि ट्रान्सफर कम्पनीहरू, अन्य साना व्यापारीहरूसँगको प्रत्यक्ष अन्तर्वार्ता र छलफल (Focused Group Discussion) को आधारमा बसाईं सराईं (migration) तथा विप्रेषणलाई प्रभाव पार्ने विभिन्न कारणहरूको सम्बन्धमा ध्यान केन्द्रित गरेको छ ।


उक्त अध्ययनले विप्रेषणको प्रवाहलाई प्रभाव पार्ने विभिन्न प्रमुख कारणहरूमा (क) विदेशी बजारमा फिलिपिनो कामदारहरूको मागमा आउने उतार चढाव (ख) अन्य मुलुकमा कामदारहरूबाट हुने प्रतिस्पर्धा (ग) काम गर्ने मुलुकको कामदार तथा नागरिकसम्बन्धी नीति र आर्थिक मन्दी (Recession) (घ) प्रवासीको ज्यालादर निर्धारण जस्ता निर्णायक तत्व बताएका छन् । विप्रेषणका विभिन्न माध्यमहरू तथा ती माध्यमहरू छनौट गर्ने प्रमुख आधारहरूमा विप्रेषण प्राप्त गर्दा लाग्ने समय र विश्वसनीयता (Trust Worthiness), भरपर्दोपना (Reliability), र असल सेवा (Good Service) को पहिचान गरिएको छ । उक्त अध्ययनमा विप्रेषणलाई अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउन (क) सरकारी संयन्त्रको सुदृढीकरण (ख) समुदायमा आधारित वित्तीय संस्थाहरू जस्तै सहकारी संस्थाहरू, लघुवित्त संस्थाहरू, स्थानीय संस्थाहरू (Hometown Associations) मार्फत् विप्रेषणको परिचालन गर्नुपर्ने सुझाव दिइएको छ । सुझावहरूमा (१) फिलिपिनी सरकारले द्विपक्षीय माध्यमबाट फिलिपिनीहरू अधिक संख्यामा रहेका देशहरूबाट विप्रेषण औपचारिक, कम शुल्कमा तथा प्रतिस्पर्धात्मक रुपमा भित्र्याउन (फिलिपिनो बैंक तथा अन्य वित्तीय संस्थामा) पहल गर्नुपर्ने, (२) सुलभ तरिकाले प्रवासीलाई बैंक तथा अन्य वित्तीय संस्थाहरूको पहुँच बढाउनु पर्ने (३) विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउन नीति, नियममा सुधार गर्नुपर्ने उल्लेख गरिएको छ ।

विप्रेषण औपचारिक तथा अनौपचारिक दुवै माध्यमबाट प्राप्त हुने गर्दछ । औपचारिक माध्यमअन्तर्गत मूलतः Demand Draft, यात्रु चेक, Telegraphic Transfer, Postal Order, खातामा

स्थान्तरण (A/C to A/C transfer), ATM, Electronic Transfer) आदि पर्दछन् । अनौपचारिक माध्यममा खासगरि आफै लिएर आउने, नातेदार वा साथीभाइमार्फत् पठाउने र अन्य सङ्गठित व्यक्तिहरू को सञ्जालको मद्दतबाट पठाउने प्रक्रियाहरू पर्दछ । अनौपचारिक माध्यमलाई Alternative Remittance Rystems, Underground Banking, Ethnic Banking, Informal Value Transfer System जस्ता विभिन्न नामले चिनिन्छ । अनौपचारिक माध्यमलाई चीनमा फेइ चियन (Fei-chien), पाकिस्तान तथा बङ्गलादेशमा हुण्डी (Hundi), भारत र मध्यपूर्वमा ह्वाला (Hawala), फिलिपिन्समा पडाला (Padala), हङकङमा हुई क्वान (Hui Kuan) र थाइल्याण्डमा फेइ क्वान (Phei Kwan) जस्ता नामबाट चिनिन्छः(Maimbo, 2004) ।

अनौपचारिक माध्यमहरूलाई विभिन्न नामले चिनिए तापनि यसको कार्य प्रक्रिया (Operational Mechanism) भने उस्तै प्रकारको हुने गर्दछ । अनौपचारिक माध्यमद्वारा एक मुलुकबाट अर्को मुलुकमा रकमान्तर गर्ने प्रमुख माध्यममध्ये हुण्डी/हवालाको मुख्यतः पाँच सिंढीहरू (Steps) रहेका छन् । यसअनुसार सवभन्दा पहिले 'क' मुलुकको ग्राहकले सोही मुलुकको 'हवाला' सञ्चालक (Operator) लाई स्थानीय मुद्रामा रकम प्रदान गर्दछ । उक्त 'हवाला' ले ग्राहकलाई रकम दिए बापत एक सङ्केत नम्बर (Code or Identification Number) दिन्छ र रकम प्राप्त गर्ने 'ख' मुलुकको counterpart लाई फोन अथवा फ्याक्समार्फत् खबर गर्दै सम्बन्धित ग्राहकलाई निश्चित रकम दिन आग्रह गर्दछ । त्यसपछि 'क' मुलुकको ग्राहकले 'ख' मुलुकको रकम प्राप्त गर्ने ग्राहकलाई सङ्केत नम्बर जानकारी दिन्छ । उक्त सङ्केत नम्बर 'ख' मुलुकको 'हवालादार' लाई प्रदान गरेपश्चात् ग्राहकले रकम प्राप्त गर्दछ । यसको भुक्तानी भविष्यमा हुने विपरीत दिशाको विप्रेषण (अर्थात् 'ख' मुलुकबाट 'क' मुलुकमा पठाउने विप्रेषण) अथवा अन्य कारोबारहरूबाट हुने गर्दछ । 'हवाला' प्रक्रियाको विशेषता यो हो कि विप्रेषणको रकम विदेशी मुद्रामा नगदै रूपमा रकमान्तर भने नहुन पनि सक्छ । यो पद्धति वर्षौंदेखि मुलुकहरू बीच रहेको व्यापारिक सञ्जाल (network) र विश्वास (trust) मा आधारित छ ।

### हवाला पद्धतिको कार्यविधि (Operation)




स्रोत : External Migration and Remittances: Trends, Policies, Impact and Development Potential The Case of India, Uday Kumar Varma and S.K. Sasi Kumar

यसरी विदेशस्थित व्यक्ति वा समूहले स्वदेशी व्यक्ति वा समूहसंग साझेदारी/सम्झौता गरी हुण्डी मार्फत् विप्रेषणको कारोवार गर्ने गर्दछन् । यसका अतिरिक्त साथीभाई तथा नातेदार मार्फत् वा घर आउँदा आफैं विदेशी मुद्रा लिएर आउने व्यक्तिहरू पनि प्रशस्त मात्रामा रहेका हुन्छन् (Siddique, 2004) । तर राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा हुण्डी मार्फत् हुने र आफै लिएर आउने विप्रेषणको कारोवारलाई कानूनी संरचनाभित्र राखिँदैन । अनौपचारिक माध्यममार्फत् रकम पठाउने कार्य बढी सस्तो हुने, छिटो पुग्ने, कागजी झन्झट कम हुने आदि कारणले गर्दा औपचारिक माध्यमभन्दा बढी लोकप्रिय देखिएको छ ।[२] यसैकारण अनौपचारिक मनि ट्रान्सफरलाई 'गरीब मान्छेको बैंक' पनि भन्ने गरिन्छ (Buencamino & Gorbunov, 2002) ।

विश्वका धेरैजसो मुलुकहरूमा अनौपचारिक माध्यमबाट भित्रिने विप्रेषणको परिमाण तथा त्यसको वृद्धि आंकलन गर्न कठिन छ । सरकारी तथ्याङ्क एवं अन्य स्रोतहरूबाट यस सम्बन्धी विभिन्न अध्ययन भए पनि आँकडा अझै पनि भरपर्दो एवं विश्वसनीय छैन । एक अध्ययन अनुसार विश्वमा वर्षेनी यु.एस. डलर १०० अर्बदेखि ३०० अर्बसम्मको विप्रेषण अनौपचारिक माध्यमबाट भित्रिने गरेको अनुमान गरिएको छ । भारतमा सन् १९९१ मा १० अर्बदेखि २० अर्ब यु.एस.डलरसम्म हवाला (Hawalas) र पाकिस्तानमा ५ अर्बभन्दा बढी यु.एस.डलर हुण्डी (Hundi) मार्फत् तथा बंगलादेश र पाकिस्तानमा कुल विप्रेषणमध्ये आधा जति मात्र औपचारिक माध्यमबाट प्राप्त हुने देखिएको छ (Buencamino et al, 2002) ।

[२] औपचारिक तथा अनौपचारिक माध्यमसँग सम्बन्धित तुलनात्मक चार्ट अनुसूची २ मा दिइएको छ ।

विश्वव्यापीकरण, नयाँ प्रविधिको बढ्दो प्रयोग, अन्तर्राष्ट्रिय बैकिङ्ग सेवाको उदारीकरण एवं विस्तार आदिका बाबजुद अनौपचारिक माध्यमबाट रकम भित्रिने क्रम रोकिएको छैन। विप्रेषण पठाउने मुलुकको समग्र आर्थिक वातावरण (Macroeconomic Environment) प्रतिकुल हुनु र फितलो सरकारी नीति तथा नियमहरू, जस्तै मुद्रासम्बन्धी (Overvalued Currency) व्यवस्था, उच्च भन्सार तथा करका दरहरू, विप्रेषण कारोबार गर्ने बैंक तथा वित्तीय संस्थाको ढिलो र झंझटिलो अनुमतिपत्र आदि जस्ता प्रमुख कारण अनौपचारिक माध्यमको प्रयोग बढ्न गएको हो। बंगलादेशका १०० घरपरिवार (Household) मा गरेको अध्ययन अनुसार औपचारिक माध्यमबाट प्रति विप्रेषण कारोवारको लागत टाका ७५.५३ तथा विप्रेषण पठाउनेदेखि पाउनेसम्मको समायावधि औसतमा १२ दिन लाग्ने गरेकोमा हुण्डी मार्फत को कारोवारमा भने यस्तो समयावधि औषतमा ३ दिन लाग्ने गरेको छ (Siddique, 2004)।

त्यसैगरी जमैका (Jamaica) मा विद्यमान मुद्रासम्बन्धी सरकारी नियन्त्रण, ढिलो अनुमतिपत्र दिने प्रक्रिया, उच्च करका दरसँगसँगै कालो बजार (Underground Economy) पनि फस्टाएको कारणले गर्दा अनौपचारिक माध्यमबाट रकम प्रवाहलाई प्रोत्साहन मिलेको छ। सो अनुसार राजनीतिक परिवर्तन र अस्थिरताको समयमा अनौपचारिक माध्यमबाट रकम भित्रिने क्रम बढेको देखिएको छ। यसका साथै उक्त अध्ययनले " अधिमुल्यांकन भएको मुद्रा (Overvalued Currency) को कारणले अनौपचारिक रुपमा रकम पठाउनु फाइदाजनक हुने भएकोले कतिपय विद्वान एवं विशेषज्ञहरूले औपचारिक विनिमय दर र कालो बजारमा विद्यमान दरबीचको अन्तर नै कुन विधिबाट रकम पठाउने भन्ने प्रमुख कारक भएको तर्क राखेका छन" भनी उल्लेख गरेको छ। यस क्रममा उत्तर अमेरिका र अफ्रिकाको ६ वटा कामदार निर्यात गर्ने देशहरूमा गरिएको अध्ययनअनुसार कालो बजारको विदेशी विनिमय दरमा १० प्रतिशतले प्रिमियम वृद्धि हुँदा औपचारिक माध्यमबाट प्रवाह हुने विप्रेषण करिब ३ प्रतिशतले घट्ने देखिएको छ। यसप्रकार अधिमुल्याङ्कन (overvalued) मुद्राबाट पूँजी पलायनमा पनि वृद्धि हुनाले अनौपचारिक माध्यमबाट हुने विप्रेषणमा वृद्धि हुने देखिन्छ भन्ने कुरा स्पष्ट पारिएको छ (Buencamino et al, 2002)।

उक्त अध्ययनले (क) अनौपचारिक माध्यमबाट रकम भित्रिने दोस्रो प्रमुख कारणमा परम्परागत वित्तीय प्रणालीमा रहेका कमजोरीहरू जस्तै सेवाशुल्क उच्च रहेको, सर्वसुलभ बैंकिङ्ग सेवाको पहुँचको अभाव (ख) कतिपय स्थानमा बैंकिङ्ग सेवा उपलब्ध हुँदा हुँदै पनि यसले व्यक्तिहरूको विश्वास जित्न सफल नभएको, खासगरी बैंक तथा वित्तीय संस्थाहरू असफल वा समस्याग्रस्त भएका मुलुकहरूमा यो समस्या अझ बढी रहेको र (ग) कतिपय मुलुकहरूमा बैंकिङ्ग सेवा विप्रेषणसम्बन्धी सेवा प्रदान गर्न असमर्थ भएको पाइएको (उदाहरणको निम्ति रुसी गणराज्यका मुलुकहरू, चीन ) जस्ता कुराहरू उल्लेख गरेको छ। सो अध्ययनले परम्परागत बैंकिङ्ग सेवामा रहेका कमजोरीहरू नहटेसम्म अनौपचारिक माध्यमबाट विप्रेषण प्रवाह हुने क्रम नरोकिने कुरा प्रष्ट्याएको छ। त्यस्तै सोही अध्ययनले उदृत गरे अनुसार विभिन्न अध्ययनहरूले एसियाली मुलुकहरूमा हुने विप्रेषण प्रवाहमध्ये १५ देखि ८० प्रतिशत अनौपचारिक माध्यमबाट भित्रिने गरेको देखाएका छन्। यी अध्ययनहरूले कामको निम्ति जाने प्रवासीहरूको संख्या र काम गर्न जाने मुलुकमा विद्यमान ज्याला दरले ९० प्रतिशतभन्दा बढी विप्रेषण आप्रवाह निर्धारण हुने देखाएको छ। यसर्थ विप्रेषणको आयतन बढाउन अवलम्बन गरिएका नीतिगत व्यवस्थाहरूले खासै ठूलो प्रभाव पार्ने नदेखिए पनि यसले प्रवासीले पठाउने औपचारिक अथवा अनौपचारिक माध्यमको छनौटमा भने प्रभाव पार्दछ।

एक अर्को अध्ययन अनुसार टर्कीमा औपचारिक माध्यमबाट भित्रिने गरेको विप्रेषणको झन्डै आधा अंश अनौपचारिक माध्यमको रहेको छ (OECD, 2005)। यस अनुसार बैंक तथा वित्तीय संस्थाहरूले विप्रेषणसम्बन्धी कारोबार नाफाको दृष्टिकोणले भन्दा पनि विदेशी मुद्राको सहज

आप्रवाहको उद्देश्यले गर्ने गरेको उल्लेख गरिएको छ । टर्कीको केन्द्रीय बैंकको भूमिका अन्य केन्द्रीय बैंकको भन्दा अलि पृथक तथा महत्वपूर्ण रहेको, टर्कीको केन्द्रीय बैंकले विदेशी मुद्राको आप्रवाहलाई वृद्धि गर्न वाणिज्य बैंकको परम्परागत कार्यहरू समेत गर्ने गरेको र यसका निम्ति विदेशमा रहेका टर्कीका प्रवासीले मात्र केन्द्रीय बैंकमा खाता खोल्न पाउने सुविधा दिइएको, मध्यम र दीर्घकालीन बचत खाताबाट टर्कीभित्र मात्र रकम झिक्न मिल्ने प्रावधान राखिएको तथा यी खाताहरूमा वाणिज्य बैंकहरूले प्रदान गर्ने भन्दा उच्च ब्याजदर प्रदान गरिएको जस्ता कुराहरू उक्त अध्ययनले देखाएको छ ।

अन्तर्राष्ट्रिय स्तरमा बढ्दो आतङ्कवादी समस्यासँग सम्बन्धित Terrorist financing लाई न्यूनीकरण गर्न र Anti-Money Laundering को अवधारणा सशक्तरुपमा अगाडि आएको छ। यसकारणले पनि विप्रेषणलाई औपचारिक माध्यमबाट ल्याउनकोलागि विश्वमानै राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरू गरिदै आएका छन् । यसै विश्वभरका केन्द्रीय बैंकहरूको बैंकको रुपमा कार्यगर्दै आएको अन्तर्राष्ट्रिय संस्था Bank for International Settlement (BIS) ले General Principles for International Remittance Services नामक निर्देशिका जारी गरेको छ (BIS, 2007) । उक्त निर्देशिकाले मुख्यतः पाँचवटा पक्षहरू उल्लेख गरेको छ ।

(१) पारदर्शिता र ग्राहकको सुरक्षा (Transparency and Customer Protection),

(२) भुक्तानी व्यवस्थासम्बन्धी पूर्वाधार (Payments system Infrastructure),

(३) कानूनी तथा नियमनसम्बन्धी वातावरण (Legal and Regulatory Environment),

(४) बजार संरचनामा प्रतिस्पर्धा र सुशासन (Market Structure, Competition And Governance),

(५) जोखिम व्यवस्थापन (Risk Management) ।

विभिन्न मुलुकका सरकारले विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउन विभिन्न नीतिहरू अवलम्बन गरेको पाइन्छ। विप्रेषण मुख्य रुपमा निजी प्रवाह भएकोले विभिन्न प्रोत्साहनका माध्यमद्वारा औपचारिक माध्यमबाट ल्याउन प्रोत्साहन गर्ने गरेको भए तापनि कतिपय मुलुकमा विप्रेषणसँग सम्बन्धित नीति, नियमहरू अनिवार्य पनि गरिएका छन्। यी मुलुकहरूमा बंगलादेश, गणतान्त्रिक कोरिया, पाकिस्तान र फिलिपिन्स आदि पर्दछन्। तर यी नीतिगत व्यवस्थाहरू कोरियामा बाहेक अन्य मुलुकमा सफल भएको देखिंदैन ।

विप्रेषणलाई औपचारिकरुपमा भित्र्याउन माथिका मुलुकहरूले गरेका नीतिगत व्यवस्थाहरूलाई तीन वर्गमा विभाजन गर्न सकिन्छ :

(क) प्रवासीसँग सम्बन्धित नीतिहरू

(ख) संस्थागतरुपमा विप्रेषण भित्र्याउन प्रदान गरिने आर्थिक प्रोत्साहन (Macroeconomic Incentives)

(ग) परम्परागत वित्तीय पूर्वाधारको सुधार

अनिवार्य रुपमाभन्दा प्रोत्साहन (Incentive) को रुपमा गरिएको नीतिगत व्यवस्था बढी प्रभावकारी देखिएको छ। यीमध्ये विदेशी विनिमय नियन्त्रण नभएका कतिपय मुलुकहरूले विदेशी

मुद्रा वा बण्डमा खाता खोल्न दिने र यी खातामा प्रचलित बजार ब्याजदरभन्दा बढी आकर्षक ब्याजदर दिने व्यवस्था गरेको देखिन्छ। यी मुलुकहरूमा बंगलादेश, भारत, पाकिस्तान, श्रीलंका भियतनाम आदि रहेका छन्। साथै इजिप्ट, पोल्याण्ड र टर्कीमा विप्रेषणबाट प्राप्त विदेशी मुद्रालाई स्वदेशी मुद्रामा परिवर्तन गर्दा प्रिमियम विनिमयदर दिने गरेको देखिन्छ। विदेशी मुद्रामा खाता खोल्न दिने नीतिभन्दा पछिल्लो नीति गोप्यताको दृष्टिले बढी प्रभावकारी देखिन्छ। धेरैजसो मुलुकमा विदेशी मुद्रा तथा बोण्डमा खाता खोल्न दिने व्यवस्था थोरै आम्दानी र कम शीप भएका प्रवासीका लागि खासै आकर्षक नभएकाले त्यति सफल भएको देखिँदैन (Buencamino et al, 2002)।

नेपालको सन्दर्भमा विप्रेषणसम्बन्धी विविध अध्ययनहरू भए तापनि विस्तृत रुपमा अध्ययन भएको भने पाइँदैन। त्यसमाथि पनि भारतमा गएर काम गर्ने नेपालीहरू र उनीहरूबाट प्राप्त हुने विप्रेषणसम्बन्धी थोरै मात्र अध्ययन भएका छन्। सन् १९८० देखि भारतबाहेक अरब राष्ट्रहरू, एशियाका औद्योगिक राष्ट्रहरू, यूरोप, अमेरिका जाने नेपालीहरूको संख्या बढ्दै गए तापनि पूंजीको अपर्याप्तता, सीपको कमी जस्ता कारण वहुसंख्यक नेपालीहरू कामको खोजीमा भारत जाने गरेको पाइन्छ (नेपाल राष्ट्र बैंक, २०६३)। साथै नेपाल-भारतबीच खुल्ला सीमाको कारण पनि भारत जानेको संख्या उल्लेख्य रहेको अनुमान गर्न सकिन्छ। सन् २००१ मा ७,६०,००० नेपालीहरू मुलुक बाहिर गएकोमा यसमध्ये ७७ प्रतिशत भारत गएका छन् (केन्द्रीय तथ्यांक विभाग, २००२)। त्यस्तै एक अध्ययन अनुसार भारतमा ५ लाखदेखि १३ लाखसम्मको संख्यामा नेपालीहरू कार्यरत रहेको उल्लेख छ (Seddon etal,2002) भने अर्को अध्ययन अनुसार लगभग २ लाख नेपालीहरू दिल्लीमा मात्रै कार्यरत् रहेको अनुमान छ (Thieme, 2004)।

खुला सीमाना, भारत-नेपालबीच यात्रा गर्न प्रवेशाज्ञाको जरुरत नपर्ने र परम्परादेखि नै नेपाली कामदारहरू भारतमा गई काम गर्ने गरेकाले भारतमा काम गरिरहेका कामदारहरूको संख्या एकीन गर्न निक्कै कठिन रहेको छ। यस सन्दर्भमा विभिन्न अध्ययनहरूले देखाएको तथ्याङ्कलाई अनुसूची १ मा प्रश्तुत गरिएको छ।


# परिच्छेद ३

# अध्ययन विधि

यो अध्ययन प्राथमिक (Primary) तथा द्वितीय (Secondary) तथ्याङ्कमा आधारित विश्लेषणत्मक प्रकारको रहेको छ। प्राथमिक तथ्याङ्क संकलन गर्ने क्रममा दुई चरणमा स्थलगत सर्वेक्षण गरिएको छ।

## ३.१ अध्ययन क्षेत्र (Study Area)

प्रथम चरणमा नेपालबाट भारतमा काम गर्न जाने वा काम गरी फर्केका नेपालीहरू बढी आवतजावत गर्न सक्ने सम्भावना भएका र प्रत्येक विकास क्षेत्रको प्रतिनिधित्व हुने गरी नेपाल-भारतका प्रमुख ५ सीमावर्ति नाकाहरू (काकडभिट्टा, वीरगन्ज, सिद्धार्थनगर, नेपालगन्ज र महेन्द्रनगर) मा गई प्रत्यक्ष अन्तवार्ता लिइएको छ। नेपालबाट कामका लागि भारत जाने कामदारहरू भारतको कुन शहरमा बढी केन्द्रित छन् भन्ने जानकारी प्राप्त गर्नु यस सर्वेक्षणको प्राथमिक उद्देश्य रहेको छ।




पहिलो सर्वेक्षणबाट प्राप्त नतिजा अनुसार सबैभन्दा बढी २७.७ प्रतिशतले भारतको नयां दिल्ली कामगर्न जाने जानकारी गराए अनुसार उक्त शहर तथा त्यसको आसपासको क्षेत्रमा दोस्रो चरणको सर्वेक्षण गरिएको छ। प्रत्येक पेशासंग आवद्ध एक-एक व्यक्ति खोजी गरी दिल्ली जस्तो महानगरमा प्रश्नावली भर्ने भराउने कार्य ज्यादै कठिन हुने कुरा मध्यनजर गरी नेपाल सरकार, परराष्ट्र मन्त्रालयलाई नयाँ दिल्लीस्थित नेपाली राजदूतावासले नयाँदिल्लीमा रहेका नेपालीहरूको संघ, संगठनसंग आवद्ध नेपालीहरूसंग एक अन्तर्क्रिया कार्यक्रम आयोजना गरिदिनका लागि अनुरोध गरिएको थियो। सोही अनुसार नेपाली राजदूतावास नयाँ दिल्लीले २०६३ माघ १९ गते कार्यवाहक राजदूत लगायत दूतावासका अन्य अधिकारीहरूको उपस्थितिमा प्रवासी नेपाली संघ (भारत), मुल प्रवाह अखिल भारत नेपाली एकता समाज, नेपाली जनसम्पर्क समिति भारत, नेपाली जनअधिकार सुरक्षा समिति भारत, अखिल भारत नेपाल स्वतन्त्र विधार्थी युनियन, सुपा देउराली टुर्स एण्ड ट्राभल्स जस्ता संघ संगठनहरूको करिव २० व्यक्तिको सहभागितामा अन्तर्क्रिया कार्यक्रम आयोजना

गरेको थियो। अन्तर्क्रियाबाट प्राप्त सुझाब अनुसार नेपालीहरूको बढी जनघनत्व भएका नयाँ दिल्लीस्थित किर्तीनगर, करोलवाग, चिराग दिल्ली, जनपथ, ओखला गाऊँ, बदरपुर वोर्डर आदि स्थानहरू तथा उत्तरप्रदेश स्थित नोइडा र हरियाणा स्थित गुडगाऊं गई प्रश्नावली भर्ने, भराउने कार्य गरियो।

भारतस्थित नेपाली कामदारहरूले नेपालमा रकम पठाउने माध्यमहरू, रकम पठाउँदा तिनीहरूले गर्ने निर्णयका आधारहरू, औपचारिक माध्यमबाट रकम पठाउन उनीहरूलाई परेका समस्याहरू आदि विषयसंग सम्वन्धित सूचना एवं आंकडा सङ्कलन गर्नु दोस्रो सर्वेक्षणको मूलभूत उद्देश्य रहेको छ।

## ३.२ नमूना आकार (Sample Size)

पहिलो स्थलगत सर्वेक्षणका लागि तयार गरिएको प्रश्नावली (अनुसूची ३) का आधारमा प्रत्येक नाकाबाट कम्तीमा ३० वटा प्रश्नावलीहरू भर्ने,भराउने कार्य गरिएको छ। यसरी विभिन्न नाकाहरू गरी कुल १९५ वटा प्रश्नावलीहरू भर्ने, भराउने कार्य भएको छ। उपरोक्त नाकाहरूमा नेपालका विभिन्न स्थानबाट कामको लागि भारततर्फ जान लागेका तथा भारतस्थित विभिन्न शहरहरूबाट काम गरी नेपाल फर्केका व्यक्तिहरूको प्रतिनिधित्व हुने गरी उत्तरदाताहरूको संख्या randomly छनौट गरिएको छ।

भारतको दिल्ली लगायतको आसपासको क्षेत्रमा गरिएको दोस्रो चरणको सर्वेक्षणका लागि confidence interval approach विधिद्धारा निम्न सूत्र प्रयोग गरी उपयुक्त नमुना आकार (Sample Size) निर्धारण गरिएको छ (ADB, 2004 pp 117) ।

$$n = \frac{z^2 pq}{e^2}$$

जहाँ,

n = नमूना आकार (sample size),
z = standard error associated with the chosen level of significance
= 1.96 (for 5% level of significance)
p = estimated variability in the population
(in our case, 'p' represents the proportion of people sending money through formal channel)
q = (1-p) and
e = acceptable error
= 0.02 (assuming 2% margin of error)

नेपाल जीवनस्तर निर्वाह सर्वेक्षण (NLSS, 2003/04) अनुसार भारतमा कामगर्ने नेपालीहरूमध्ये ०.८ प्रतिशत कामदारहरूले मात्र बैंक तथा वित्तीयसंस्थाहरू मार्फत् विप्रेषण पठाउने गरेको आधारमा माथिको सूत्रमा 'p' को मान ०.००८ हुन आउँछ।

जसअनुसार $n = \frac{(1.96)^2 * (0.008) * (1-0.08)}{(0.02)^2} = 76$

यसरी ७६ जना व्यक्तिहरूलाई न्युनतम संख्याको रुपमा लिई यथासंभव बढी उत्तरदाताहरूबीच प्रश्नावली भर्ने भराउने उद्देश्यअनुरुप कुल १०६ जना नेपाली कामदारहरूलाई प्रश्न सोधिएको छ।

### ३.३ उत्तरदाताहरूको छनौट

उत्तरदाताहरूको छनौट समय र लागतको सीमाको कारणले (Non-random sampling) को आधारमा सम्पन्न गरिएको थियो । प्रथम चरणको सर्वेक्षणमा प्रत्येक नाकाबाट कम्तिमा ३० जनासँग प्रश्नावलीहरू भर्ने लक्ष्यअनुरुप नेपाली कामदारहरू बढी ओहोरदोहोर हुने समय पारी Convenience sampling को आधारमा गरिएको थियो । नयाँ दिल्लीको सर्वेक्षणमा उत्तरदाताहरुको छनौट गर्न विभिन्न नेपाली कामदार सङ्गठनका प्रतिनिधिहरु, प्रवासी नेपालीहरु र नेपाल सरकार, परराष्ट्र मन्त्रालय, दिल्लीस्थित नेपाली राजदूतावासका पदाधिकारीहरु सम्मिलित करिब २० जनाको संख्यामा एक Focus Group Discussion आयोजना गरिएको थियो । कार्यक्रमपश्चात् उक्त संघ एवं सङ्गठनहरूमार्फत नेपाली कामदारहरु रहेका विभिन्न स्थानहरु र विभिन्न पेशामा आवद्ध कामदारहरुको यथाशक्य प्रतिनिधित्व हुने गरी एक प्रको Judgement sampling को आधारमा उत्तरदाताहरुको छनौट गरिएको थियो ।

### ३.४ सर्वेक्षण अवधि (Survey Period)

पहिलो सर्वेक्षण कार्य माथि उल्लेख गरिएका नाकाहरूबाट नेपाली कामदारहरूको बढी ओहोरदोहोर हुने समय पारी मिति २०६३ मार्ग २४ गतेदेखि मिति २०६३ पौष ६ गतेको बीचमा सम्पन्न गरिएको थियो । त्यसैगरी दोस्रो चरणको स्थलगत प्रश्नावली सर्वेक्षण दिल्लीका विभिन्न ८ ठाउंमा कार्यरत् विभिन्न १० वटा पेशासंग आवद्ध नेपालीहरूबीच मिति २०६३ माघ २० देखि २५ सम्म गरिएको थियो ।

### ३.५ सर्वेक्षण विधि (Survey Method)

नेपाल- भारतका प्रमुख ५ सीमावर्ति नाकाहरूमा गरिएको पहिलो स्थलगत सर्वेक्षणमा कुल १५ प्रश्नहरू रहेका छन् । प्रश्नावली मार्फत सीमावर्ति नाकाहरू भएर नेपालबाट भारतमा काम गर्न जान लागेका वा काम गरेर फर्केका नेपालीहरूसँग प्रत्यक्ष अन्तर्वार्ता लिइएको छ ।

दोस्रो चरणको सर्वेक्षणका लागि कुल २५ प्रश्नहरू रहेको प्रश्नावलीको मस्यौदा तयार गरिएकोमा प्रश्नावलीवारे सम्बन्धित सरकारी निकाय र सरोकारवाला संस्थाहरू (सरकारी निकायहरू, वाणिज्य बैंकहरू, मनि ट्रान्सफर एसोशिएसन लगायत सम्बन्धित विज्ञहरू) संग अन्तर्क्रिया कार्यकम आयोजना गरी प्रश्नावली परिमार्जन गरिएको थियो । उक्त प्रश्नावलीमा (क) विप्रेषणका विभिन्न माध्यमहरूका बारेमा कामदारहरूको जानकारी एवं चेतना (ख) विप्रेषण पठाउने निश्चित माध्यम रोज्नुको कारण (ग) विप्रेषण पठाउने अवधि (frequency) एवं परिमाणजस्ता पक्षहरू लगायत काम गरिरहेका नेपालीहरूले कमाएको भारतीय मुद्रा नेपाल पठाउँछन् पठाउँदैनन्, उनीहरूको रकम पठाउने वा नपठाउने निर्णयमा कुन-कुन तत्वहरूले प्रभाव पार्ने गर्दछन्, यस सम्बन्धी के-कस्ता समस्याहरू रहेछन् र औपचारिक माध्यमबाट नेपालीहरूले आर्जन गरेको भारतीय मुद्रा स्वदेशमा भित्र्याउन के गर्नु पर्ला जस्ता प्रश्नहरू समेटिएका छन् (प्रश्नावली अनुसूची ४ मा राखिएको छ) । सर्वेक्षण कार्यपूर्व दिल्लीमा अन्तर्वाता गर्न लगायत अन्य आवश्यक सहयोगका लागि भारतीय रिजर्भ बैंकलाई समेत पत्राचार गरिएको थियो ।

नयाँ दिल्लीका विभिन्न ८ ठाऊँहरूमा सर्वेक्षण टोली पुगी तहां ८-१० को संख्यामा भेला भएका नेपालीहरूलाई सर्वेक्षणको उद्देश्य माथि प्रकाश पारिएको थियो भने केही ठाउँहरूमा व्यक्तिगत तवरले नेपालीहरूसंग भेटघाट गरी प्रश्नावली भर्ने, भराउने कार्य भएको थियो ।

अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय अध्ययन, अनुसन्धानहरूको अध्ययन एवं विश्लेषणको आधारमा नेपाल तथा अन्य मुलुकहरूको विप्रेषणको स्थिति एवं नीतिगत व्यवस्थाहरूको अध्ययन समेत गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण विधि (Data Analysis Techniques)

यो अध्ययन विशेषगरी विश्लेषणत्मक रहेको छ। तथ्याङ्क विश्लेषण गर्ने क्रममा विभिन्न सम्बन्धित आर्थिक परिसूचकबीचको अनुपात तथा प्रबृति (trend) को विश्लेषण गरिएको छ । तथ्याङ्कलाई मुलतः प्रतिशत, तालिका, चार्ट मार्फत् प्रश्तुत गरिएको छ ।

## परिच्छेद ४

# नेपालमा विप्रेषणको प्रवृत्ति

नेपाली श्रमिकहरूको बसाईंसराई प्रक्रिया उन्नाइसौं शताब्दीको पूर्वाद्धबाट शुरु भएको र ब्रिटिस औपनिवेशिक राजनीतिसँग जोडिएको पाइन्छ । नेपालीहरूलाई ब्रिटिश सेनामा भर्ती गराउनको लागि गोर्खा रेजिमेन्ट नेपालमा खुलेपछि विशेषगरी आदिवासी जनजातिहरू यस सेवामा भर्ति हुन जाने क्रम बढेको हो । तिनताका नेपालीहरू विशेषगरी सिक्किम, बङ्गाल, दार्जीलिङ्ग, भूटान र बर्मा जस्ता देशहरूमा रोजगारीको लागि बाहिरिएको पाइन्छ । त्यसभन्दा अगाडि कतिपय नेपालीहरूले लाहोरका शिख शासक रंजित सिंहको सेनाको रुपमा काम गरेको र ब्रिटिस सेनाबाट पराजित भएपश्चात ती व्यक्तिहरू भारतकै सेनामा सामेल हुन गएका थिए । भारतका चिया बगानहरूदेखि लिएर बिहारको कोइला खानी र जङ्गल फडानी कार्यमा सरिक हुन बढीभन्दा बढी संख्यामा नेपालीहरू अठारौं शताब्दीको अन्त्यतिर भारततर्फ पलायन भएको तथ्यहरू पनि भेटिएका छन् (Graner et al, 2003)।

## ४.१ विप्रेषणको प्रबृत्ति

### ४.१.१ आप्रवाहको स्थिति[३]

वैदेशिक रोजगारीको लागि विदेश जाने नेपालीहरूको संख्यामा वर्षेनी वृद्धि हुँदै गइरहेको छ । वैदेशिक रोजगार परम्परागतरुपमा भारतमा मात्र केन्द्रित भएको देखिए तापनि हाल आएर मध्यपूर्व, खाडी मुलुक र अन्य एसियाली मुलुकहरूमा नेपालीहरू काम गर्न जाने प्रवृत्ति बढिरहेको छ । नेपालमा विप्रेषण प्राप्त गर्ने घरपरिवार आर्थिक वर्ष २०५२।५३ मा २३.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०।६१ मा ३१.९ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०५२।५३ मा विप्रेषणको (आन्तरिक र बाह्य) परिमाण रु ४६ अर्ब रहेकोमध्ये ३३ प्रतिशत भारतबाट, २७ प्रतिशत तीनवटा अरेवीयन मुलुकहरूबाट, १७ प्रतिशत अन्य मुलुकहरूबाट र बाँकी आन्तरिक विप्रेषणबाट प्राप्त भएको छ (NLSS, 2003/04) ।

आर्थिक वर्ष २०४७।४८ मा नेपालले रु २ अर्ब १२ करोड ८३ लाख[४] विप्रेषण प्राप्त गरेकोमा सो रकममा औषतमा वार्षिक ३७.७८ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०६२।६३ मा रु ९७ अर्ब ५३ करोड ६२ लाख पुगेको छ । कुल विप्रेषणमध्ये भारत बाहेक अन्य मुलुकतर्फबाट प्राप्त विप्रेषण आर्थिक वर्ष २०४७।४८ मा १ अर्ब १५ करोड ९६ लाख रहेकोमा सो रकममा औषतमा वार्षिक ४८.२३ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०६२।६३ मा रु ८५ अर्ब ४३ करोड ६३ लाख पुगेको छ । आर्थिक वर्ष २०४७।४८ मा भारतबाट रु ९६ करोड ८७ लाख विप्रेषण प्राप्त भएकोमा यसमा औषत वार्षिक २३.६७ प्रतिशत वृद्धि भई आर्थिक वर्ष २०६२।६३ मा रु १२ अर्ब ९ करोड ९९ लाख पुगेको छ । नेपालले प्राप्त गरेको कुल विप्रेषणमा आर्थिक वर्ष २०४७।४८ मा भारतको अंश ४५.५ प्रतिशत तथा अन्य मुलुकको अंश ५४.५ प्रतिशत रहेकोमा भारततर्फको अंशमा उल्लेख्य गिरावट आई आर्थिक वर्ष २०६२।६३ मा १२.४ प्रतिशत रहेको छ भने अन्य मुलुकतर्फको अंशमा भने उल्लेख्य बृद्धिभई ८७.६ प्रतिशत पुगेको छ ।

---

[३] विश्लेषण प्रयोजनको लागि विप्रेषणको रकममा workers remittance मात्र समावेश गरिएको छ ।

[४] यसमा पेन्सनको रुपमा आउने रकम समावेश भएको तर अनौपचारिक माध्यमबाट भित्रिने विप्रेषणको आंकलन (estimate) गरी सोको समायोजन नगरिएको

नेपाल जीवनस्तर सर्वेक्षण, २०६०।६१ को अनुसार भारतबाट ०.८ प्रतिशत व्यक्तिहरूले मात्रै औपचारिक माध्ययम (Financial Institution) बाट विप्रेषण पठाउने गरेको भन्ने तथ्याङ्कलाई आधारमान्दा भारतबाट प्राप्त हुने विप्रेषणको वास्तविक परिमाण तथ्याङ्कले देखाएको भन्दा ज्यादै बढी हुने अनुमान गर्न सकिन्छ ।

**तालिका नं. ४.१ भारत तथा अन्य मुलुकबाट प्राप्त विप्रेषणको प्रवृत्ति**

(रु करोडमा)

| आर्थिक वर्ष | भारत | वृद्धिदर (%) | अन्य मुलुक | वृद्धिदर (%) | जम्मा | वृद्धिदर (%) |
|---|---|---|---|---|---|---|
| २०४७/४८ | ९६.८७ | - | ११५.९६ | - | २१२.८३ | - |
| २०४८/४९ | १३५.५० | ३९.८८ | ९६.१५ | -१७.०८ | २३१.६५ | ८.८४ |
| २०४८/५० | १५८.५३ | १७.०० | १४०.९० | ४६.५४ | २९९.४३ | २९.२६ |
| २०५०/५१ | १३१.७८ | -१६.८७ | २१५.१३ | ५२.६८ | ३४६.९१ | १५.८६ |
| २०५१/५२ | १७७.९१ | ३५.०१ | ३२८.४५ | ५२.६८ | ५०६.३६ | ४५.९६ |
| २०५२/५३ | १९७.७१ | ११.१३ | २३०.६५ | -२९.७८ | ४२८.३६ | -१५.४० |
| २०५३/५४ | १८२.८३ | -७.५३ | ३७६.६७ | ६३.३१ | ५५९.५० | ३०.६१ |
| २०५४/५५ | ३०५.७० | ६७.२० | ३९३.०८ | ४.३६ | ६९८.७८ | २४.८९ |
| २०५५/५६ | ४४६.९९ | ४६.२२ | ५८४.४७ | ४८.६९ | १,०३१.४६ | ४७.६१ |
| २०५६/५७ | ५१३.६२ | १४.९१ | ७५२.६१ | २८.७७ | १,२६६.२३ | २२.७६ |
| २०५७/५८[५] | १,१७९.५७ | १२९.६६ | ३,५४२.०४ | ३७०.६३ | ४,७२१.६१ | २७२.८९ |
| २०५८/५९ | १,०३२.६२ | -१२.४६ | ३,७२१.०१ | ५.०५ | ४,७५३.६३ | ०.६८ |
| २०५९/६० | १,५४५.८० | ४९.७० | ३,८७४.५३ | ४.१३ | ५,४२०.३३ | १४.०३ |
| २०६०/६१ | १,२९६.४१ | -१६.१३ | ४,५६२.३५ | १७.७५ | ५,८५८.७६ | ८.०९ |
| २०६१/६२ | १,०१८.१३ | -२१.४७ | ५,५३५.९९ | २१.३४ | ६,५५४.१२ | ११.८७ |
| २०६२/६३ | १,२०९.९९ | १८.८४ | ८,५४३.६३ | ५४.३३ | ९,७५३.६२ | ४८.८२ |
| *औषत बृद्धिदर* | | *२३.६७* | | *४८.२३* | | *३७.७८* |

*स्रोतः नेपाल राष्ट्र बैंक*

कम विकसित मुलुकहरूमा विप्रेषण आप्रवाहसम्बन्धी सूचना/तथ्याङ्क सङ्कलन गर्ने संयन्त्रको अभाव, कमजोर संयन्त्र तथा अनौपचारिक माध्यमको ठूलो अवस्थिति तथा कमजोर वित्तीय प्रणालीका कारण विप्रेषण आप्रवाहको तथ्याङ्क वास्तविकभन्दा कम हुने गरेको छ (Baruah, 2006)। विदेश गएका नेपालीहरूले पठाउने वा ल्याउने सुन, अन्य गरगहना, विलासिताका वस्तुहरूको आँकडा विप्रेषण गणनामा समावेश गरिएको हुँदैन र ती सामानहरू अनौपचारिक माध्यमबाट भित्रिने हुँदा सो समेत आँकलन गर्ने हो भने नेपालले प्राप्त गर्ने कुल विप्रेषण रकम निकै बढी हुनसक्ने अनुमान गर्न सकिन्छ ।


---

[५] आर्थिक वर्ष २०५७।५८ अघि नेपाल राष्ट्र बैंकले अन्तर्राष्ट्रिय मुद्रा कोषले तयार पारेको शोधनान्तरसम्बन्धी निर्देशिका, ४ (BOP manual 4) अनुसार शोधनान्तर तथ्याङ्क compilation गर्ने गरेकोमा आर्थिक वर्ष २०५७।५८ देखि सो तथ्याङ्क शोधनान्तरसम्बन्धी निर्देशिका, ५ (BOP manual 5) अनुसार compilation गर्न शुरु गरेको हुँदा आर्थिक वर्ष २०५७।५८ अघि र पछिको विप्रेषणसम्बन्धी तथ्याङ्क तुलनायोग्य (comparable) नहुन सक्छ । नयाँ निर्देशिकाअनुसार विप्रेषणको तथ्याङ्कमा 'पेन्सन' शीर्षक समावेश नगरिएको र अनौपचारिक माध्यमबाट भित्रिने विप्रेषण समेतको आंकलन (estimate) गरी सोको समायोजन गरिएको छ ।

### ४.१.२ कुल गार्हस्थ्य उत्पादन र विप्रेषण

आर्थिक वर्ष २०५७।५८ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा विप्रेषणको अनुपात ११.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२।६३ मा यो अनुपात बढेर १६.७ प्रतिशत[६] पुगेको छ । भारतबाट प्राप्त हुने विप्रेषणको हकमा सो अनुपात आर्थिक वर्ष २०५७।५८ को २.९ प्रतिशतबाट घटेर आर्थिक वर्ष २०६२।६३ मा २.१ प्रतिशत पुगेको छ ।

**चार्ट नं. ४.१ कुल गार्हस्थ्य उत्पादनमा विप्रेषणको अंश**




*स्रोतः नेपाल राष्ट्र बैंक*

### ४.१.३ कुल विदेशी मुद्रा आर्जनमा विप्रेषण र निर्यातको योगदान

नेपालको कुल विदेशी मुद्रा आर्जनमा[७] आर्थिक वर्ष २०५७।५८ मा कुल वस्तुनिर्यातको अंश ४४.० प्रतिशत तथा विप्रेषणको अंश २९.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२।६३ मा निर्यात व्यापारको अंश २९.८ प्रतिशतमा झरेको छ भने विप्रेषणको अंशमा उल्लेख्य बृद्धिभई ४६.५ प्रतिशत पुगेको छ[८] । यसरी कुल विप्रेषण रकमको अनुपात बढ्नुका पछाडि यसको रकम आफैंमा वृद्धिहुनुको साथै समुद्रपारी निर्यात गरिने तयारी पोशाक र गलैंचा लगायतका वस्तुहरूबाट प्राप्त विदेशी मुद्राको आय र पर्यटनबाट प्राप्त आय दुवै घट्नु हो ।


---

[६] कुल गार्हस्थ्य उत्पादनको तथ्यांक System of National Accounting (SNA) 1968 अनुसार रहेको छ ।

[७] अनुदान बाहेकको चालु खाता प्राप्तीमात्र समाबेश गरिएको

[८] आर्थिक वर्ष २०५७।५८ तथा २०५८।५९ को निर्यात तथ्यांकमा नेपालले भारतलाई पुनः निर्यात गरेको तेलको रकम समेत राखिएको छ ।


**चार्ट नं. ४.२ कुल विदेशी मुद्रा आर्जनमा कुल विप्रेषण र कुल निर्यातको अंश**




*स्रोत: नेपाल राष्ट्र बैंक*

आर्थिक वर्ष २०५७।५८ मा कुल विदेशी मुद्रा आर्जनमा भारततर्फको कुल वस्तु निर्यातको अनुपात २५.५ प्रतिशत र भारतबाट प्राप्त विप्रेषणको अनुपात ७.४ रहेकोमा आर्थिक वर्ष २०६२।६३ मा क्रमशः १९.९ प्रतिशत र ५.८ प्रतिशत रहन पुगेको छ । प्रत्येक वर्ष नेपालीहरू कामको लागि भारत जानेक्रम वढिरहेको सन्दर्भमा कुल विदेशी मुद्रा आर्जनमा त्यहाँबाट भित्रिने रकमको अनुपात नबढेको देखिनुमा अनौपचारिक माध्यमको प्रयोगबाट विप्रेषण रकम भित्रिनु नै प्रमुख कारण हो ।

**चार्ट नं. ४.३ कुल विदेशी मुद्रा आर्जनमा भारतीय विप्रेषण र भारततर्फको निर्यातको अंश**





नेपालको अर्थतन्त्रमा लगानी र रोजगारीको अवसर सिर्जना गर्न विप्रेषण त्यति प्रभावकारी देखिएको छैन, तैपनि विदेशी मुदा आर्जन गर्नमा भने यसको योगदान उल्लेखनीय रहेको यस तथ्याङ्कले देखाउँछ । विप्रेषणको झण्डै ८० प्रतिशत घर बनाउने, पुरानो घर मर्मत गर्ने, जग्गा जमिन खरिद गर्ने, विलासिताका वस्तुहरू तथा सामाजिक कार्यहरू (विवाह, ब्रतबन्ध) आदिमा खर्च हुने गरेको पाइएको छ । विप्रेषणको करिब २० प्रतिशत जति मात्र उत्पादनशील कार्यहरू, जस्तै– बन्दव्यापार , उद्योग , तरकारी खेती, नगदेवाली खेर्ती, पशुपालन व्यवसाय आदि र बच्चाबच्चीको पठनपाठनमा खर्च गर्ने गरिएको पाइन्छ (सिग्देल, २०६२) । तथापि विप्रेषणले देशको शोधनान्तर स्थिति अनुकूल बनाइ राख्न ठूलो मद्दत पुऱ्याएको छ ।

### ४.१.४ कुल आयात तथा निर्यात र विप्रेषण

आर्थिक वर्ष २०५७।५८ मा कुल निर्यात व्यापारमा नेपालले प्राप्त गरेको विप्रेषणको अनुपात ६७.७ प्रतिशत तथा कुल आयात व्यापारमा ३७.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२।६३ मा सो अनुपात क्रमशः १५५.९ प्रतिशत तथा .५६.४ प्रतिशत रहन गएको छ । यसर्थ विप्रेषणले नेपालको कुल आयातको आधाभन्दा बढी अंशलाई धान्नसक्ने स्थिति रहेको तथा वस्तु निर्यातभन्दा विप्रेषणको परिमाण वढ्दै गएको देखिएकोले नेपालले श्रमशक्तिको आपूर्तिबाट विदेशी मुद्रा आर्जन गर्नसक्ने र वाह्य दायित्व भुक्तानीका लागि प्रमुख श्रोतको रुपमा रहनसक्ने सम्भावना देखिएको छ ।

**चार्ट नं.४.४ कुल आयात तथा निर्यातमा विप्रेषणको अंश**




भारतबाट प्राप्त हुने विप्रेषणको अंश आर्थिक वर्ष २०५७।५८ मा त्यसतर्फको कुल निर्यातमा २९.२ प्रतिशत र त्यसतर्फको आयातमा २१.१ प्रतिशतबाट घटेर आर्थिक वर्ष २०६२।६३ मा क्रमशः २८.९ प्रतिशत र १०.९ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०५७।५८ देखि २०६२।६३ सम्मको अवधिमा नेपालको कुल आयातमा भारतको अंश औषतमा ५६.९ प्रतिशत रहेको सन्दर्भमा यसको भुक्तानीलाई भारतबाट भित्रिने विप्रेषणको रकमले महत्वपुर्ण सहयोग पुऱ्याएको देखिन्छ ।

## ४.२ विप्रेषण कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त फर्म/कम्पनी तथा वित्तीय संस्थाहरू

विनिमय दरको भिन्नता, औपचारिक माध्यमसम्बन्धी ज्ञानको अभाव, बैंकिङ्ग सञ्जालको अपर्याप्तता, बैंकले प्रदान गर्ने सेवाको गुणस्तर जस्ता कारणहरूले गर्दा सम्पूर्ण विप्रेषण औपचारिक माध्यमबाट भित्रिन सकेको छैन । तथापि हालका दिनमा औपचारिक माध्यमबाट आउने विप्रेषण दिन प्रतिदिन वृद्धि हुँदै जानुमा नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त मनिट्रान्सफरको कार्य गर्ने फर्म/कम्पनी/संस्थाहरूको योगदान उल्लेखनीय रहेको छ ।

नेपालमा हाल नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गका वित्तीय संस्थाहरू र 'ग' वर्गको एउटा वित्तीय संस्थाले विप्रेषणसम्बन्धी कार्य गर्दै आएको छ । यसका अतिरिक्त नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र लिई विभिन्न ३५ फर्म/कम्पनीहरूले पनि विप्रेषणसम्बन्धी कार्य गरिरहेका छन् ।

वैदेशिक रोजगारबाट आर्जन गरेको रकमलाई बैंकिङ्ग प्रणालीमार्फत् सहज, भरपर्दो एवं सुरक्षित रूपमा भित्र्याउन नेपाल सरकार र नेपाल राष्ट्र बैंकबाट निम्न नीतिगत व्यवस्थाहरू भएका छन् ।

नेपाल सरकारबाट भएका प्रमुख नीतिगत व्यवस्थाहरू

क) वैदेशिक रोजगारलाई व्यवस्थित एवं भरपर्दो बनाउनको लागि वैदेशिक रोजगार ऐन, २०४२ ल्याइएको ।

ख) इजाजत प्राप्त विभिन्न वैदेशिक रोजगार कम्पनीहरूले वैदेशिक रोजगारमा पठाउनको लागि श्रम तथा रोजगार प्रवर्द्धन विभागबाट पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको ।

ग) वैदेशिक रोजगारमा जानको लागि कम्तिमा मासिक अमेरिकी डलर १२५ पारिश्रमिक हुनुपर्ने व्यवस्था गरिएको ।

घ) वैदेशिक रोजगारमा जानुपूर्व श्रम तथा रोजगार प्रवर्द्धन विभागबाट स्वीकृति प्राप्त संस्थाहरू मार्फत अभिमुखीकरण तालिम अनिवार्य रुपमा लिनुपर्ने व्यवस्था गरिएको ।

नेपाल राष्ट्र बैंकबाट भएका नीतिगत व्यवस्थाहरू

(क) वैदेशिक रोजगारमा जान चाहने व्यक्तिलाई वाणिज्य बैंकबाट प्रवाह हुने रु १ लाखसम्मको कर्जालाई विपन्न वर्गमा जाने कर्जामा गणना गर्ने व्यवस्था गरिएको ।

(ख) नेपालमा कार्यरत् मनिट्रान्सफर कम्पनीहरूले विदेशस्थित मनिट्रान्सफर कम्पनीको नेपालस्थित एजेन्ट भई वा विदेशमा सम्बन्धित देशको कानूनअनुसार कार्यालय/प्रतिनिधि कार्यालय/सम्पर्क कार्यालय खोली inward remittances कार्य गर्न सक्ने ।

(ग) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गका वित्तीय संस्थाहरूले आफै विप्रेषणसम्बन्धी कार्य गर्न सक्ने ।

(घ) नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त 'ख', 'ग' र 'घ' वर्गका वित्तीय संस्थाहरूले यस बैंकबाट स्वीकृति प्राप्त गरी inward remittance को कार्य गर्न सक्ने ।

(ङ) नेपालस्थित मनिट्रान्सफर फर्म/कम्पनी/संस्था स्वयंले विदेशमा आफ्नो कार्यालय/प्रतिनिधि कार्यालय खोली inward remittances कार्य गर्नको लागि एउटा देशको लागि रु ५० लाख र एकभन्दा बढी जतिसुकै देश भएपनि रु १ करोडको बैंक ग्यारेन्टी आवश्यक पर्ने । यस्ता कम्पनीहरूले अन्य विदेशी विप्रेषण कम्पनीको एजेन्ट भई कार्य गर्दा पनि छुट्टै बैंक ग्यारेन्टी आवश्यक नपर्ने ।

(च) विदेशी मनिट्रान्सफर कम्पनीको एजेन्ट मात्र भई कार्य गर्ने नेपालस्थित मनिट्रान्सफर कम्पनीको हकमा एउटा कम्पनीको एजेन्ट भई काम गर्न रु ६ लाख, दुईवटा कम्पनीको एजेन्ट भई कार्य गर्न रु १० लाख, तीनवटा कम्पनीको एजेन्ट भई कार्य गर्न रु १५ लाख र सोभन्दा बढी जतिसुकै कम्पनीको एजेन्ट भई कार्य गर्न रु २० लाखको बैंक ग्यारेन्टी आवश्यक पर्ने ।

(छ) विप्रेषणसम्बन्धी कार्य गर्ने निकायले परिवर्त्य विदेशी मुद्रामा खाता खोल्नसक्ने । यसरी खोलिएका खातामा जम्मा भएको विदेशी मुद्रा जम्मा भएको मितिले बढीमा ७ (सात) दिनसम्म राख्न पाउने ।

(ज) वैदेशिक रोजगारको लागि विदेश पठाउने कार्यमा संलग्न नेपालका manpower कम्पनीहरूले परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न सक्ने ।

(झ) विदेशस्थित कुनै पनि मनिट्रान्सफर कम्पनीको नेपालस्थित एजेन्ट वा प्रतिनिधि भई काम गर्ने इजाजतपत्र प्राप्त निकायलाई आफ्नो principal कम्पनीबाट अग्रिम भुक्तानी प्राप्त गर्ने

प्रयोजनको लागि आवश्यक परेमा अमेरिकी डलर २ लाखसम्मको बैंक ग्यारेन्टी सोझै नेपालका वाणिज्य बैंकहरूले जारी गर्न सक्ने ।

(ञ) निजीक्षेत्रका मनिट्रान्सफर फर्म/कम्पनी/संस्थाहरूलाई प्रचलित खरिद दरको अतिरिक्त प्रतिअमेरिकी डलर ०.१५ पैसाका दरले इजाजत प्राप्त (इ.प्रा.) कमिशन प्रदान गर्ने ।

(ट) वैदेशिक रोजगारमा गएका नेपालीहरूले आर्जन गरेको रकम बैंकिङ्ग प्रणालीमार्फत् नेपाल भित्र्याउने कार्यमा हालसम्म ३५ वटा फर्म/कम्पनी संस्थाहरूलाई इजाजत पत्र प्रदान गरिसकिएको ।

हालका दिनहरूमा कतिपय देशहरूबाट बैंकिङ्ग प्रणालीमार्फत् ठूलो मात्रामा विप्रेषण नेपाल भित्रिनसक्ने अनुमान गरिए तापनि अनुमान गरेअनुरूपको विप्रेषण प्राप्त भइरहेको छैन । यसको मुख्य कारण ती देशहरू मा बसोबास गरिरहेका नेपालीहरूको भिसाको म्याद सकिइ over stay भएर हुनसक्ने अनुमान गरिएको छ (उप्रेती, २०६३) । यस सम्बन्धमा कुटनीतिक तवरबाट केही गर्न सकेको खण्डमा उल्लेखनीय परिमाणको विप्रेषण आप्रवाह हुनसक्ने गुन्जायस देखिन्छ । विगत केही समययता विदेशबाट आर्जन गरी ल्याएको रकम अनुत्पादक क्षेत्रमा खर्च गर्ने प्रवृत्ति देखिएकोले विदेशमा श्रम गरी आउने नेपालीहरूलाई व्यावसायिक क्रियाकलाप सञ्चालन गर्न आवश्यक तालिम, परामर्श, सल्लाह प्रदान गर्न सकेमा अनुत्पादक क्षेत्रमा भइरहेको खर्चलाई समेत उत्पादनशील क्षेत्रतिर आकर्षित गर्न सकिने देखिन्छ ।

उपर्युक्त नीतिगत व्यवस्था मुख्यतः तेश्रो मुलुकहरूबाट प्राप्तहुने विप्रेषणका सम्बन्धमा केन्द्रित छन् तापनि भारतबाट आउने विप्रेषणका लागि खासै उल्लेख्य नीतिगत व्यवस्था अझै हुन सकेको पाईदैन ।

## ४.३ भारतबाट नेपालमा औपचारिक माध्यमबाट विप्रेषण प्राप्त हुने प्रक्रिया

विभिन्न बैंकहरू तथा निजिक्षेत्रमा खुलेका मनि ट्रान्सफर कम्पनीहरूले अन्य मुलुकबाट विप्रेषण रकम पठाउन आ/आफ्नै स्कीमहरू ल्याएका छन् । भारतीय बैंकहरूको संयुक्त लगानीमा खुलेका नेपाल एसविआइ बैंक र एभरेष्ट बैंक लिमिटेडले भारतबाट आउने विप्रेषण रकमको सम्बन्धमा भिन्दै व्यवस्था गरेको भएपनि अन्य बैंकहरूको हकमा भारत तथा अन्य मुलुकबाट ड्राफ्ट (Draft), टेलिग्राफिक ट्रान्सफर, स्वीफ्ट, जस्ता माध्यमबाट रकम आउने गर्दछ । कुनै कुनै बैंकहरूले हाल आएर भारत र नेपालबीच ए टि एम ट्रान्सफर को सुविधा पनि दिन थालेका छन् । यसरी विप्रेषणको रकम विभिन्न माध्यमबाट रकमान्तर हुने गरेपनि यसको प्रकृया भने लगभग सबैको उस्तै हुन्छ । भारतबाट यसरी आउने रकमको प्रकृया साधारणतया निम्न अनुसारको हुने गरेको छ :

व्यापारिक प्रयोजन तथा अन्य सबै वित्तीय कारोवार गर्नका लागि नेपालका बैंकहरूले भारतका विभिन्न बैंकहरूमा आफ्नो नोस्ट्रो (Nostro) खाता खोलेका हुन्छन् । विप्रेषण रकमको कारोवार पनि सोही खातामार्फत हुने गर्दछ । भारतमा काम गर्ने नेपालीले नेपालमा रकम पठाउन चाहेमा सबभन्दा पहिले ग्राहकले त्यहाँको बैंकमा गई नियमानुसारको फारम भर्छ र रकम जम्मा गर्दछ । यसरी रकम जम्मा गर्दा विप्रेषण पठाउने व्यक्तिले नेपालमा रकम प्राप्त गर्ने व्यक्तिको नागरिकता नम्बर सहित निजको बैंकको खाता नम्बर स्पष्ट उल्लेख गर्नुपर्ने व्यवस्था छ । त्यस रकमलाई उक्त बैंकले नेपालको सम्बन्धित बैंकको नोस्ट्रो (Nostro) खातामा जम्मा गरी नेपालको बैंकलाई credit advice पठाउँछ र त्यस रकम बराबरको ड्राफ्ट जारी गरी ग्राहकलाई दिन्छ । यदि स्वीफ्टको माध्यमबाट रकम पठाउने हो भने भारतको उक्त बैंकले ड्राफ्ट जारी गर्नुको सट्टा स्वीफ्ट कोडको प्रयोग गरी स्वीफ्ट मेसेज तयार गर्छ (स्वीफ्टबाट हुने कारोवारलाई बक्स २ मा उल्लेख गरिएको छ) र त्यसलाई forward गर्छ । भारतको बैंकबाट प्राप्त credit advice वा स्विफ्ट मेसेजको आधारमा नेपालको बैंकले सम्बन्धित व्यक्तिलाई रकम भुक्तानी गर्छ । यदि रकम प्राप्तगर्ने व्यक्ति

टाढा भए नेपालको उक्त बैंकले त्यस क्षेत्रको आफ्नो शाखालाई रकम भुक्तानीको लागि फ्याक्सबाट अनुरोध गर्दछ । त्यसैगरि भारतको बैंकले खिचेको ड्राफ्ट यदि नेपालको ग्रामिण क्षेत्रको बैंकमा दाखिला भएमा उक्त शाखाले ड्राफ्टमा उल्लेखित रकम सम्बन्धित व्यक्तिलाई सीधै भुक्तानी गरी केन्द्रीय कार्यालयबाट सोको सोधभर्ना माग गर्ने गर्दछ ।

यसरी रकम पठाएदेखि सम्बन्धित व्यक्तिले प्राप्त गर्नसम्म दुई दिनदेखि १ हप्ता समयावधि लाग्ने गरेको छ । भारतबाट रकम पठाउँदा भा.रु. ५०,००० वा सोभन्दा कम भएमा बैंकमा व्यक्तिगत खाता खोल्नु नपर्ने तर सोभन्दा बढी रकम पठाउनुपरेमा फोटो सहितको परिचयपत्र वा Permanent account number वा त्यस क्षेत्रको वासिन्दा (Proof of residence) को प्रमाणपत्र पेश गरी खाता खोल्नुपर्ने प्रावधान रहेको छ । भारतबाट रकम पठाउँदा लाग्ने शुल्कको सन्दर्भमा ड्राफ्टबाट पठाउँदा प्रति एक हजार भारतीय रुपैंयाको लागि भा.रु.३ देखि भा.रु. ३.५० सम्म वा न्यूनतम भा.रु. ५० देखि भा.रु. १२५ सम्म सेवा शुल्क लिने गरेका छन् । स्विफ्टको माध्यमबाट पैसा पठाउँदा भने शुल्क अझ बढी लाग्ने गरेको छ ।

बक्स २ स्वीफ्ट (SWIFT) मार्फत् हुने कारोवारको प्रकृया

SWIFT को पुरा रुप Society for Worldwide Interbank Financial Telecommunication हो । युरोपका बैंकहरूको सहभागितामा ब्रसेल्समा सन् १९७३ मा स्थापित गैर नाफामुलक यो संगठनले विश्वका विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबीच हुने रकम, सेक्युरिटि, यात्रु चेक, विदेशी मुद्रा कारोवार, अल्पकालीन तथा दीर्घकालिन लगानी, एल. सी. लगायतका सम्पुर्ण वित्तीय कारोवारको सूचनालाई भरपर्दो एवं सजिलो तरिकाले आफ्ना सदस्यहरूबीच आदानप्रदान गर्दछ । हालसम्ममा संसारभरका १९४ देशहरूका ७००० भन्दा बढी वित्तीय संस्थाहरूले स्वीफ्टमार्फत् सूचना प्रवाह गर्ने गर्दछन्[९] । वित्तीय कारोवारमा यसको प्रयोगले टेलिफोन, टेलेक्स, कुरियर जस्ता पहिलेका माध्यमलाई प्रतिस्थापन गर्दैलगेको छ ।

स्वीफ्टमार्फत् विप्रेषण रकम पठाउन सबभन्दा पहिलो विदेशबाट रकम पठाउने व्यक्तिले स्वीफ्ट सुविधा लिएको उक्त देशको बैंकमा सम्पर्क गरी रकम डिपोजिट गर्छ । उक्त बैंकले रकम पठाउनु पर्ने मुलुक तथा त्यसको सम्बन्धित बैंक वा वित्तीय संस्था, रकमान्तर गर्दा लाग्ने शुल्क तिर्ने व्यक्ति जस्ता जानकारीहरू ग्राहकसँग लिएर स्वीफ्टको software मा सूचना तयार गरी स्वीफ्ट कोडमार्फत् त्यसलाई सम्बन्धित देशको सम्बन्धित बैंक वा वित्तीय संस्थामा विद्युतीय ( electronic) माध्यमबाट पठाउँछ र उक्त रकमलाई सम्बन्धित बैंकको नोस्ट्रो खातामा जम्मा गरिदिन्छ । यसरी पठाएको सूचनालाई विप्रेषण प्राप्त गर्ने मुलुकको सम्बन्धित बैंकले बढीमा २४ घण्टाभित्र प्राप्त गर्न सक्दछ । यो सूचनाको आधारमा विप्रेषण पाउने मुलुकको बैंकले ग्राहकबाट नियमानुसारको शुल्क लिई उक्त रकम प्रदान गर्दछ । यदि ग्राहक टाढा भए उक्त ठाउँमा रहेको आफ्नो शाखालाई फ्याक्स गरी रकम दिनको लागि अनुरोध गर्दछ । त्यसको लागि भिन्दै शुल्क तिर्नुपर्ने हुनसक्छ । यसरी सम्बन्धित ग्राहकलाई भुक्तानी दिएको सूचना विप्रेषण पठाउने मुलुकको सम्बन्धित बैंकलाई स्वीफ्टकै कोडमार्फत् जानकारी दिएपछि रकमान्तरको प्रक्रिया सकिन्छ ।

[९] स्रोत : http://searchcio.techtarget.com/sDefinition/0,290660,sid19_gci786981,00.html_

## परिच्छेद ५

# स्थलगत अध्ययनका परिणामहरू

यस परिच्छेदमा नेपाल भारत सीमाका साथै भारतको नयाँ दिल्लीमा गरिएको स्थलगत अध्ययनका परिणामहरूबारे विश्लेषण गरिएको छ ।

## ५.१ नाकाहरूमा गरिएको सर्वेक्षणको परिणाम

### *उत्तरदाताहरूको आर्थिक, सामाजिक एवं अन्य जानकारी*

नाकामा सर्वेक्षण गरिएका कुल १९५ उत्तरदाताहरू नेपालका विभिन्न ५२ जिल्लाका बासिन्दा रहेको पाइयो । जिल्लागत रुपमा सबैभन्दा बढी दाङ, झापा र स्याङ्जाका (प्रत्येकबाट ५.१ प्रतिशत) व्यक्तिहरू कामका लागि भारतका विभिन्न शहरमा जाने गरेको पाइयो भने अन्य जिल्लाहरूमा भने खास एकरुपता देखिएन । लैङ्गिक रुपमा हेर्दा भने अधिकांश पुरुषहरू भेटिए । तर परिवारको साथमा जाने समूहहरूमा भने महिलाहरू पनि रहेको पाइयो । शैक्षिकस्तरको हकमा अधिकांश (३०.८ प्रतिशत) ले साधारण लेखपढ मात्र गर्न जान्ने उल्लेख गरे भने २४.१ प्रतिशतले निम्न माध्यामिक स्तरको शैक्षिक योग्यता प्राप्त गरेको पाइयो ।

अधिकांश कामदारहरूले दैनिक ज्यालादारी (unskilled/semiskilled) कामदारको रुपमा काम गर्ने गरेको र मासिक करिब ३–४ हजार भा.रु. आम्दानी हुने बताए । तीमध्ये धेरै नेपालीहरू लामो समयदेखि भारतमा काम गरिरहेको भेटिए । एकपटक गएपछि १ वर्षभित्रमा वा अझ ६ महिना भित्रमा छोटो समयकालागि नेपाल फर्कने व्यक्तिहरूको संख्या उल्लेख्य पाइयो । त्यस्तै ठूलो संख्यामा भारतीय सेनामा पनि नेपालीहरू काम गरेको पाइयो ।

### *नेपाली कामदाहरू काम गर्ने भारतीय शहर*

यस स्थलगत सर्वेक्षणको प्रमुख उद्देश्य भारतस्थित नेपाली रहने मुख्य मुख्य स्थान पहिचान गर्नु रहेको थियो । यस अनुरुप कुल उत्तरदाताहरूमध्ये सबैभन्दा बढी (२७.७ प्रतिशत) दिल्लीमा, दोस्रो (८.२ प्रतिशत) मुम्बईमा र तेस्रो हिमान्चल प्रदेशमा (७.७ प्रतिशत) नेपाली कामदारहरू रहेको पाइयो । तर कुल उत्तरदाताहरूको ३१.४ प्रतिशत कामदारहरू भारतका विभिन्न शहरहरूमा छरिएर रहेको पाइयो । नाकागत रुपमा हेर्दा महेन्द्रनगर नाकाबाहेक अन्य सबै नाकाहरूबाट दिल्लीमा काम गर्न जाने वा दिल्लीबाट काम गरी फर्केकाहरूको संख्या सबैभन्दा बढी थियो । दिल्ली, मुम्बईका अलावा अन्य शहरहरूमा एकरुपता पाइएन । त्यस्तै जम्मु काश्मिरमा पनि सेनाको रुपमा काम गर्ने नेपालीहरूको संख्या प्रशस्त भेटियो ।

**तालिका ५.१ नेपालीहरू कामगर्ने भारतको मुख्य शहर**

| कामगर्ने भारतीय शहर | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| दिल्ली | ५४ | २७.७ |
| मुम्बई | १६ | ८.२ |
| हिमान्चल | १५ | ७.७ |
| पंजाव | १३ | ६.७ |
| मेघालय | १० | ५.१ |
| उत्तरान्चल | ९ | ४.६ |
| जम्मु काश्मिर | ७ | ३.६ |
| कोलकता | ५ | २.६ |
| सिक्किम | ५ | २.६ |
| अन्य | ६१ | ३१.४ |
| कुल | १९५ | १०० |

*स्रोतः: स्थलगत सर्वेक्षण*

*भारतस्थित नेपाली कामदारहरूको सङ्गठन*

भारतमा खुलेका नेपाली सङ्गठनहरूको सम्बन्धमा प्रश्न गर्दा ४७ जनाले सङ्गठनको जानकारी भएको कुरा बताए । यसको विवरण निम्नानुसार रहेको छ :

**तालिका ५.२ भारतस्थित नेपालीहरूको संगठन**

| स्थान | सङ्गठन |
|---|---|
| दिल्ली | प्रवासी नेपाली संघ, अखिल नेपाल संघ |
| मुम्बई, गुडगाउँ | नेपाली महासंघ |
| पञ्जाव | एकता समाज |
| झारखण्ड, घाटशिला | गोर्खा समिति |
| हरियाना, कनाल | जनमुक्ति मोर्चा |
| राँची | भूतपूर्व गोर्खा सैनिक |
| सिलोङ | नेपाली समाज, प्रवासी नेपाली सङ्गठन, एकता समाज, जनसम्पर्क समिति, मूल प्रवाह नेपाली सङ्गठन |
| गोहाटी | बृहत गोहाटी गौपलान संस्था |

*स्रोतः: स्थलगत सर्वेक्षण*

## ५.२ भारतको नयाँ दिल्लीमा गरिएको स्थलगत सर्वेक्षणको परिणाम

नेपाल भारतको नाकाहरूमा गरिएको पहिलो सर्वेक्षणमा सबैभन्दा बढी (२७.७ प्रतिशत) कामदारहरू भारतको दिल्ली र आसपासको क्षेत्रमा काम गर्ने गरेको जानकारीको आधारमा दोस्रो सर्वेक्षण सोही क्षेत्रमा गरिएको थियो ।


नयाँदिल्ली भारतको राजधानी र मुम्बईपछिको दोस्रो ठूलो शहर हो । करिब १ करोड ३० लाख जनसंख्या रहेको यो शहर भारतको राजनैतिक तथा प्रमुख आर्थिक केन्द्र पनि हो । दिल्लीमा सयौंको संख्यामा उत्पादन तथा सेवासम्बन्धी संस्थाहरू संचालनमा रहेका र त्यहाँबाट ठूलो

परिमाणमा वस्तुहरूको उत्पादन तथा सेवाको आपूर्ति हुने गर्दछ (http://pagebang.com) । भरपर्दो तथ्याङ्कको अभावमा दिल्लीमा काम गरिरहेका नेपाली प्रवासीहरूको संख्या एकीन गर्न कठिन भए पनि विभिन्न अध्ययनको आधारमा २ लाखसम्म नेपाली कामदारहरू त्यहाँ रहेको अनुमान छ (Neupane, 2005) । दिल्लीबाहेक यसका आसपासका शहरहरू (Satellite Cities) जस्तै नोएडा (New Okhla Industrial Development Area/Authority), गाजियावाद, फरिदावाद, गुडगाँवमा ठूलो संख्यामा नेपाली कामदारहरू रहेका छन् । नोएडा भारतको उत्तर प्रदेश राज्यमा पर्ने भएतापनि नयाँ दिल्लीबाट नजिक पर्दछ । नोएडामा धेरै कलकारखानाहरू रहेकाले ठूलो संख्यामा नेपाली कामदारहरू रहेको उक्त अध्ययनले देखाएको छ । त्यसैगरी उत्तर प्रदेशको गाजियावाद तथा हरियाणा राज्यमा पर्ने फरिदावाद र गुडगाँवमा पनि धेरैको संख्यामा नेपाली कामदारहरू रहेका छन् । ती ठाउँहरू दिल्लीको प्रशासकीय सीमाभित्र नपरे पनि दिल्लीको National Capital Region (NCR) अन्तर्गत लिने गरिन्छ (Neupane, 2005)।

**सर्वेक्षणका परिणामहरू**

- नयाँ दिल्ली एवं आसपासका क्षेत्रमा कार्यरत् नेपालीहरूमध्ये सबैभन्दा बढी (१९ प्रतिशत) गुल्मी जिल्लाबाट र त्यसपछि प्यूठान (१८ प्रतिशत), पाल्पा (१४ प्रतिशत), स्याङ्जा (८ प्रतिशत), अर्घाखाँची र वागलुङ्ग जिल्लाका (७ प्रतिशत) रहेको पाइयो । मेचीको झापादेखि सेतीको कैलालीसम्मका गरी कुल १९ जिल्लाका नेपालीहरू कार्यरत् रहेका भेटियो ।

**चार्ट नं.५.१ नयांदिल्लीमा कार्यरत नेपालीहरूका घरजिल्ला**




*स्रोत:: स्थलगत सर्वेक्षण*

- कुल १०६ उत्तरदातामध्ये करिव ९५ प्रतिशत पुरुष र करिव ५ प्रतिशत महिला रहेको ।


- कुल उत्तरदातामध्ये १६ वर्षदेखि ६७ वर्ष उमेर समूहका नेपालीहरू रहेको र औषत उमेर ३२ वर्ष रहेको ।

- करिव ४१ प्रतिशत माध्यमिकतहसम्म अध्ययन गरेका, १९ प्रतिशत प्राथमिक तहका, १७ प्रतिशत निम्नमाध्यमिक, १२ प्रतिशत उच्च माध्यमिक, करिव ७ प्रतिशत प्राविधिक एवम् व्यवहारिक तालिम लिएका नेपालीहरू कार्यरत् रहेको पाइयो भने साधारण लेखपढ गर्न नसक्ने १ प्रतिशत मात्र रहेको पाइयो ।

- प्रश्न सोधिएका नेपालीहरूको नेपालमा घर परिवार संख्या औषतमा ६.५१ रहेको पाइयो ।

- नयाँ दिल्लीमा काम गर्दे आएको नेपालीमध्ये ५९ प्रतिशत दश वर्षभन्दा बढी समयदेखि आएका भेटिए भने ६ महिनादेखि १ वर्षसम्मको अवधिबाट काम गर्न थालेका नेपालीहरूको प्रतिशत सबैभन्दा न्यून अर्थात करिव १ प्रतिशत रहेको पाइयो । त्यसैगरी ६ महिनाभन्दा कम अवधिदेखि काम गर्दै आएका नेपालीहरू ११ प्रतिशत रहेको पाइयो ।

**चार्ट नं.५.२ भारतमा काम गरेको अवधि**





*स्रोतः: स्थलगत सर्वेक्षण*

- करिव ४९ प्रतिशत नेपालीहरू साथीभाईसंग बस्दै आएको पाइयो भने ३२ प्रतिशत परिवारका साथ रहेका तथा १५ प्रतिशत एक्लै बस्दै आएको पाइयो ।

- औषतमा ३.३ को संख्यामा नेपालीहरू एकै ठाउंमा (एउटै वासमा) बसेको पाइयो ।

- पेशागत हिसावमा सबैभन्दा बढी अर्थात् करिव २६/२६ प्रतिशत फ्याक्ट्री कामदार र प्राविधिक काममा, १३ प्रतिशत दैनिक ज्यालाको रुपमा काम गरेको पाइयो भने सुरक्षा गार्ड, घरायसी काम,ड्राइभर, व्यापार क्षेत्र प्रत्येकमा ६/६ प्रतिशत नेपालीहरू कार्यरत् रहेको पाइयो । सेनाका रुपमा काम गर्ने नेपाली फेला परेनन् भने सबैभन्दा कम ४ प्रतिशत सरकारी सेवामा रहेको पाइयो ।

## चार्ट नं.५.३ कामदारको पेशाको प्रकृति





*स्रोतः: स्थलगत सर्वेक्षण*

- वर्षमा एकपटक नेपाल आउने नेपालीहरूको संख्या सवैभन्दा बढी अर्थात् करिव ७१ प्रतिशत रहेको पाइयो भने २३ प्रतिशत जति ६ महिनाभन्दा कम समयको अन्तरालमा पनि नेपाल आउने गरेको पाइयो ।

- मासिक भा.रु.३०००।- देखि ५०००।- सम्म आर्जन गर्नेको संख्या सवैभन्दा बढी अर्थात् ३६ प्रतिशत रहेको पाइयो भने ३४ प्रतिशत नेपालीले मासिक भा.रु. ३०००।- भन्दा कम आम्दानी गर्ने गरेको पाइयो । त्यसैगरी मासिक भा.रु.५०००।- देखि ७०००।- सम्म आम्दानी गर्ने १४ प्रतिशत, भा.रु. ७०००।- देखि १००००।- सम्म आम्दानी गर्ने ९ प्रतिशत तथा भा.रु. १०,०००।- भन्दा बढी आम्दानी गर्ने ६ प्रतिशत नेपालीहरू पाइयो ।


## चार्ट नं. ५.४ मासिक आम्दानी




*स्रोतः: स्थलगत सर्वेक्षण*

- नयाँ दिल्लीमा कार्यरत् नेपालीहरूमध्ये ९७ प्रतिशतले नेपालमा रकम पठाउने गरेको पाइयो ।

**चार्ट न.५.५ विप्रेषण पठाउन थालेको समय**




*स्रोत:: स्थलगत सर्वेक्षण*


- करिव ७६ प्रतिशत नेपालीले साथीभाई मार्फत् नेपालमा रकम पठाउने गरेको पाइयो भने आफैं लिएर आउनेको संख्या समेत उल्लेख्य पाइयो । बैंकमार्फत् भने करिव ३ प्रतिशतले मात्र रकम पठाउने गरेको पाइयो ।

- बैंकमार्फत् रकम नपठाउनुको कारणमा करिव ५४ प्रतिशतले बैंक वारे जानकारी नभएको कुरा बताए भने दोस्रो प्रमुख कारणमा भारतमा नेपालीहरूले बैंक खाता खोल्न परिचय-पत्र नभएको हुँदा विप्रेषण रकम पठाउन नसकेको पाइयो । त्यसैगरी करिव १४ प्रतिशतले बैंकबाट रकम पठाउदा महंगो शुल्क लाग्ने गरेको बताए भने बैंक टाढा रहेको भन्नेहरू १६ प्रतिशत रहेको पाइयो । त्यस्तै नेपालमा आफ्नै गाऊँ-ठाउँमा रकम पुर्‍याउन सम्बन्धित ठाउंहरूमा बैंक नभएको भन्नेहरू करिव ९ प्रतिशत रहेको पाइयो ।

- सात वर्षभन्दा बढी अवधिदेखि नेपालमा विप्रेषण पठाउने नेपालीहरू करिव ५७ प्रतिशत रहेको पाइयो भने एकदेखि सातवर्षसम्मको अवधिबाट विप्रेषण पठाउनेहरू करिव २४ प्रतिशत रहेको पाइयो । त्यसैगरी एकवर्षभन्दा कम अवधिदेखि करिव १७ प्रतिशतले रकम पठाउने गरेको पाइयो ।

- एकपटकमा भा.रु.१०,०००।- देखि १५,०००।- सम्म नेपालमा रकम पठाउनेहरू सवैभन्दा बढी २२ प्रतिशत पाइयो भने भा.रु.३०००।- भन्दा कम रकम पठाउनेहरू १७ प्रतिशत, भा.रु. १५,०००।- देखि २०,०००।- पठाउने १६ प्रतिशत तथा भा.रु. २०,०००।- भन्दा बढी रकम पठाउनेहरू १३ प्रतिशत रहेको पाइयो ।

## चार्ट नं.५.६   एक पटकमा पठाउने रकम





*स्रोतः: स्थलगत सर्वेक्षण*

- एकजना नेपालीले एकवर्षमा औषत भा. रु. २५०१६।- नेपाल पठाउने गरेको पाइयो । कुल उत्तरदाताहरूमध्ये ९ जनाले आफूले पठाउने वार्षिक विप्रेषणबारे बताउन चाहेनन् । साथै २ जना उत्तरदाताहरूले वार्षिक २ लाख र १.५ लाख पठाउने तथ्याङ्कलाई Outliers को रुपमा लिई हिसाब गरी वार्षिक औसत विप्रेषण निकालिएको छ ।

कुल ९५ उत्तरदाताहरूले पठाउने वार्षिक विप्रेषण रकम निम्न चार्टमा देखाइएको छ ।


## चार्ट नं. ५.७ औसत वार्षिक विप्रेषण




*स्रोतः: स्थलगत सर्वेक्षण*

- ६ महिनादेखि १ वर्षको अन्तरालमा रकम पठाउनेहरू सवैभन्दा बढी अर्थात् ४१ प्रतिशत रहेको पाइयो भने ३ देखि ६ महिनाको वीचमा २६ प्रतिशत नेपालीले रकम नेपाल पठाउने गरेको पाइयो । त्यस्तै २ वर्षभन्दा बढी अवधिमा १ प्रतिशतले मात्र विप्रेषण पठाउने गरेको पाइयो ।

**चार्ट नं.५.८ विप्रेषण पठाउने अवधि**




*स्रोतः: स्थलगत सर्वेक्षण*

- १५ प्रतिशत नेपालीहरूको रकम नेपाल पठाउने क्रममा हराएको वा चोरी भएको भेटियो ।

- औपचारिक माध्यमबाट नेपालमा पैसा पठाउन सकिने कुरा थाहा भए-नभएको प्रश्नमा ५३ प्रतिशतले थाहा नभएको उत्तर दिए ।

- आफ्नो आर्जन सवैभन्दा बढी आफैंसंग राख्ने नेपालीहरू ४९ प्रतिशत रहेको पाइयो भने ३७ प्रतिशतले बैंकमा राख्ने गरेको तथा १७ प्रतिशतले साथीभाईलाई राख्न दिने गरेको पाइयो । कतिपयले बैंकमा खाता भएपनि अन्य कारणले गर्दा बैंक मार्फत नेपालमा रकम नपठाउने गरेको कुरा उल्लेख गरे ।

- औपचारिक माध्यमबाट नेपालमा रकम पठाउन सकिने व्यवस्था भए ८९ प्रतिशतले पठाउँछु भने भने ८ प्रतिशतले नपठाउने कुरा गरे ।

- औपचारिक माध्यमबाट एकपटकमा भा.रु. १०,०००।- पठाउँदा कम्तिमा भा.रु. ५०।- देखि बढीमा भा.रु.६००।- सम्म शुल्क तिर्न तयार रहेको पाइयो भने केहीले बैंकको नियमानुसार यथोचित शुल्क तिर्न तयार रहेको उत्तर दिए । औषतमा भा.रु.१४१.५५ तिर्न तयार रहेको देखियो ।

नेपालमा संस्थागतरुपमा विप्रेषण पठाउनका लागि सम्वन्धित निकायले के व्यवस्था गरिदिए हुन्थ्यो भन्ने प्रश्नका सम्वन्धमा निम्नानुसारका प्रमुख सुझावहरू प्राप्त भएका छन् ।

- नेपाली परिचयपत्र (नागरिकता, ड्राइभिङ्ग लाईसेन्स, वा अन्य कुनै मान्य परिचयपत्र) का आधारमा भारतका बैंकहरूमा खाताखोल्ने व्यवस्था हुनु पर्ने ।

- नेपालका दुई ठूला वाणिज्य बैंकहरू (नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक) को शाखा वा संकलन केन्द्र भारतका प्रमुख चार शहरहरूमा र विशेष गरी पहिलो चरणमा नयाँ दिल्लीमा खोली दिनु पर्ने ।

- बैंक वा त्यस्तै औपचारिक माध्यम वा संस्थागत तवरले विप्रेषण पठाउन सकिने कुरा नेपाल भारतसीमाका प्रमुख नाकाहरूमा प्रचार प्रसार गर्नका लागि एउटा केन्द्र खोली दिनु पर्ने ।

- नेपालका गाऊँ-ठाउँ अथवा सदरमुकाममा बैंकमार्फत् रकम प्राप्त हुने व्यवस्था भए राम्रो हुने ।

## सर्वेक्षणबाट प्राप्त नतिजाको विश्लेषण

### १. उत्तरदाताहरूको विशेषता

उत्तरदाताहरूको विश्लेषण गर्दा भारतमा काम गर्ने नेपालीहरू नेपालका विभिन्न भौगोलिक क्षेत्रमा बसोबास गर्ने र विभिन्न उमेर समूहका रहेको पाइयो । तथापि अधिकांश नेपाली कामदारहरू पश्चिमाञ्चल विकास क्षेत्रका तथा आसपासका जिल्लाहरूबाट (प्यूठान, पाल्पा, गुल्मी, स्याङ्जा आदि) काम गर्न गएको पाइयो । यिनीहरूमध्ये ३१ देखि ३५ वर्षका २५ प्रतिशत, २१ देखि २५ वर्षका २० प्रतिशत र ३६ देखि ४० वर्षका १८ प्रतिशत रहेको पाइयो । लैङ्गिक रुपमा हेर्दा १०६ जना उत्तरदाताहरूमध्ये केवल ५ प्रतिशत मात्र महिलाहरू भेटिए । यसरी नयाँ दिल्लीमा काम गर्ने नेपाली कामदारहरूमध्ये पुरुषको संख्या अधिकांश भए तापनि घर परिवार गरी कम्तीमा एक सदस्यसँग बस्नेको अंश ३२ प्रतिशत भएकोले महिलाहरूको संख्या पनि उल्लेख्य रहेको अनुमान गर्न सकिन्छ ।

### २. कुल विप्रेषण परिमाणको अनुमान

केन्द्रीय तथ्याङ्क विभागले गरेको राष्ट्रिय जनगणना २००१ अनुसार लगभग ५,८९,००० नेपालीहरू भारतमा कार्यरत रहेको अनुमान छ । यस सर्वेक्षणअनुसार ९७ प्रतिशत उत्तरदाताले बर्षमा प्रतिव्यक्ति औषत भा.रु. २५,०१६ विप्रेषण रकम नेपालमा पठाउने गरेको तथ्याङ्कलाई आधारमान्दा भारतबाट नेपालमा वार्षिक करिब रु. १४ अर्ब २९ करोड २४ लाख अर्थात् ने.रु. २२ अर्व ८६ करोड ७८ लाख विप्रेषण प्राप्त हुनसक्ने देखिन्छ[१०] । यसरी भारतमा काम गर्ने नेपालीको संख्याको सन्दर्भमा विभिन्न अध्ययनहरूबीच समान मत रहेको छैन । विभिन्न अध्ययनले ५ लाख ८९ हजारदेखि ६० लाखसम्म नेपालीहरू भारतमा काम गरिरहेका हुनसक्ने देखाएको छ (अनुसूची १) । यसरी भारतमा कामगर्ने नेपालीको संख्या एकीन नहुनु तथा भारतको नयाँ दिल्लीमा मात्र सीमित रहेको, नयाँ दिल्लीमा पनि सबै प्रकृतिका कामदारहरू समेट्न नसकिएको र विभिन्न समयावधिमा नभएर एउटा समयमा मात्र गरिएको यस सर्वेक्षण अध्ययनका आधारमा भारतबाट नेपालमा प्राप्त हुनसक्ने विप्रेषणको वास्तविक परिमाण अनुमान गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

[१०] यस अध्ययनको सर्वेक्षण भारतको राजधानी नयाँ दिल्लीमा मात्र सिमित रहेको र तुलनात्मक रूपमा भारतका अन्य शहरहरूभन्दा यो शहर बढी आम्दानी हुने ठाउँ बुझिएकोले सर्वेक्षणबाट प्राप्त प्रतिव्यक्ति औसत विप्रेषणको रकम भारतका अन्य ठाउँबाट प्राप्तहुने रकमभन्दा बढी हुनसक्ने सम्भावना रहेको छ । त्यसैले यसको आधारमा गणना गरिएको कुल विप्रेषण रकमले भारतबाट प्राप्त हुने विप्रेषणको प्रतिनिधित्व नगर्न पनि सक्दछ ।

बक्स ३ भारतबाट प्राप्त हुने औसत विप्रेषण

नयाँ दिल्लीको सर्वेक्षणको क्रममा प्रतिव्यक्ति औसत विप्रेषण भा.रु. २५,०१६ रहेको छ । यसभन्दा अघि गरिएको नेपाल जीवन स्तर निर्वाह सर्वेक्षण २००३/०४ अनुसार भारतबाट वर्षेनी प्राप्त हुने प्रतिव्यक्ति औसत विप्रेषण ने.रु. १८,४१४ छ भने गोविन्द न्यौपानेद्वारा सन् २००५ मा नयाँ दिल्लीमा गरेको सर्वेक्षणअनुसार उक्त रकम भा.रु. ९,९९२ रहेको आङ्कलन गरिएको छ । उक्त रकम यस अध्ययनमा तुलनात्मकरुपमा बढी हुनुमा निम्न कारणहरु हुन सक्तछन् :

१. नयाँ दिल्ली तुलनात्मकरूपमा भारतका अन्य शहरहरुभन्दा बस्नको निम्ति सस्तो छ । नोएडाको हटोलामा ८" × १२" आकारको कोठाको भाडा भा.रु. १,२०० जति पर्दछ । अधिकांश नेपाली प्रवासी कम्तिमा ३-४ जनाको संख्यामा सँगै बस्ने गर्दछन् । त्यसैगरी आफै खाना पकाउँदा भा.रु. १,००० जति लाग्ने र ३-४ जनासँगै बसेमा भा.रु. ७०० पर्याप्त हुने देखिन्छ । यसप्रकार यस फजुल खर्च नगर्ने हो भने भा.रु. १,००० ले मात्र पनि नयाँ दिल्लीमा जीविका धान्न पुग्ने देखिन्छ । यसप्रकार सर्वेक्षणको क्रममा ७० प्रतिशत उत्तरदाताले औसतमा भा.रु. ५,००० भन्दा कम आम्दानी हुने जनाए पनि बचत भएको रकम घरपरिवारमा पठाउने गर्दछन् ।

२. कतिपय कामदारहरुलाई सुलभ दरमा काम गर्ने संस्थाबाट खाने बस्ने व्यवस्था गरिएकोले खाने र बस्ने खर्च कम हुन जान्छ ।

३. करिब ३२ प्रतिशत कामदारहरु घरपरिवारका सदस्यहरुसँग बस्ने भएकाले कुल मासिक आम्दानी बढी हुने भएकोले संयुक्तरुपमा नेपालका आफ्ना अन्य परिवारका सदस्यहरुलाई रकम पठाउन सक्दछन् ।

४. सर्वेक्षणको क्रममा उत्तरदाताहरुको छनौट गर्दा बढी आम्दानी हुने व्यक्तिहरु पर्दा त्यसबाट निस्केको निष्कर्ष biased हुन सक्तछ ।

## ३. औपचारिक माध्यमबाट विप्रेषण भित्रिने सम्भावना

सर्वेक्षणको क्रममा कुल १०६ उत्तरदाताहरूमध्ये केवल तीनजना (२.८३ प्रतिशत) ले मात्र बैंकमार्फत अर्थात् औपचारिक माध्यमबाट रकम पठाउने गरेको पाइयो । दोस्रो जीवनस्तर निर्वाह सर्वेक्षण (NLSS, 2003/04) अनुसार भारतबाट प्राप्त हुने कुल विप्रेषणमध्ये ०.८ प्रतिशत रकम मात्र औपचारिक माध्यमबाट आउने गरेको छ । सर्वेक्षण अनुसार करिब ३ प्रतिशतले मात्र विप्रेषण कारोबार बैंक मार्फत गर्ने गरेको तथा NLSS अनुसार पनि करिब १ प्रतिशत रकम मात्र औपचारिक माध्यमबाट भित्रिने गरेको आधारमा भारतबाट नेपालमा प्राप्त हुने विप्रेषणमा अनौपचारिक माध्यमको बाहुल्यता रहेको कुरा पुष्टि हुनजान्छ । विप्रेषण कारोवार गर्नको लागि भारतमा नेपाली बैंकका शाखा अथवा निजी कम्पनी खोलेमा कुल उत्तरदाताको ८८.६ प्रतिशत व्यक्तिले यी बैंक तथा कम्पनीमार्फत् नेपालमा रकम पठाउने जनाए । तिनीहरूले यस्तो सुविधाको लागि प्रति भा.रु. १०,००० को कारोबारमा औसतमा भा.रु १४१.५५ सम्म शुल्क तिर्न तयार रहेको जानकारी दिएका छन् । यसकारण उपयुक्त व्यवस्था भएको खण्डमा भारतमा रहेका नेपालीहरूबाट औपचारिक माध्यमबाट विप्रेषण प्राप्त हुने प्रसस्त सम्भावना देखिन्छ ।

## ४. औपचारिक माध्यमबारे जानकारीको अभाव

अनौपचारिक माध्यमबाट रकम पठाउनुको प्रमुख कारणमा कुल १०६ जना उत्तरदाताहरूमध्ये ५८ प्रतिशतले औपचारिक माध्यमबारे जानकारी नै नभएको उत्तर दिएका थिए । कुल उत्तरदातामध्ये १३ जना (१३ प्रतिशतभन्दा केही बढी) कामदारले उच्च शिक्षा हासिल गरेकोमा ११ जना ( करिब ११

प्रतिशत) ले अनौपचारिक माध्यमबाट नै विप्रेषण पठाउने जनाएका थिए । यसबाट शिक्षाको स्तर र औपचारिक माध्यमबाट विप्रेषण भित्रिनुमा खास सम्बन्ध देखिंदैन ।

यसमा उल्लेखनीय पक्ष के छ भने कुल ४० जना उत्तरदाताहरूको बैंकमा आफ्नो खाता रहे तापनि तीमध्ये १४ जना (३५ प्रतिशत) ले बैंकमार्फत रकम पठाउन सकिने कुरा आफूलाई जानकारी नै नभएको कुरा व्यक्त गरे । यसप्रकार बैंकबाट हुने विप्रेषणको कारोबारबारे प्रशस्त जानकारीको अभाव रहेको देखिन्छ ।

## ५. औपचारिक माध्यममा देखिएका समस्याहरू

स्वयं तथा साथीभाइमार्फत् रकम ल्याउँदा/पठाउँदा बाटोमा हराउने वा चोरिने, पठाइएको रकममध्ये विप्रेषणप्राप्त गर्नेले पठाएको रकम नपाउने तथा रकम प्राप्त गर्न ढिलाई हुने जस्ता समस्याहरू भोग्नुपरे तापनि औपचारिक माध्यमबाट देखिएका समस्याका कारण अधिकांशले अनौपचारिक माध्यमलाई नै अंगालेको पाइन्छ । औपचारिक माध्यमबाट रकम पठाउन चाहिने कागजी प्रक्रिया झन्झटिलो भएको, शुल्क महङ्गो भएको, पठाउने र प्राप्त गर्ने बैंक टाढा भएको जस्ता कारणले बैंकमार्फत रकम नपठाएर स्वयं अथवा साथीभाइ मार्फत पठाउने गरेको जनाएका थिए । अन्य मुलुकमा अनौपचारिक माध्यमबाट विप्रेषण भित्रिने प्रमुख माध्यम 'हुण्डी' भए तापनि सर्वेक्षणको क्रममा कसैले पनि हुण्डी मार्फत रकम पठाउने गरेको पाइएन ।

## परिच्छेद ६

# विप्रेषणका सम्बन्धमा अन्य मुलुकमा भएका नीतिगत व्यवस्थाहरू

विप्रेषणको परिमाणलाई वृद्धिगर्न र औपचारिक माध्यमबाट भित्र्याउन विभिन्न देशका सरकार तथा सम्बद्ध निकायहरूले विभिन्न नीतिगत व्यवस्थाहरू गरेका छन् । यी मध्ये विप्रेषणको प्रवाहलाई असर गर्ने र औपचारिक माध्यमबाट भित्र्याउन प्रोत्साहन गर्न अपनाइएका प्रमुख नीतिहरू निम्नानुसार रहेका छन् (Global Economic Prospects, 2006):

## ६.१ नीतिगत व्यवस्थाहरू

### ६.१.१ प्रवासीको लागि परिचयपत्रको व्यवस्था

सर्वेक्षणको क्रममा बैंक मार्फत विप्रेषण नपठाउनुको कारणमा करिब १८ प्रतिशत उत्तरदाताले परिचयपत्र नभएर खाता खोल्न वा रकम पठाउन समस्या भएको जनाएका थिए । यस सन्दर्भमा प्रवासीको पहिचान र बैंकिङ्ग सेवामा पहुँचको निम्ति प्रदान गरिने परिचय पत्रले धेरै मुलुकहरूमा औपचारिक माध्यमबाट विप्रेषण भित्र्याउन मद्दत पुगेको छ । उदाहरणको रुपमा मेक्सिकन प्रवासीहरूले विदेशस्थित मेक्सिकन दूतावास (Mexican Consultate) बाट फोटो सहितको परिचयपत्र प्राप्त गर्न सक्छन् । उक्त परिचयपत्र अमेरिकाको बैंकमा खाता खोल्न र कतिपय राज्यहरूमा ड्राइभर लाइसेन्स लिन पनि स्वीकार गरिन्छ । धेरैजसो मुलुकहरूमा बैंकिङ्ग कारोबार गर्दा कानूनीरुपमा documentation गर्नुपर्ने प्रावधान राखिएको हुन्छ । कतिपय विप्रेषण प्राप्त गर्ने मुलुकहरूले स्वदेशमा छिटो छरितो तरिकाले प्रवासीलाई सेवा प्रदान गर्न परिचयपत्र उपलब्ध गराउने, भन्सार पास (clearance) गर्न विशेष सुविधा, सुलभ दरमा हवाइ यात्रा, विदेशी मुद्रामा बैंकमा खाता खोल्न दिने सुविधा आदि (टुयुनिसिया) प्रदान गरेको पाइएको छ (World Bank, 2006) । जर्मनीको Money-Laundering कानूनका अनुसार यूरो १५,००० भन्दा बढी नगदै विप्रेषण पठाउनु परेमा प्रत्येक विप्रेषणकर्ताको सही पहिचान/परिचय पत्र आवश्यक पर्दछ । साथै जर्मनीको केन्द्रीय बैंकलाई युरो १२,५०० भन्दा बढी रकमको सम्पूर्ण कारोबार सम्बन्धित बैंकले जानकारी दिनुपर्ने व्यवस्था रहेको छ । सन् १९९० को मध्यसम्म जर्मनीमा रहेका टर्कीसहरूले जर्मनीमा व्यक्तिगत बैंक खाता नखोलीकन Collective Accounts मार्फत विप्रेषण पठाउने गरे तापनि पछिल्लो समयमा प्रत्येक टर्कीसको व्यक्तिगत खाता हुनुपर्ने कानूनी व्यवस्था गरिएको छ (Koksal et al, 2006) । सन् २००१ को डिसेम्बरदेखि कानूनी वा गैरकानूनी रुपमा अमेरिकामा बसोबास गर्दै आएका प्रवासी मेक्सिकनहरूले अमेरिकास्थित १५ वटा बैंक तथा तिनका शाखामा मेक्सिकन कन्सुलेटबाट जारी गरिएको परिचयपत्रको आधारमा बैंक खाता खोल्न सक्ने व्यवस्था भएको छ । परिणामस्वरुप मेक्सिकन प्रवासीका नातेदारहरूले ATM मार्फत् मेक्सिकोमा थोरै रकमान्तर लागतमा रकम झिक्नसक्ने भएका छन् (Baruah, 2006) ।

### ६.१.२ स्वेदशी बैंकहरूलाई विदेशमा काम गर्न स्वीकृति दिने

भारतको नया दिल्लीमा गरिएको सर्वेक्षणको क्रममा अधिकांश नेपाली कामदारहरूमा नेपाल सरकारको स्वामित्व भएका वाणिज्य बैंकहरूप्रति निकै बढी विश्वास रहेको पाइयो । यो प्रवृत्ति अन्तर्राष्ट्रिय स्तरमा पनि देखिएको र अधिराज्यभर यी बैंकहरूको सञ्जाल भएकोले पनि यसमा प्रवासीको बढी विश्वास देखिएको हो । यी बैंकहरूले शाखा अथवा सम्पर्क कार्यालय स्थापना गरी

विप्रेषणसम्बन्धी काम गरेमा भारतमा कार्यरत नेपाली कामदारले रकम पठाउने विचार व्यक्त गरेका थिए ।

यस सन्दर्भमा  जर्मनीबाट टर्की विप्रेषण पठाउन टर्कीसहरू अधिकांशले जर्मनीमा शाखा रहेको टर्कीको बैंक प्रयोग गर्ने गरेको पाइएको छ । यसको प्रमुख कारणमा यी बैंकहरूले जर्मनीका बैंकको तुलनामा विप्रेषण कारोबार गर्दा निक्कै कम शुल्क लिने गरेको पाइएको छ । टर्कीमा Western Union (WU) कार्यरत रहे तापनि जर्मनीबाट टर्की विप्रेषण भित्र्याउने प्रमुख संस्थाको रुपमा WU अगाडि आउन सकेको छैन । जर्मनीबाट औपचारिकरुपमा टर्की विप्रेषण पठाउने क्रममा टर्कीस बैंकको एकाधिकार (Monopoly) रहेको र जर्मनीमा टर्कीस बैंकका शाखा विस्तार गर्नुमा मूलतः न्यून कारोबार लगातमा विदेशी मुद्रा टर्कीस् भित्र्याउनु प्रमुख रहेका छन् । यसको साथै टर्कीहरूको बाहुल्यता रहेको मुलुकबाट विप्रेषण पठाउन ती सम्बन्धित मुलुकका post office सँग पनि सम्झौता गरिएको छ । जर्मनीमा अवस्थित जर्मनका Saving Bank, Co-operatives बैंकले जर्मनीको कानूनअनुसार टर्कीका बैंकसँग collaboration गर्न स्वतन्त्रता दिइएको छ (Koksal et al, 2005)। त्यसैगरी अर्को एक अध्ययनमा १२ वटा कम विकसित मुलुकहरूमा गरिएको सर्वेक्षणअनुसार अधिकांश अफ्रिकी मुलुकहरू तथा हाइटीमा Money Transfer Organizations (MTO) हरूले प्रमुख रुपमा विप्रेषणको कारोबार गर्ने गरेको, केही अफ्रिकी मुलुक तथा एसियाली मुलुकहरूमा विप्रेषणको कारोबारमा बैंक नै प्रमुख रहेको पाइउको छ (Baruah, 2006)।

धेरै मुलुकहरूले स्वदेशी वित्तीय संस्थाहरूलाई (कुनै मुलुकमा लघु वित्त संस्थाहरू समेत गरी) विदेशमा शाखा खोली प्रवासीलाई सेवा प्रदान गर्न स्वीकृति दिएका छन् । स्वदेशी बैंकहरूले विश्वास (trust) आर्जन गरिसकेका र प्रतिस्पर्धी शुल्कमा सेवा प्रदान गर्ने गरेको पाइएको छ । उदाहरणको निम्ति मोरक्कोको (Morroco) Group Banques Populaires ले कम शुल्क, सरल प्रक्रिया र अन्य वित्तीय सेवाहरू प्रदान गरेर मोरक्कोमा भित्रिने कुल विप्रेषणको ६६ प्रतशित उक्त बैंक मार्फत भित्र्याउन सफल भएको छ (Amin and Treund, 2005) । त्यस्तै विप्रेषणमा विशिष्टता (speciality) हासिल गरेका दुई साना आर्मेनियन बैंकहरू Anelik र Unibank ले ठूलो परिमाणमा युरोपेली मुलुकहरूबाट विप्रेषण भित्र्याउने गरेका छन् । त्यसैगरी बंगलादेशमा सन् २००१ मा औपचारिक माध्यमबाट भित्रिने विप्रेषणमा नाटकीय ढङ्गले वृद्धि हुनुमा बैंकिङ्ग क्षेत्रको सेवामा वृद्धि हुनुलाई पनि लिइएको छ (Siddique, 2004)।

## ६.२ औपचारिक माध्यमबाट विप्रेषण भित्र्याउनको लागि प्रदान गरिने प्रोत्साहन (Incentives)

विश्वका विभिन्न मुलुकहरूमा विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउन विभिन्न नीतिगत व्यवस्थाहरू जस्तै विदेशी मुद्रामा खाता खोल्न दिने र त्यसमा उच्च ब्याजदर प्रदान गर्ने, प्रवासीलाई लक्ष्यित गरेर विभिन्न बण्डहरू निष्काशन गर्ने, स्वदेश आउँदा साथमा ल्याइने वस्तुहरूमा भन्सार छुट लगायतका प्रोत्साहन (Incentives) दिने गरेका छन् । भारतबाट प्राप्त हुने विप्रेषणको सम्बन्धमा यस्ता किसिमका प्रोत्साहन (Incentives) को अभावको कारण पनि लगानीको अवसर नभएको र भारतीय बैंकमा नै रकम राख्ने गरेको गरेको पाइएको छ ।

### ६.२.१ आन्तरिक विप्रेषण (Inward Remittances) को लागि लाग्ने कर

अधिकांश मुलुकहरूले आन्तरिक विप्रेषणको लागि कर लगाउँदैनन् । तथापि वस्तुको रुपमा भित्रिने विप्रेषण (remittance in kind) जस्तै खाद्यपदार्थ, लत्ता कपडा, इलेक्ट्रोनिक सामानहरू, सवारी

साधनमा लाग्ने कर तथा मनिट्रान्सफर अथवा बैंक मार्फत लाग्ने वित्तीय सेवा शुल्कको रुपमा पनि implicit tax लगाएको हुन्छ । उदाहरणको निम्ति भियतनाममा विप्रेषणको निम्ति लगाउँदै आएको ५ प्रतिशत कर हटाउँदा औपचारिक माध्यमबाट भित्रिने विप्रेषणको परिमाणमा उल्लेख्य वृद्धि भएको थियो । यस्ता किसिमका करका छुटले विप्रेषणको मात्रा बढे पनि कर छल्न (tax evasion) प्रोत्साहन मिल्न सक्छ ।

### ६.२.२ स्वदेश फिर्ता तथा आयातित वस्तुहरूसँग सम्बन्धित भ्रमण तथा भन्सार सुविधाहरू

विप्रेषण प्राप्त गर्ने धेरै मुलकहरूले स्वदेश पठाउने तथा आफ्नै साथ लिएर आउने वस्तुहरूमा विशेष सुविधा (preferential treatment) दिने गरेको पाइन्छ । उदाहरणको रुपमा ट्युनिसियामा वर्षको एकपटक T.D. 1,000 सम्मको मूल्य पर्ने वस्तु/सेवा विना कर आयात गर्ने सुविधा दिइएको छ । साथै एउटा गाडी, घरायसी मालसामान र फर्निचरका सामानहरू प्रवासी फर्कने समयमा करमुक्त गरिएका छन् । त्यसैगरी, ग्वाटेमालामा ३ वर्षको एक पटक ५०० यु.एस. डलर बराबरको मालसामानमा कर मुक्त गरिएको छ र पाकिस्तान, टर्की, भियतनाम र अन्य मुलुकहरूले पनि आयातित मालसामानमा विशेष छुट दिने गरेका छन् ।

### ६.२.३ विदेशी विनिमय तथा पूँजी नियन्त्रण (Capital Control) मा खुकुलोपना

विनिमय दरमा एकरूपता (unification) तथा बढीभन्दा बढी बैंक तथा वित्तीय संस्थाहरूलाई विदेशी विनिमय कारोबार गर्न स्वीकृति प्रदान गर्ने नीति धेरै मुलुकहरू मा विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउन र विप्रेषणको परिमाण वृद्धि गर्न सफल भएको देखिएको छ । विप्रेषणबाट प्राप्त रकमलाई विदेशी मुद्रामा खाता खोल्न दिने नीतिले धेरै दक्षिण एसियाली एवं अफ्रिकी मुलुकहरूमा विप्रेषण भित्र्याउन मद्दत पुगेको देखिन्छ (Siddique, 2004) । भारतले सन् १९९१ मा अपनाएको विदेशी विनिमयसम्बन्धी उदारीकरणको नीतिको कारणले केरला राज्यमा अनौपचारिक माध्यमबाट भित्रिने विप्रेषणको मात्रा घटेको विश्वास गरिएको छ र फिलिपिन्समा विदेशी विनिमय नियन्त्रण खुकुलो गरेपछि सोही वर्षमा आन्तरिक विप्रेषण चार गुणाले बढेको थियो (Buencamino et al , 2002) । बङ्गलादेशमा सन् २००२ मा विनिमय दर बजारले नै निर्धारण गर्ने नीति अपनाएपछि अनौपचारिक हुण्डीलाई नियन्त्रण गर्न निकै मद्दत पुगेको थियो (Siddique, 2004) ।

### ६.२.४ स्वदेशी संघसंस्थाहरू (Hometown Associations) लाई सहयोग र Matching Grants

देशको आर्थिक विकासमा टेवा पुऱ्याउन collective remittances को माध्यमबाट स्रोतको परिचालन गर्न सकिन्छ । यसबाट स्वदेशमा लगानीको वातावरण सिर्जना भई सरकार, निजी क्षेत्र र समुदायको साझेदारीरुपमा विकासमा टेवा पुग्न सक्दछ । उदाहरणको रुपमा मेक्सिको र एल सालभाडोरमा (El Salvador) स्थानीय समुदायमा आधारित पूर्वाधार सम्बन्धी साना परियोजनाहरूको निम्ति Fund-matching schemes को ब्यबस्था गरिएको छ । यो स्कीम अन्तर्गत प्रत्येक मेक्सिकन अथवा सालभाडोरियन नागरिकद्वारा स्वदेशको स्थानीय समुदायको सुधारको (जस्तै सडक, नयाँ पुल, वस्ती आदि निर्माण गर्ने) निम्ति खर्च गर्ने एक डलरमा स्थानीय वा संघीय सरकारले दुई डलर प्रदान गर्ने नीतिगत व्यवस्था गरिएको छ (Martinez, 2005) ।

### ६.२.५ ऋण/पेन्सन सुविधा तथा विदेशी (Diasporas) लाई लक्षित गरेर निष्कासित गर्ने बण्ड

यस्तो व्यवस्थाले लगानीको अवसर प्रदान गर्नुका साथै औपचारिक माध्यमबाट रकम भित्र्याउन प्रोत्साहन पुऱ्याउँछ । धेरै मुलुक (जस्तो– बङ्गलादेश, चीन, इरिट्रीया, भारत, इजरायल,

लेबनान, पाकिस्तान, फिलिपिन्स) ले कामदारहरू (diaspora) को निम्ति सफलतापूर्वक बण्ड निष्काशन गरेका छन् । विदेशी मुद्रामा यी बण्डहरूमा लगानी गरे पनि maturity पश्चात् सो रकमको केही हिस्सा स्वदेशमा नै रहन सक्छ । यो सुविधाले भारतमा सन् २००२।२००३ बीच विप्रेषणको मात्रा दोब्बर हुनुमा प्रमुख कारकको रुपमा लिइएको छ । यसै क्रममा बिप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउन गरिएका नीतिगत व्यवस्थाबारे ४० वटा विकासोन्मुख मुलुकका केन्द्रीय बैंकहरूमा गरिएको सर्वेक्षणको आधारमा ३५ प्रतिशत केन्द्रीय बैंकहरूले विभिन्न प्रकारका प्रोत्साहन प्रदान गर्ने गरेको पाइएको छ । यीमध्ये कर माफी (tax break), स्थानीय संस्थाहरूमा गरिने लगानी अथवा डिपोजिटमा बढी व्याजदर प्रदान गर्ने र सस्तो मूल्यमा (preferential prices) जग्गा खरीद गर्ने सुविधा आदि रहेका छन् । उदाहरणस्वरूप विदेशमा कार्यरत कामदारहरूले स्थानीय संस्थामा रकम वचत गर्ने वानीलाई प्रोत्साहन गर्न बंगलादेश, भारत र ट्यूनिशियाले विभिन्न प्रकारका वित्तीय साधनहरू (products) जस्तो डिपोजिट तथा सेभिङ्ग खाता, मुद्रा वजार खाता (money market account) आदि सुविधा प्रदान गरेका छन् (Martinez, 2005) ।

### ६.२.६ कामदारहरू (Diaspora) लाई सघाउन अपनाइएका सक्रिय नीति एवं संस्थागत व्यवस्थाहरू (Institutional Arrangements)

मेक्सिको, फिलिपिन्स जस्ता विप्रेषण भित्र्याउन सफल मुलुकहरूले विदेशमा काम गरिरहेका आफ्ना नागरिकलाई तालिम, सहयोग र उनीहरूको उत्थानको निम्ति संस्थागत व्यवस्था खडा गरेको पाइन्छ । यस्तै प्रकारले प्रवासीहरूलाई लक्षित गरेर विप्रेषण भित्र्याउन र लगानी अभिवृद्धि गर्न विदेश जानु अगाडि जानकारी र orientation प्रदान गर्ने (फिलिपिन्स), भन्सार तथा अन्य सरसुविधाको लागि परिचयपत्र प्रदान गर्ने (कोलम्बिया, ट्युनिसिया), प्रशासनिक तथा कानूनी विवाद सुल्झाउन सहयोग गर्ने (मोरक्को), प्रवासी र निजको परिवारको लागि मेला (fair) र अन्य पुनअभिमुखीकरण (re-orientation) कार्यक्रम सञ्चालन गर्ने (कोलम्बिया, ट्युनिसिया), प्रवासी लगानीकर्ताको लागि सिधा टेलिफोन सम्पर्क (hotline) को व्यवस्था (ट्युनिसिया) र डायस्पोरा ट्रष्ट फण्डको व्यवस्था आदि । कतिपय मुलुकहरू जस्तै बङ्गलादेश, इजिप्ट, इरिट्रिया, पाकिस्तान, फिलिपिन्स र थाइल्याण्ड (सन् १९६० को दशकमा मेक्सिको र टर्की) ले अनिवार्य रुपमा विप्रेषण भित्र्याउनुपर्ने प्रावधान गरे पनि खास सफलता प्राप्त गर्न सकेनन् । साथै प्रवासीसम्बन्धी उपयुक्त नीतिको अभावका कारण पनि अनौपचारिक माध्यमबाट विप्रेषण भित्र्याउन प्रवासीहरूलाई बाध्य तुल्याएको छ ।

विप्रेषण पठाउने विभिन्न माध्यमहरूका आ–आफ्नै फाइदा र बेफाइदाहरू छन् । कतिपय विश्लेषणमा विभिन्न माध्यमहरूको चर्चा गर्दा विप्रेषण पठाउने मुलकको बारेमा मात्र चर्चा गरेको पाइन्छ । तर विप्रेषण पठाउने माध्यमको छनौट गर्ने सन्दर्भमा विप्रेषण पठाउने र प्राप्त गर्ने दुवैतर्फको विभिन्न कारणहरूले निर्धारण गर्ने गर्दछ (जस्तो विप्रेषण पठाउने र प्राप्त गर्ने दुवैतर्फको पहुँच अथवा सो माध्यमबारे जानकारी) ।

## ६.३ केही सार्क मुलुकमा अपनाइएका नीतिहरू

### ६.३.१ बंगलादेश

सन् २००१ मा अमेरिकामा भएको आतङ्कवादी हमलापश्चात् अनौपचारिक माध्यमबाट भित्रिने विप्रेषणलाई नियन्त्रण गर्ने प्रयासका कारण गैरबंगलादेशी नागरिकले पठाउने गरेको विप्रेषणको परिमाणमा उल्लेख्य वृद्धि भएको छ । विप्रेषणले अर्थतन्त्रमा खेल्ने महत्वपूर्ण भूमिकालाई दृष्टिगत

गरी बंगलादेशी सरकार र बंगलादेश बैंकले प्रवासीको विप्रेषणसम्बन्धी सेवालाई सुधार गर्न उच्च प्राथमिकता दिँदै निम्न नीतिगत व्यवस्थाहरू गरेको छ (Afsar, 2007, Aktar, 2007)।

१. बंगलादेशी स्वामित्वमा रहेका नयाँ exchange houses खोल्ने र कामदारहरू रहेको ठाउँ र विप्रेषण प्राप्त गर्ने कामदारहरूसँग पहुँच बढाउने । यसको निम्ति बंगलादेशले कामदारहरू रहने मुलुकहरूमा विप्रेषणसम्बन्धी कारोबार गर्ने बैंक र अन्य मनिट्रान्सफर कम्पनीहरूसँग बंगलादेशी बैंकहरू/मनिट्रान्सफर कम्पनीहरूको सम्पर्क र रकम स्थान्तरण गर्न सहयोग प्रदान गरेको छ । साथै बंगलादेशी हुलाक विभागले अन्य मुलुकहरूको हुलाकसँग सम्झौता गरी कामदारहरूले अन्तर्राष्ट्रिय मनि अर्डर मार्फत रकम पठाउने व्यवस्था गरिएको छ । बंगलादेशी वाणिज्य बैंकहरूले पनि ठूलो संख्यामा बंगलादेशी नागरिकहरू काम गर्ने मुलुकहरू (संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, संयुक्त अरब इमिरेट्स, कतार, सिंगापुर, इटाली आदि) मा आफ्ना शाखा/subsidiaries आदि खोलेर विप्रेषण भित्र्याउने कार्य गरेका छन् ।

२. विप्रेषणसम्बन्धी कारोबार गर्ने संस्थाहरूबीच प्रतिस्पर्धाको वातावरण सिर्जना गरी विप्रेषणमा लाग्ने सेवा शुल्क कम गर्ने प्रयास गरिएको छ । यसको साथै बंगलादेशी सरकार र बेलायती DFID सँगको साझेदारीमा विप्रेषणसम्बन्धी सेवा पुग्न नसकेका ग्रामीण क्षेत्रहरूमा सेवा विस्तार र पहुँच बढाउने र सुलभ र सस्तो दरमा सेवा प्रदान गर्न बैंक तथा विप्रेषण कारोबारमा संलग्न अन्य संस्थाहरूलाई अनुदान सहयोग गर्न 'Remittance and Payments Partnership (RPP)' नामक कार्यक्रम ल्याइएको छ ।

३. औपचारिक माध्यमबाट प्राप्तहुने विप्रेषण रकममा कर पूर्ण रुपले छुट दिने, प्रवासी बंगलादेशीले बंगलादेशमा स्थायी प्रकृतिको अचल सम्पति ( Immovable property) खरिद गर्न The Identification Number (TIN) प्रमाणपत्र पेश गर्नुनपर्ने, बंगलादेशी प्रवासीले व्यापारिक तथा औद्योगिक सेवामा जति रकम पनि लगानी गर्नसक्ने र सो लगानीका सम्बन्धमा श्रोत खुलाउनु नपर्ने, बंगलादेशमा प्रवासीहरूले कृषिमा आधारित उद्योगमा लगानी गर्दा विदेशी मुद्रामा आर्जित व्याजमा कर नलाग्ने तथा सम्पुर्ण बण्डमा कर नलाग्ने व्यवस्था गरिएको छ ।

त्यस्तै, निजी क्षेत्रका केही बैंकहरूले ज्याला मजदूरीबाट भएको कमाई मध्येको सामान्य बचतमा बीमाका स्कीमहरू (Schemes) कार्यान्वयनमा ल्याएका छन् । Microfinance Institution (MFI) investment program अन्तर्गत Bangladesh Rural Advancement Committee (BRAC) ले Micro Enterprises Lending and Assistant Program (MELA) को सुरुवात गरेको छ । MELA अन्तरगत working capital / capital investment का लागि व्यक्तिगत रुपमा ऋण प्रवाह गरिन्छ । प्रवासी वा निजका परिवारले संभाव्य परियोजनाका आधारमा MELA अन्तर्गत सहयोग प्राप्त गर्न आवेदन दिन सक्ने व्यवस्था गरिएको छ । त्यसैगरी, बंगलादेशका ग्रामीण बैंकहरूले विप्रेषणको रकम बढाउन विविध किसिमका सेवाहरू उपलव्ध गराएका छन् : बचत योजना अन्तर्गत बचत रकम ७ बर्षमा दोब्बरहुने, एक लाख टाका निक्षेपमा लाभांस स्वरुप ५ हजार टाका प्रदान गरिने तथा ग्रामीण mutual fund अन्तर्गत प्रति महीना एक हजार टाका जम्मा गर्नेले दश वर्षसम्म जम्मा भएको रकमको दोब्बरभन्दा बढी रकम प्राप्त गर्नसक्ने (Siddique, 2004)।

४. विप्रेषणबाट प्राप्त रकमको बचत र लगानी प्रवर्द्धन गर्न देहाय अनुसारका स्किमहरू (scheme) अगाडि ल्याइएका छन्–

| स्किमका प्रकार | फाइदाहरू |
|---|---|
| (क) Wage Earners' Development Bond (WEDB): कुनै बंगलादेशी प्रवासीले यस टाका denominated bond मा विदेशी मुद्रा बराबरको टाका लगानी गर्न सक्दछन् । | (क) वार्षिक १२ प्रतिशत ब्याजदर प्रदान गरिने र ब्याजमा कर नलाग्ने । बण्ड विदेशी विनिमयमा परिवर्तन गर्न मिल्ने र प्राप्त परिवर्त्य आम्दानी विदेशमा स्थानान्तरण (transferable) गर्न मिल्ने । |
| (ख) Non-resident Investors' Taka Account (NITA): बंगलादेशी प्रवासीले कुनै scheduled bank को dealer शाखामा खाता खोलेपछि स्वदेशको पूँजी बजारको शेयर र सेक्युरिटीमा लगानी गर्न सक्ने । | (ख) नाफा/लाभांश खातामा जम्मा गर्न मिल्ने र कर नलाग्ने । यस खातामा जम्मा भएको रकम विदेशमा स्थानान्तरण गर्नसक्ने । |
| (ग) Balance of Foreign Currency Account (FC): विदेशमा आर्जित रकम बंगलादेशस्थित वाणिज्य बैंकमा विदेशी मुद्रामा खाता खोल्न मिल्ने । | (ग) स्वतन्त्ररुपमा विदेशी मुद्रामा परिवर्तन गर्न सकिने । |
| (घ) Non-resident Foreign Currency Deposit (NFDC): खाता खोल्न सकिने । | (घ) आर्जित ब्याजमा कर नलाग्ने, नवीकरण गर्न मिल्ने, रकम झिक्न लचिलो व्यवस्था, परिवर्त्य र खातावालले अनिश्चित (unlimited) अवधिसम्म राख्न मिल्ने । |

५. बंगलादेश सरकारको प्रवासी कल्याण तथा वैदेशिक रोजगार मन्त्रालय (Ministry of Expatriate Welfare and Overseas Employment) ले अन्तर्राष्ट्रिय बसाई सराईसँग सम्बन्धित विभिन्न विषयमा नीति निर्माण गर्ने गरेको छ । विदेशस्थित बंगलादेश दूतावासले पनि श्रमसम्बन्धी शाखाद्वारा विभिन्न विषयहरूमा सक्रिय भूमिका खेल्ने गरेको छ ।

### ६.३.२ भारत

भारतमा विप्रेषणको आप्रवाह वृद्धि गर्न र औपचारिक माध्यमबाट भित्र्याउने कार्यलाई सहज बनाउन विभिन्न नीतिगत व्यवस्थाहरू गरिएका छन् । बजारमा आधारित विनिमयदर (market based exchange rate), चालू खाताको परिवर्त्यता, विप्रेषणसम्बन्धी सेवालाई विस्तार गर्न र पहुँच बढाउन संस्थागत विकासको निम्ति विभिन्न नीति तर्जुमा गरी जारी गरिएका छन् ।

प्रवासी भारतीयबाट विप्रेषण आकर्षित गर्न बैंकहरूले विभिन्न deposit schemes ल्याएका छन् । गैरआवासीय भारतीयहरू (Non-resident Indians) लाई लक्षित गरेर सन् १९७० फेब्रुअरीमा Non-resident External Rupee Account Scheme ल्याइएको थियो । यसपश्चात् विदेशी मुद्रामा अंकित (denominated) स्किम ल्याइएको थियो ।

भारतमा विगत केही वर्षयता मनिट्रान्सफर सेवा स्किम (Money Transfer Service Scheme, MTSS र Rupee Drawing Arrangements, RDA) को माध्यमबाट विप्रेषण भित्र्याउन स्वीकृति दिइएको छ । भारतमा प्राप्त हुने विप्रेषणको ठूलो परिमाण बैंकमार्फत आउने भएपनि केही समययता MTSS र RDA बाट छिटो र सरल तरिकाले रकम प्राप्त हुने भएकोले यसको लोकप्रियता बढ्दै गएको छ । भारतीय बैंकहरूको भारतमा ठूलो सञ्जाल भएकोले विदेशस्थित भारतीय बैंकहरूले विप्रेषण भित्र्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । सन् २००५ अक्टोबरसम्ममा भारतीय बैंकहरूको शाखा, subsidiaries र सम्पर्क कार्यालय समेत गरी १५० वटा कार्यालयहरू विदेशमा अवस्थित छन् । विप्रेषणसम्बन्धी कारोबार Bank for International Settlement (BIS) को guidelines सँग पनि तादात्म्यता (compliance) गरिएको छ ।

भारतीय प्रवासी तथा उनीहरूले पठाउने विप्रेषणको महत्वलाई दृष्टिगत गरी भारत सरकारले भारतीय प्रवासीसँग सम्बन्धित सम्पूर्ण विषयहरू हेर्न Ministry of Overseas Indian Affairs खडा गरेको छ । उक्त मन्त्रालयले प्रवासीबाट लगानी प्रवर्द्धन गर्ने नीति निर्माण गर्ने कार्यका साथै अन्य आवश्यक कार्य गर्दछ ।

### ६.३.३ श्रीलंका

श्रीलंकाली प्रवासीहरू तथा श्रीलंकाली बैंकहरूले विप्रेषण पठाउन भोग्नुपरेका समस्याहरूको पहिचान गर्न केन्द्रीय बैंक, वाणिज्य बैंकहरू, वैदेशिक रोजगारसम्बन्धी संस्थाहरूको सङ्गठन (Association of Licensed Foreign Employment Agencies, ALFEA) र श्रीलंकाली वैदेशिक रोजगार व्यूरो (Sri Lanka Bureau of Foreign Employment, SLBFE) आदि संस्थाहरूले सन् २००६ मा संयुक्त रुपमा विभिन्न नीतिहरू अगाडि ल्याएका छन् । प्रवासीले भोग्नुपरेको प्रमुख समस्यामा वाणिज्य बैंकहरूले प्रदान गर्ने सुविधाबारे जनचेतनाको अभाव रहेको थियो । तसर्थ केन्द्रीय बैंकको सहयोगमा SLBFE र वैदेशिक रोजगारसम्बन्धी संस्थाहरूले वैदेशिक रोजगारमा जाने श्रीलंकालीहरू, तिनका घरपरिवार र रोजगारीको लागि विदेश जानसक्ने समूहका जनतालाई वाणिज्य बैंकहरूले प्रदान गर्ने सुविधा तथा अन्य विविध विषयहरूमा जानकारी दिने उद्देश्यले चेतनामूलक कार्यक्रमहरू अगाडि ल्याइएका छन् । यसका साथै विप्रेषणको महत्वलाई दृष्टिगत गरी यसलाई औपचारिक माध्यमबाट भित्र्याउन उपयुक्त नीति र कार्यक्रमको तर्जुमा गर्न श्रीलंकाली सरकारले एक उच्चस्तरीय समिति गठन गरेको छ ।

## परिच्छेद ७

# सारांश तथा सुझावहरू

नेपालमा हालका वर्षहरूमा विदेशी मुद्रा आर्जनको पहिलो स्रोतको रुपमा विप्रेषण देखिएकोले यो नेपाली अर्थतन्त्रको बलियो आधारको रुपमा विकसित हुन पुगेको छ । विप्रेषणले नेपालको गरिबी घटाउनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको अवस्थामा विप्रेषणसम्बन्धी वास्तविक तथ्याङ्कबारे थाहा पाउनु, विप्रेषण रकम उत्पादनशील क्षेत्रमा उपयोग गरी स्वदेशमै रोजगारीका अवसरहरू सिर्जना गर्नु तथा अन्ततोगत्वा देशको आर्थिक विकासमा टेवा पुऱ्याउनु लगायतका पक्षहरूमा सम्बद्ध निकायको ध्यान जानु जरुरी देखिन्छ ।

विप्रेषणको वास्तविक परिमाण कति हो भन्ने जानकारी पाउन यसलाई बैंक तथा वित्तीय संस्थाहरू जस्तो औपचारिक माध्यमबाट भित्र्याउनु आवश्यक हुन्छ । नेपालबाट तेस्रो मुलुकमा जानको लागि प्रवेशाज्ञाको आवश्यकता पर्ने गरेको, त्यहाँबाट विप्रेषण भित्र्याउनमा विभिन्न बैंक तथा मनि ट्रान्सफर कम्पनीहरू कार्यरत् रहेको साथै कामदार आफैले केही गरी विदेशी मुद्रा ल्याए पनि नेपाली रुपैयाँमा साट्ने बखत स्रोत खुलाउनुपर्ने आवश्यकता रहेको कारण भारत बाहेकका देशहरूबाट प्राप्त भइरहेको विप्रेषणको तथ्याङ्क वास्तविक परिमाणभन्दा धेरै फरक नहोला । तर भारतबाट आउने विप्रेषणको हकमा त्यहाँ काम गर्न जानको लागि प्रवेशाज्ञाको आवश्यकता नपर्ने, कामका लागि भारत जान ठूलो रकम लगानी गर्नु नपर्ने, नेपाल भारतबीच सामाजिक, भाषिक तथा सांस्कृतिक पक्षहरू पनि मिल्दोजुल्दो भएबाट त्यहाँ रही काम गर्न असहज नहुने, आवश्यकता अनुसार कम समय र थोरै खर्चमा आवतजावत गर्न सकिने आदि कारणहरूले गर्दा भारतमा काम गर्ने नेपालीहरूको संख्या अनुमान गर्ने कार्य चुनौतीपूर्ण रहेको छ । साथै भारतबाट प्राप्त हुने अधिकांश रकम कामदार आफैं वा साथीभाइ मार्फत ल्याउने/पठाउने र सो रकम नेपालमा भित्रेपछि पनि सोझै चलनचल्तीमा ल्याउने प्रवृत्तिका कारण संस्थागत रुपमा विप्रेषणको वास्तविक परिमाण अनुमान गर्न सकिएको छैन ।

भारतको नयाँ दिल्लीमा गरिएको स्थलगत सर्वेक्षणअनुसार त्यहाँ कार्यरत कामदारमध्ये करिब ३ प्रतिशतले मात्र औपचारिक माध्यमबाट विप्रेषण पठाउने र बाँकी ९७ प्रतिशतले अनौपचारिक माध्यम नै प्रयोग गर्ने गरेको देखिन्छ । यसरी अधिकांशले नेपालमा रकम पठाउँदा अनौपचारिक माध्यम प्रयोग गर्नुका पछाडि निम्न कारण देखिएका छन् :

(क) बैंकमार्फत् नेपालमा रकम पठाउन सकिन्छ भन्ने कुराको जानकारी नभएको,

(ख) भारतका बैंकहरूमा खाता खोली ती बैंकमार्फत् रकम पठाउन नियमानुसारको आवश्यक व्यक्तिगत परिचयपत्र नभएको,

(ग) विप्रेषण पठाउनका लागि बैंकबाट लिइने शुल्क महङ्गो भएको,

(घ) नेपालीहरू कार्यरत् रहेको स्थानहरूभन्दा भारतका बैंकहरूको शाखाहरू टाढा भएको,

(ङ) नेपालमा रकम प्राप्त गर्ने व्यक्ति/परिवार बसेको ठाउँबाट बैंकहरू टाढा भएको ।

भारतबाट आउने विप्रेषणलाई कसरी औपचारिक माध्यमबाट भित्र्याउन सकिन्छ भन्ने प्रमुख उद्देश्य राखी यो अध्ययन गरिएको हुँदा माथि उल्लेखि भएअनुसार औपचारिक माध्यमबाट विप्रेषण पठाउनका लागि देखिएका समस्याहरू तथा अन्य देशहरूमा विप्रेषणसम्बन्धी भए/गरेका व्यवस्थाहरूका सम्बन्धमा उपलब्ध जानकारीका आधारमा निम्न सुझावहरू प्रस्ताव गरिएका छन् ।

| समस्या | समाधानका लागि सुझावहरू | कार्यान्वयन गर्ने निकाय/विभाग |
|---|---|---|
| १. बैंकिङ्ग कारोबारबारे पर्याप्त जानकारी नहुनु (lack of awareness) | • औपचारिक माध्यम ( बैंक तथा वित्तीयसंस्था) बाट रकम पठाउँदाका फाइदाहरू (जस्तै चोरी तथा लुटपाट नहुने, भरपर्दो हुने, आफैं धाउनु नपर्ने आदि) तथा यसका विधिबारे नेपाल-भारत सीमाका प्रमुख नाकाहरूमा पर्चा एवं पोस्टर मार्फत तथा भारतस्थित नेपाली कामदारहरूको सङ्गठन तथा त्यहाँबाट नेपाली भाषामा प्रकाशित हुने स्थानीय पत्रपत्रिकामार्फत प्रचार-प्रसार गर्नुपर्ने ।<br>• रेडियो नेपालबाट साप्ताहिक रुपमा प्रसारण हुने "बैंकिङ्ग कार्यक्रम" अन्तर्गत विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउन प्रोत्साहित गर्न सहयोग पुग्ने खालका जानकारीमूलक कार्यक्रम निर्माण गरी प्रसारण गर्नुपर्ने ।<br>• नेपालमा विप्रेषण पठाउने कार्यमा संलग्न भारतका बैंक शाखाहरूले त्यहाँ बैंक खाता खोलेका तथा खोल्न आवेदन गरेका नेपालीलाई त्यस बैंकमार्फत् भइरहेको विप्रेषणको कारोबार र यसमा लाग्ने शुल्क आदिबारे जानकारी दिनका लागि उपयुक्त माध्यम वा संयन्त्रको विकास गर्नुपर्ने । | • नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय एवं शाखा कार्यालय<br>• नेपाल सरकार, परराष्ट्र मन्त्रालय, दिल्ली स्थित नेपाली राजदूतावास<br>• नेपाल सरकार, श्रम विभाग |
| २. नियमानुसारको आवश्यक प्रमाणित परिचयपत्र नहुनु | • भारतमा काम गर्नजाँदा नेपाली नागरिकताको प्रमाणपत्र आफूसँगै लानको लागि पत्रपत्रिका, रेडियो, टिभी आदिमार्फत जानकारी गराउनुपर्ने ।<br>• भारतस्थित नेपाली राजदूतावासले बैकल्पिक रुपमा फोटो सहितको परिचयपत्र बनाई भारतमा रहेका विभिन्न नेपाली संघसंस्थाहरूमार्फत् वितरण गर्नुपर्ने । उपरोक्त परिचयपत्रको आधारमा भारतका बैंकमा नेपालीले खाता खोल्न सक्ने व्यवस्थाका लागि भारत सरकार तथा भारतीय रिजर्भ बैंकसँग अनुरोध गर्नुपर्ने । | • नेपाल राष्ट्र बैंक<br>• परराष्ट्र मन्त्रालय, भारत स्थित नेपाली राजदूतावास |
| ३. कामदारहरूको बैंकमा पहुँच नहुनु | • भारतमा काम गर्ने नेपालीहरूमध्ये धेरैजसो सामान्य पढेलेखेका वा निरक्षर भएकाले भारतका बैंकहरूसम्मको पहुँचका लागि हिच्किच्याउने अवस्था रहेको साथै बैंकका शाखाहरू पनि कामदारहरू कार्यरत स्थानबाट टाढा भएको अवस्था रहेबाट विप्रेषण पठाउनकै लागि भनेर भारतका कुना कुनामा नेपालीहरूले विभिन्न collection center हरू खोल्नसक्ने व्यवस्थाका लागि भारत सरकार तथा रिजर्भ बैंकलाई अनुरोध गर्नुपर्ने ।<br>• भारतबाट आएको विप्रेषण नेपालका गाउँठाउँमै कम समय र कागजी प्रक्रियालाई कम झन्झटिलो हुने गरी उपयुक्त भुक्तानी संजालको व्यवस्था गर्नुपर्ने ।<br>• सस्तो, सजिलो एवं भरपर्दो रुपमा रकमान्तर गर्ने सन्दर्भमा उपलब्ध भएसम्म anywhere banking, ATM आदि जस्ता नयाँ प्रविधि नेपालका गाउँगाउँमा पुऱ्याइनुपर्ने । साथै, पर्याप्त संख्यामा मनिट्रान्सफर एजेन्टहरू नियुक्ती गरी विप्रेषण भुक्तानी प्रक्रियालाई सहज बनाउनु पर्ने । | • नेपाल राष्ट्र बैंक र नेपाल सरकार, परराष्ट्र मन्त्रालय |
| ४. प्रोत्साहनको (Incentive) अभाव | • औपचारिक माध्यमबाट आउने विप्रेषण रकमलाई बैंकमा जम्मा गर्दा त्यसमा दिइने व्याज अन्य डिपोजिटको तुलनामा बढी दिने, त्यसबाट आएको व्याजमा कर तिर्नु नपर्ने लगायत | • नेपाल राष्ट्र बैंक र नेपाल सरकार, अर्थ मन्त्रालय |

| | | |
|---|---|---|
| | अन्य प्रोत्साहन दिईनुपर्ने । | |
| ५. विप्रेषण कारोबार प्रक्रियमा रहेको कमजोरीहरू | • भारतबाट नेपालमा विप्रेषण पठाउन र विप्रेषण कारोबारको हिसाब मिलान गर्न हाल कार्यरत बैंकहरू र तिनका प्रक्रियाबारे विस्तृत अध्ययन गरी विप्रेषण कारोबारलाई सस्तो, सजिलो र कम समय लाग्ने बनाउन विद्यमान प्रक्रियागत सरलीकरण वा अन्य मुलुकहरूमा अपनाइएका (model) हरू मध्ये नेपाली भारतबीच रहेको विशिष्ट अवस्थामा कुन मोडल बढी प्रभावकारी हुने बारे विस्तृत अध्ययन गर्न विभिन्न सरोकारवाला पक्षहरूको संलग्नतामा यथाशिघ्र एउटा कार्यदल गठन गरिनुपर्ने । | • नेपाल राष्ट्र बैंक अन्तरविभागीय कार्यदल (अनुसन्धान विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग, सूचना तथा प्रविधि विभाग) |

## सन्दर्भ सामग्रीहरू


केन्द्रीय तथ्यांक विभाग, नेपाल सरकार, राष्ट्रिय जनगणना २०५८

नेपाल राष्ट्र बैंक, २०६२, "वैदेशिक रोजगार, रेमिटेन्स अर्थतन्त्र र नेपाल", अनुसन्धान विभागले गरेका अध्ययनहरूको संगालो

सिग्देल, बामदेव, २०६२, "रेमिट्यान्स र नेपाली अर्थतन्त्र : एक चर्चा" अरुणोदय, २०६२ वैशाख, नेपाल राष्ट्र बैंक, कर्मचारी संघ ।

Afsar, Rita, 2007. Remittances management in South Asia: Promoting Remittances and Small and Medium Enterprises Links in Bangladesh. Paper presented at the SAARCFINANCE Seminar on " Management of Workers' Remittances in SAARC Countries" on May 9-11, Kathmandu, Nepal.

Akhtar, Rokeya, 2007. Country Paper of Bangladesh presented at the SAARCFINANCE Seminar on " Management of Workers' Remittances in SAARC Countries" on May 9-11, Kathmandu, Nepal.

Asian Development Bank, 2004.Enhancing the efficiency of overseas Filipino workers remittance, Final Report. ADB TA-4185-PHI. Asian Development Bank.

Bank for International Settlement and the World Bank. The General Principles for International Remittance Services. 2007.

Baruah, Nilim. Remittances to Least Developed Countries: Issues, Policies Practices and Enhancing Development Impact. International Organization for Migration. Feb 2006.

Buencamino, Leonides and Gorbunov Sergei, 2002. Informal Money Transfer Systems: Opportunities and Challenges for Development Finance. DESA Discussion Paper No. 26, Economic and Social Affairs, United Nations.

Central Bureau of Statistics, Government of Nepal ,*Nepal Living Standard Survey, 2003/2004,* Vol. 2

Consultative Group to Assist the Poorest (CGAP), 2005. Crafting a Money Transfers Strategy: Guidance for Pro-poor Financial Service Provider, Occasional Paper, No 10, March 2005.

Graner, Elvira and Seddon, David, 2004. Nepal's Remittance Economy: A Decade of Change (1996-97 to 2003-4) in Nepalese Economy: Towards Building a Strong Economic Nation-State edited by Madan Kumar Dahal, Central Department of Economics, Tribhuvan University.

International Monetary Fund, 2003. Are Immigrants' Remittance flows a source of capital for development?, WP 03/189.

International Monetary Fund, 1993. Balance of Payments Manual.

International Monetary Fund, 2006. *Nepal: Selected Issues and Statistical Appendix* WP 06/45, page 12-15

International Organization for Migration, 2005. External migration and remittances: trends, policies, impact and development potential The case of India. Uday Kumar and S.K. Sasikumar in Labor migration in Asia.

Koksal, Elif and Liebing, Thomas, 2005. Principal channels and costs of remittances: the case of Turkey in Migration, Remittances and Development. Maimbo, Samuel Munzelo 2004. The regulation and supervision of informal remittance systems: Emerging oversight strategies. Seminar on current developments in monetary and financial law.

Martinez, Jose de luna, 2005. Workers' remittances to developing countries: A survey with central banks on selected public policy issues. World Bank Policy Research Working Paper 3638, June 2005.

Neupane, Govinda, 2005. Nepalese Migrants in Delhi. Center for Development Studies, Nepal.

OECD 2005. Principal Channels and Costs of Remittances : The Case of Turkey.

Pant, Bhubanesh, 2006. Remittance Inflows to Nepal: Economic Impacts and Policy Options. Economic Review, Occasional Paper 2006, Nepal Rastra Bank.

Rajmal, 2007. Country Paper of India presented at the SAARCFINANCE Seminar on " Management of Workers' Remittances in SAARC Countries" on May 9-11, Kathmandu, Nepal.

Seddon, David*, Migration and Remittances: the case of Nepal,2003,* A report submitted to the World Bank.

Siddique, Tasneem, 2004. "Efficiency of Migrant Workers' Remittance." The Bangladesh case. Prepared for the Asian Development Bank.

Suki, Lenora. (??) Migrant remittances and economic development lecture 11, SIPA U8159, Program on remittances and development center on globalization and sustainable development, The Earth Institute of Columbia University.

The World Bank, 2005. Remittance in the Balance of Payment Framework. International Technical Meeting on Measuring Remittances. Prepared by Jens Reinke and Neil Patterson, International Monetary Fund.

The World Bank, 2006. Global Economic Prospects. Economic Implications of Remittances and Migration.

Thieme, Susan. Financial self-help associations among far west Nepalese labor migrants in Delhi, India. Asia and Pacific Migration Journal 2004.

Varma, Uday Kumar and Sasi Kumar, S.K. (?). External Migration and Remittances: Trends, Policies, Impact and Development Potential: The Case of India.

http://pagebang.com (wikipedia, Delhi).

# अनुसूची


अनुसूची १ विभिन्न अध्ययन अनुसार भारतमा कामगर्ने नेपालीको संख्या

अनुसूची २ विप्रेषणका विविध माध्यमहरू र सो माध्यमसंग सम्बन्धित तुलनात्मक फाइदा एवं बेफाइदाहरू

अनुसूची ३ नेपाल भारत सीमावर्ति नाकामा गरिएको स्थलगत सर्वेक्षणको प्रश्नावली

अनुसूची ४ भारतमा गरिएको स्थलगत सर्वेक्षणको प्रश्नावली

अनुसूची ५ मिति २०६३ माघ ४ गते भएको अन्तरक्रिया कार्यक्रको विवरण

अनुसूची १:

# विभिन्न अध्ययन अनुसार भारतमा कामगर्ने नेपालीको संख्या

| अध्ययन गर्ने संस्था वा व्यक्ति | अध्ययनको शीर्षक, वर्ष | भारतमा काम गर्ने नेपालीहरूको संख्या |
|---|---|---|
| पुनम कौशिक | Illegal migrants, central chronicle, August 4, 2004 | २५ लाख |
| केशव पौडेल | Migration : Boon or Bane, Spotlight, fortnightly, Vol. 22, No. 37, March 28 – April 3, 2003 | २४ लाख |
| डेभिड सेडान | 'Introduction' in Migration, Mobility and Modernization, 2002 | १३ लाख |
| केन्द्रीय तथ्याङ्क विभाग | राष्ट्रिय जनगणना, २००१ | ५,८९,०५० |
| नवराज सुवेदी | गत दुई दशकको नेपालको जनआन्दोलन तथा भारतस्थित नेपालीहरूको अन्तरसम्बन्ध, २००० | ६० लाख |
| जीफन्ट | GEFONT and the Migrant Workers, Article Prepared for AMC Regional Consultation, 16–20, Dec., 1998 | २८ लाख |

स्रोत: (*Neupane, 2005*)

अनुसूची २

# विप्रेषणका विविध माध्यमहरू र सो माध्यमसंग सम्बन्धित तुलनात्मक फाइदा एवं बेफाइदाहरू

## विप्रेषणका विभिन्न माध्यमहरू

| | | सकारात्मक | नकारात्मक | लागत | पहुँच | सेवा |
|---|---|---|---|---|---|---|
| औपचारिक | बैंक | ठूलो रकमान्तरको निम्ति सस्तो हुनसक्ने, ढिलो भए पनि विश्वसनीय, पैसा कहिल्यै नहराउने, धेरै जसो मुलुकहरूमा राम्रो सञ्जाल (network) भएको । | सानो कारोबारको निम्ति महङ्गो हुने, विप्रेषण प्राप्त गर्ने भन्दा पठाउने मुलुकमा बढी पहुँच हुने, पठाउने र प्राप्त गर्नको निम्ति खाता खोल्नु पर्ने (परिचयपत्र minimum balances, maintenance fees), निश्चित समयमा बैंकिङ्ग कारोबार हुने, बैंकको अवस्थिति (शहरी क्षेत्र, धनी वस्तुहरू), ग्राहकहरूको लागि कम ब्याज, हराएको रकम पत्ता लगाउन गाह्रो हुने । | उच्च | मध्यम/न्यून | मध्य |
| | पोष्ट अफिस | अन्य औपचारिक माध्यमभन्दा सस्तो, विश्वभर विस्तृत सञ्जाल भएको | ढिलो, कमसल सेवा तथा तरलताको अभावमा कतिपय विकासशील मुलुकमा रकम प्राप्त गर्न ढिला हुने । | न्यून | उच्च | मध्यम/न्यून |
| | मनिट्रान्सफर संस्थाहरू | छिटो, भरपर्दो र धेरै क्षेत्रहरूमा पहुँच | प्रति कारोबारमा उच्च लागत रहेको, प्रतिकुलविनिमयदर, मुख्य क्षेत्र बाहेक अन्य ठाउँमा उपलब्ध नहुने | उच्च | उच्च | उच्च |
| अनौपचारिक | हुण्डी, ह्वाला अथवा उस्तै प्रकारका सेवाहरू | औपचारिक सेवाभन्दा सामान्यतया कम लागत भएको, भरपर्दो, धेरैजसो अनुकुलविनिमय दर प्राप्त हुने, छिटो ट्रान्सफर हुने, कतिपयले घरदैलोमा समेत सेवा प्रदान गर्ने, उधारोमा समेत रकम प्रदान गर्ने, औपचारिक माध्यम अपर्याप्त भएका ठाउँ वा ग्राहकहरूलाई सेवा प्रदान गर्ने | लागत कतिपय अवस्थामा बढी अथवा औपचारिक माध्यमभन्दा पनि बढी हुने | मध्यम/न्यून | उच्च | उच्च |
| | आफ्नै नातेदार, साथीभाइ | विश्वास, प्रत्यक्ष लागत वा शुल्क बुझाउनु नपर्ने, घरदैलोमा पुग्ने, वित्तीय सेवा नगण्य वा उपलब्ध नभएको क्षेत्रहरूमा प्रयोग हुने | ढिलो, चोरी, दिएको भन्दा कम रकम अथवा रकम नै प्राप्त नहुने सम्भावना | न्यून | उच्च | मध्यम |

स्रोत: Migrant Remittances to Developing Countries, A Scoping Study: Overview and Introduction to Issues for Pro-poor Finanical Services Prepared for Dfid by Cerstin Sander, Bannock Consultancy, June 2003.

## अनुसूची ३

# नेपाल भारत सीमावर्ति नाकामा गरिएको स्थलगत सर्वेक्षणको प्रश्नावली

तपाई किन भारत जाँदैहुनुहुन्छ ?

क) काम गर्न ☐ ख) तीर्थयात्रा ☐ ग) औषधीउपचार ☐ घ) शिक्षा ☐ ङ) अन्य ☐

(माथिको प्रश्नमा *क) काम गर्न* भन्ने उत्तर आएमा मात्र तलका प्रश्नहरू सोध्ने ।)

१. नाम/थर :

२. तपाईको घर कहाँ हो नि ?

जिल्लाः ☐ नपा/गाविस ☐

३. लिङ्ग : पुरुष ☐ महिला ☐

४. तपाईसँग जाने अन्य कोही पनि हुनुहन्छ कि? (भए संख्यामा समेत उल्लेख गर्ने)

क) एक्लै ☐ ख) परिवारका सदस्य ☐ ग) छरछिमेकी ☐ घ) साथीभाइ ☐

ङ) अन्य नातेदार ☐

५. घर परिवार संख्या ☐

६. शिक्षा :

क) साधारण लेखपढ ☐ ख) प्राथमिक ☐ ग) निम्न माध्यामिक ☐

घ) माध्यामिक ☐ ङ) उच्च माध्यामिक वा क्याम्पस स्तर ☐

७. तपाई भारतको कुन शहरमा जाँदै हुनुहुन्छ ?

क) दिल्ली ☐ ख) मुम्बई ☐ ग) कोलकोत्ता ☐ घ) गोरखपुर ☐ ङ) हरिद्वार ☐
च) देहरादुन ☐ छ) पंजाब ☐ ज) दार्जलिंग ☐
झ) अन्य (उल्लेख गर्ने) ☐

८. तपाई माथिको शहरको कुन ठाउँमा जाँदै हुनुहुन्छ ? ☐

९. तपाई कतिऔं पटक भारतमा जाँदै हुनुहुन्छ ?

क) पहिलो ☐ ख) दोस्रो ☐ ग) तेस्रो ☐ घ) तीनभन्दा बढी ☐

१०. तपाई जाने शहरमा काम पाइन्छ भनेर कसरी थाहा पाउनु भयो?

क) घरपरिवार ☐ ख) साथीभाई ☐ ग) नातेदार ☐ घ) अन्य ☐

११. तपाईले भारतमा गएर कस्तो काम गर्ने विचार गर्नुभएको छ ?

क) ज्याला मजदुरी ☐ ख) पाले ☐ ग) फ्याक्ट्री कामदार ☐ घ) सेना ☐
ङ) अन्य ☐

१२.तपाईले भारतमा कस्तो प्रकृतिको काम गर्नुहन्छ ?

क) स्थायी ☐ ख) अस्थायी ☐

१३. एक पटक गएपछि भारतमा कति समयसम्म बस्नुहुन्छ?

क) छ महिना भन्दा कम ☐ ख) छ महिना ☐ ग) छ महिना देखि एक बर्ष सम्म ☐

घ) एक बर्ष भन्दा बढी ☐

१४. भारतमा कमाएको पैसा नेपालमा पठाउनु हुन्छ कि हुँदैन ?

क) पठाउँछु ☐ ख) पठाउँदिन ☐ ग) थाहा छैन ☐

पठाउने भए कसरी पठाउनु हुन्छ ?

क) साथीभाई मार्फत् ☐ ख) आफैं लिएर आउने ☐ ग) साहू महाजनमार्फत ☐
घ) बैंक/मनी ट्रान्सफरमार्फत ☐ ङ) अन्य (उल्लेख गर्ने) ☐

१५. तपाई काम गर्न जाने ठाउँमा नेपालीहरू को कुनै सङ्गठन भएकोबारे तपाईलाई जानकारी छ ?

क) छ ☐ ख) छैन ☐

छ भने,

संगठनको नाम :

ठेगाना :

**अनुसूची ४**

# भारतमा गरिएको स्थलगत सर्वेक्षणको प्रश्नावली

१. भारतमा हाल कार्यरत स्थान :

२. नाम/थर :

३. लिङ्ग : पुरुष ☐ महिला ☐

४. उमेर ☐

५. शिक्षा :

(क) लेख्न पढ्न नसक्ने ☐ (ख) साधारण लेखपढ ☐

(ग) प्राथमिक ☐ (घ) निम्न माध्यमिक ☐

(ङ) माध्यमिक ☐ (च) उच्च माध्यमिक वा क्याम्पस स्तर ☐

(छ) प्राविधिक शिक्षा/तालिम ☐

६. नेपालमा घर कहाँ हो ?

जिल्ला ☐ मनपा/नपा/गाविस ☐

७. घरपरिवार संख्या :

८. तपाईले भारतमा कति समयदेखि काम गर्दै आउनु भएको छ ?

(क) ६ महिनाभन्दा कम ☐ (ख) ६ महिनादेखि १ वर्ष

(ग) १ वर्षदेखि २ वर्ष ☐ (घ) २ वर्षदेखि ४ वर्ष ☐

(ङ) ४ वर्षदेखि ६ वर्ष ☐ (च) ६ वर्षदेखि ८ वर्ष ☐

(छ) ८ वर्षदेखि १० वर्ष ☐ (ज) १० वर्षभन्दा बढी ☐

९. तपाई अहिले को-कोसँग बस्नु हुन्छ ?

(क) एक्लै ☐ (ख) परिवारका सदस्य ☐ (ग) छरछिमेक ☐

(घ) साथीभाइ ☐ (ङ) अन्य नातेदार ☐

१०. तपाई कतिजनासँग सँगै बस्नु हुन्छ ?

११. तपाई यहाँ कस्तो/के मा काम गर्नु हुन्छ ?

(क) दैनिक ज्याला मजदुरी ☐ (ख) सुरक्षा गार्ड ☐

(ग) कारखाना मजदुर ☐ (घ) घरायसी काम ☐

(ङ) ड्राइभर/खलासी ☐ (च) सेना ☐

(छ) सरकारी काम ☐ (ज) व्यापार ☐

(झ) प्राविधिक काम ☐ (ञ) अन्य ☐

१२. तपाईले गर्ने कार्य कस्तो प्रकृतिको छ नि ? (एक वर्षभन्दा बढी अवधि कार्य गर्ने स्थायी)

(क) स्थायी ☐ (ख) अस्थायी ☐

१३. कति समयको अन्तरालमा नेपाल जाने गर्नुहुन्छ ?

(क) ६ महिनाभन्दा कम ☐ (ख) वर्षको एक पटक ☐

(ग) २ देखि ५ वर्षमा एकपटक ☐

१४. तपाईको मासिक आम्दानी कति होला ? (भा.रु.मा)

(क) ३००० भन्दा कम ☐ (ख) ३०००-५००० ☐

(ग) ५०००-७००० ☐ (घ) ७०००-१०००० ☐

(ङ) १०००० भन्दा बढी ☐

१५. तपाई घरमा पैसा पठाउनु हुन्छ ?

पठाउँछु ☐ पठाउँदिन ☐

१६. कमाएको पैसा नेपालमा कसरी पठाउनु हुन्छ ?

(क) साथीभाइ मार्फत ☐ (ख) नातेदार मार्फत ☐

(ग) आफैं लिएर जाने ☐ (घ) साहुमहाजन हुण्डिमार्फत ☐

(ङ बैंक मार्फत ☐

(च) अन्य (उल्लेख गर्ने) ☐

१६.१ उत्तर ङ भएमा, यसरी पठाउँदा कति शुल्क लाग्छ ? ☐

१६.२ अन्य उत्तर भएमा, बैंक मार्फत रकम नपठाउनुको मुख्य कारण के हो ?

(क) थाहा नभएर ☐ (ख) साथीभाइले भनेर ☐

(ग) महङ्गो भएर ☐ (घ) बैंक टाढा भएर ☐

(ङ) नेपालमा पैसा पाउने व्यक्ति बैंकबाट टाढा भएर ☐

(च) परिचय पत्र नभएर ☐

(छ) अन्य उल्लेख गर्ने ☐

१७. कमाएको पैसा नेपालमा पठाउन थाल्नु भएको कति समय भयो ?

(क) एक वर्षभन्दा कम ☐ (ख) १–२ वर्ष ☐ (ग) २–३ वर्ष ☐

(घ) ३–५ वर्ष ☐ (ङ) ५–७ वर्ष ☐ (च) ७ वर्षभन्दा बढी ☐

१८. एक पटकमा कति रकम पठाउनु हुन्छ ? (भा.रु.मा)

(क) ३ हजारभन्दा कम ☐ (ख) ३–५ हजार ☐ (ग) ५–७ हजार ☐

(घ) ७–१० हजार ☐ (ङ) १०–१५ हजार ☐ (च) १५–२० हजार ☐

(छ) २० हजारभन्दा बढी ☐

१९. कति समयको अन्तरमा रकम पठाउनु हुन्छ ?

(क) ३ महिनामा एक पटक ☐ (ख) ३-६ महिना ☐ (ग) ६ महिना देखि १ वर्ष ☐

(घ) वर्षमा एक पटक ☐ (ङ) २ वर्षमा एकपटक ☐ (च) २ वर्षभन्दा बढी ☐

२०. एक वर्षमा कति जति रकम पठाउनु हुन्छ ? ☐

२१. नेपालमा रकम पठाउँदा हराएको पनि छ ? छ ☐ छैन ☐

यदि छ भने कति पटक ? ☐ कति रकम हरायो ? ☐

२१.१ यदि छ भने कसरी हरायो ?

(क) चोरी ☐ (ख) थाहा भएन ☐

२२. बैंक वा अन्य औपचारिक माध्यमबाट पनि रकम पठाउन सकिन्छ भन्ने कुरा तपाईंलाई थाहा छ कि छैन ?

(क) थाहा छ ☐ (ख) थाहा छैन ☐

२३. कमाएको पैसा कसरी सुरक्षा गर्नु हुन्छ ?

(क) आफ्नै साथमा राख्ने ☐ (ख) बैंकमा राख्ने ☐

(ग) सहकारी संस्था राख्ने ☐ (घ) साहु महाजनकोमा राख्ने ☐

(ङ) साथीभाइकोमा राख्न दिने ☐ (च) लगानी गर्ने ☐

(ङ) अन्य (उल्लेख गर्ने) ☐

२४. तपाईको परिवार बसेकै गाउँ ठाउँमा वा जिल्ला सदरमुकाममा बैंक वा मनिट्रान्सफर मार्फत् पैसा पठाउने व्यवस्था भएमा यस्ता बैंक वा मनिट्रान्सफर मार्फत् पैसा पठाउनु हुन्छ या हुँदैन ?

(क) पठाउँछु ☐ (ख) पठाउँदिन ☐ (ग) थाहा छैन ☐

२५. यसरी पठाउने व्यवस्था भएमा भा.रु. १०,००० पठाउँदा कतिसम्म शुल्क तिर्न तयार हुनुहुन्छ ? ☐

२५. तपाईंले कमाएको पैसा सुरक्षित तरिकाले नेपालमा पठाउन सम्बन्धित निकायहरूले के व्यवस्था गरिदिए हुन्थ्यो जस्तो लाग्छ ?

..........................................................................................................

## अनुसूची ५

# विप्रेषण, कुल गार्हस्थ्य उत्पादन तथा आयात निर्यातको वार्षिक तथ्यांक

(रु दश लाखमा)

| आर्थिक बर्ष | विप्रेषण रकम | | | कुल गार्हस्थ्य उत्पादन | भारततर्फको निर्यात | भारततर्फको आयात | अन्य देशको निर्यात | अन्य देशको आयात |
|---|---|---|---|---|---|---|---|---|
| | भारत | अन्य मुलुक | जम्मा | | | | | |
| २०४७/४८ | ९६८.७ | ११५९.६ | २१२८ | १२०३७० | १५६८ | ७३५२.३ | ५८३५.३ | १५९०३.४ |
| २०४८/४९ | १३५५ | ९६१.५ | २३१७ | १४९४८७ | १४६९.१ | ११२९२.५ | १२२५६.५ | २०६९४.५ |
| २०४८/५० | १५८५ | १४०९ | २९९४ | १७१४७४ | १६४१.६ | १२५९६.४ | १५६४४.८ | २६६६३.५ |
| २०५०/५१ | १३१८ | २१५१.३ | ३४६९ | १९९२७२ | २४३१.५ | १७०९३.३ | १६८८४.५ | ३४५३५.४ |
| २०५१/५२ | १७७९ | ३२८४.५ | ५०६४ | २१९१७५ | ३१६५.४ | १९६७६.८ | १४५१४.९ | ४४०६३.६ |
| २०५२/५३ | १९७७ | २३०६.५ | ४२८४ | २४८९१३ | ३७१४.२ | २४५१४.९ | १६११८.५ | ५००५५.९ |
| २०५३/५४ | १८२८ | ३७६६.७ | ५५९५ | २८०५१३ | ५२५२.८ | २४९६१.८ | १७४१०.३ | ६८७००.१ |
| २०५४/५५ | ३०५७ | ३९३०.८ | ६९८८ | ३००८४५ | ८८२१.१ | २७४८२.८ | १८७१९.१ | ६१६७१ |
| २०५५/५६ | ४४७० | ५८४४.७ | १०३१५ | ३४२०३६ | १२५४७.१ | ३२२८९.४ | २३१४५.६ | ५५४०५.६ |
| २०५६/५७ | ५१३६ | ७५२६.१ | १२६६२ | ३७९४८८ | २१२४२.७ | ३९७७९.६ | २८६०२ | ६८८४४.८ |
| २०५७/५८ | ११७९६ | ३५४२०.४ | ४७२१६ | ४११२७५ | ४०४०३.० | ५५८७७.६ | २९३८५.५ | ७०३६०.४ |
| २०५८/५९ | १०३२६ | ३७२१०.१ | ४७५३६ | ४२२८०७ | ३९०३५.६ | ५७६४१.७ | १८९४७.९ | ५३७००.३ |
| २०५९/६० | १५४५८ | ३८७४५.३ | ५४२०३ | ४५६६७५ | २७३३०.६ | ७१६१४.४ | २३४३०.१ | ४९४३८.६ |
| २०६०/६१ | १२९६४ | ४५६२३.५ | ५८५८८ | ४९६७४५ | ३१७१२.० | ७९७४३.६ | २३५१६.३ | ५३१६६.३ |
| २०६१/६२ | १०१८१ | ५५३५९.९ | ६५५४१ | ५३३५३८ | ३९६६६.२ | ९०१३३.६ | २०२८९.९ | ५५५८४.६ |
| २०६२/६३ | १२१०० | ८५४३६.३ | ९७५३६ | ५८२९४८ | ४१८१६.८ | ११०८१८ | २०७५२.७ | ६२०७३.४ |

स्रोतः नेपाल राष्ट्र बैंक

अनुसूची ६

# मिति २०६३ माघ ४ गते भएको अन्तरक्रिया कार्यक्रको विवरण

भारतबाट नेपाललाई प्राप्त हुने विप्रेषणसम्बन्धी सम्बन्धित सरोकारवाला वाणिज्य बैंकहरूको प्रतिनिधिहरू, मनिट्रान्सफरका प्रतिनिधिहरू, नेपाल सरकार, परराष्ट्र मन्त्रालयका प्रतिनिति तथा नेपाल राष्ट्र बैंकका सम्बन्धित अधिकृतहरूको सहभागीतामा मिति २०६३ माघ ४ मा अनुसन्धान विभागका कार्यकारी निर्देशक श्री रामप्रसाद अधिकारीज्यूको कार्यकक्षमा सम्पन्न भयो। उक्त कार्यक्रमको प्रमुख उद्देश्य अध्ययनको सिलसिलामा भारतस्थित शहरहरूमा गरिने स्थलगत सर्वेक्षणबाट जानकारी एवं सोसँग सम्बनिधत सरोकारवालाहरूबाट सुझाव लिनुरहेको थियो। उक्त कार्यक्रममा यस विभागका कार्यकारी निर्देशक श्री रामप्रसाद अधिकारीज्यूले अध्ययनको भूमिका एवं महत्वबारे प्रकाश पार्नुभएको थियो। उहाँले यस अध्ययनले भारतबाट अनौपचारिक रुपमा नेपाली कामदारहरूले पठाउने गरेको विप्रेषणलाई औपचारिक रुपमा भित्र्याउन देखिएका प्रमुख समस्याहरूको पहिचानका साथै यसबाट भारतबाट औपचारिक रुपमा रकम भित्र्याउन आवश्यक सहयोगको लागि भारतलाई अनुरोध गर्न थप आधार मिल्ने कुरा अभिव्यक्त गर्नुभयो। साथै उहाँले वाणिज्य बैंकहरूले पनि विप्रेषणलाई बैंकमार्फत भित्र्याउन थप प्रयास एवं सुविधा प्रदान गर्नुपर्ने कुरा उल्लेख गर्नुभयो।

कार्यक्रममा बोल्दै यस विभागका निर्देशक एवं कार्यदलका संयोजक श्री त्रिलोचन पंगेनीज्यूद्वारा अध्ययनको पृष्ठभूमि एवं प्रमुख उद्देश्यमा प्रकाश पार्नुभयो। उहाँले भारतमा गरिने स्थलगत अध्ययनको औचित्यका साथै उक्त सर्वेक्षण कार्यलाई सहज र सफलतापूर्वक सम्पन्न गर्न भारतस्थित नेपाली कामदारहरूको सङ्गठन, बढी नेपालीहरू बसोबास गर्ने क्षेत्रहरूको पहिचान एवं अध्ययन विधिबारे अन्तरक्रिया कार्यक्रम बढी फदायी हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा यस बैंकका प्रेस सल्लाहकार श्री अच्युतप्रसाद वाग्लेद्वारा यस अध्ययनलाई तीनवटा चरणको रुपमा हेरिने पर्ने कुरामा जोड दिनुभयो। उहाँले प्रथम चरणमा स्थलगत सर्वेक्षणलाई कसरी बढी प्रभावकारी बनाउन सकिन्छ र अध्ययनलाई बढी उपयोगी बनाउन सकिन्छ भन्ने कुरा, दोस्रो चरणमा अध्ययनका निष्कर्षहरूको आधारमा भारतस्थि Reserve Bank of India लाई मनिट्रान्सफरहरूलाई खोल्न अनुमति दिने कुरा अनुरोध गर्ने र तेस्रो चरणमा सरकारी र कुटनैतिक स्तरमा यस कुरामा पहल गरिनु पर्ने कुरा उल्लेख गर्नुभयो।

कार्यक्रममा नेपाल सरकार, परराष्ट्र मन्त्रालयका उपसचिव श्री उमाकान्त पराजुलीद्वारा भारतबाट औपचारिक रुपमा भित्र्याउन सम्बन्धित स्थानीय संस्थाहरूमार्फत् नेपाल-भारत सीमावर्ति क्षेत्र/नाकाहरू र भारतस्थित बढी नेपाली बसोबास गर्ने क्षेत्रहरूमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू ल्याउनु पर्ने कुरामा जोड दिनुभयो। साथै यस अध्ययनको सिलसिलामा तथा यससँग सम्बन्धित पक्षहरूमा नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सक्रिय सहयोग रहने प्रतिवद्धता गर्नुभयो।

कार्यक्रममा MTO का प्रतिनिधिहरूले नेपाल विप्रेषण संघमार्फत् र विभिन्न MTO हरूले आफ्नै प्रयासमा भारतमा WTO खोल्न अनुमति दिनको लागि अनुरोध गरेको जानकारी दिनुभयो। उहाँहरूले झन्झटिलो प्रक्रिया, बैंकहरूमा परिचयपत्र पेश गर्नुपर्ने कारणले गर्दा बैंकिङ्ग च्यानलमार्फत विप्रेषण थोरै मात्रामा मात्र भित्रिने गरेको कुरा बताए। साथै भारता मनिट्रान्सफर खोल्न अनुमति दिएको खण्डमा उल्लेख्य रुपमा औपचारिक रुपमा विप्रेषण भित्रिने कुरा बताए।

यसैगरी वाणिज्य बैंकका प्रतिनिधिहरूले भारतका विभिन्न शहरहरूमा विभिन्न समूहहरूमा नेपालीहरू छरिएर रहेकाले र शुल्क पनि बढी भएको कारणले बैंकिङ्ग च्यानलमार्फत् विप्रेषण भित्र्याउन कठिनाइ उत्पन्न भएको गरे ।

तथापि Everest Bank का प्रतिनिधले दिल्लीमा पनि नेपालको प्रतिनिधि संस्था रहेको र Real Time Gross Settlement (RTGS) मार्फत् पनि रकम भित्र्याउन प्रयास भइरहेको र सो सञ्चालन हुन सकेमा On line मार्फत विप्रेषण बढ्ने कुरा व्यक्त गर्नुभयो ।

# अनुसूची ७

# विप्रेषणसम्बन्धी सरोकारवालाहरू

**विप्रेषण पठाउने मुलुकको सरोकारवाला (Stakeholders)**

निजी क्षेत्र

- साना प्रवासीद्वारा सञ्चालित व्यापार (किराना पसलहरू, औषधि पसल, रेष्टुराँ आदि)
- मध्यम स्तरका प्याकेज कम्पनीहरू
- ठूला बहुराष्ट्रिय मनी ट्रान्सफर कम्पनी
- ठूला बहुराष्ट्रिय वित्तीय संस्थाहरू

व्यक्तिहरू

- विप्रेषण पठाउने व्यक्ति
- विप्रेषण पठाउने घरपरिवार
- विप्रेषण पठाउने समुदाय (community)

सरकारी निकाय

- राष्ट्रिय तथा अर्धराष्ट्रिय सरकार (sub-national governments)
- केन्द्रीय बैंक
- अन्य नियमन/सुपरिवेक्षणकर्ता (Anti-money laundering, financial supervision)
- उपभोक्ता संरक्षणसम्बन्धी संस्थाहरू

नागरिक समाज

- निजी संस्था/कोष
- प्रवासीसँग सम्बन्धित संस्थाहरू
- अन्य सम्बन्धित स्थानीय संस्थाहरू

**विप्रेषण प्राप्त गर्ने मुलुकका सरोकारवाला (Stakeholders)**

निजी क्षेत्र

- विदेशी विनिमयसम्बन्धी संस्थाहरू (Foreign exchange houses)
- प्याकेज र डेलिभरी सेवा (Package and delivery services)
- मनिट्रान्सफर कम्पनी
- लघुवित्त संस्थाहरू
- ठूला बैंक तथा वित्तीय संस्थाहरू
- खुद्रा व्यापारीहरू

व्यक्तिहरू

- विप्रेषण प्राप्त गर्ने
- विप्रेषण प्राप्त गर्ने घरपरिवार
- प्रवासीको घरपरिवारको समुदाय
- साहूमहाजन (money lenders) र अन्य व्यक्ति मध्यस्थकर्ता (intermediaries)

सरकारी क्षेत्र

- राष्ट्रिय र अर्धराष्ट्रिय सरकारी निकाय
- केन्द्रीय बैंक
- अन्य नियमनकारी र सुपरिवेक्षणकर्ता
- उपभोक्ता संरक्षण संस्थाहरू

**विप्रेषण पठाउने तथा प्राप्त गर्नेको Profile आर्थिक अवस्था/जीवनस्तर**

| विप्रेषण पठाउने | विप्रेषण प्राप्त गर्ने |
|---|---|
| • रोजगारीको क्षेत्र | • कामदारको आपूर्ति |
| • काम गर्ने समय/वातावरण | • आम्दानीको वितरण (Change in income, sector distribution) |
| • Documentation, authorization | • कुल आम्दानीको प्रतिशत |
| • देशको आर्थिक अवस्थाको आंकलन | • निम्न, मध्यम र मध्यम स्तरको आम्दानीबाट स्तर वृद्धि |
| • Integration/discrimination र सुरक्षा | • स्वरोजगारी/entrepreneurship |

स्रोत: Migrant remittances and economic development lecture 11, SIPA U8159, Lenora Suki, Program on remittances and development center on globalization and sustainable development, The Earth Institute of Columbia University.